



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ०१-४२६११७९

एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)



» आइतबार, चैत ४, २०७४ » Sunday, March 18, 2018 » www.newsofnepal.com » नेसं ११३८ चौलाथ्व १ » वर्ष २४, अंक ६७ » पृष्ठ १२ » मूल्य रू १०/–





# गुट उपगुटमा रूमलिँदै कांग्रेस

रामकृष्ण चापागाईं, काठमाडौं

हालै सम्पन्न स्थानीय, प्रादेशिक र संघीय निर्वाचनमा नसोचेको हार बेहोरेसँगै कमजोर बनेको नेपाली कांग्रेस पार्टी संगठन र नेतृत्व सुदृढीकरणको नाममा फेरि आन्तरिक गुट उपगुटमा विभाजनतर्फ उन्मुख भएको छ।

नेतृत्व तहमा रहेका प्रभावशाली नेताहरू मात्र हैन पार्टीभित्रको सशक्त भ्रातृ तथा शुभेच्छुक संघसंस्थासमेत गुट उपगुटमा विभाजित भएकै कारण कांग्रेसको सम्पूर्ण सांगठनिक संरचना कमजोर हुँदै गएको छ।

कांग्रेसभित्र संस्थापन पक्षका रूपमा सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला गुट क्रियाशील छन्। सशक्त भ्रातृ संगठन नेपाल तरुण दल, नेपाल महिला संघ तथा नेपाल विद्यार्थी संघमा पनि यही गुटको क्रियाशीलता रहेको छ।

साथै, कांग्रेसभित्र महामन्त्री डा. शशांक कोइराला, केन्द्रीय सदस्य डा. शेखर कोइराला, सुजाता कोइराला समर्थकको पनि छुट्टै गुट उपगुट रहेको पाइन्छ। अन्य केही प्रभावशाली नेताको छुट्टै उपगुट पनि बेलाबेलामा सक्रिय भएको देखिन्छ।

आन्तरिक गुट उपगुटको विवादकै कारण सभापति देउवाले उपसभापति, महामन्त्री, सहमहामन्त्री तथा केही सदस्य मनोनित गर्न नसकेका कारण केन्द्रीय समितिलाई दुई वर्षसम्म पनि पूर्णता दिन सक्नुभएको छैन। पार्टी संगठनलाई चलायमान बनाउने महत्त्वपूर्ण विभागहरू पनि गठन हुन सकेको छैन। जसका कारण सभापति देउवामाथि विधिमुखीभन्दा पनि नेतामुखी भएको आरोप लागिरहेको छ। आफ्नो गुटको नेताको कुराबाहेक अरूको कुरै नसुन्ने भन्दै सभापति देउवालाई नेतृत्व छोड्नसमेत दबाब दिइएको छ।

निर्वाचन परिणामपछि नेतृत्वको कमजोरी औंल्याउँदै चर्को आवाज उठेसँगै कांग्रेसभित्रको

> पार्टी संगठनलाई चलायमान बनाउने महत्त्वपूर्ण विभागहरू पनि गठन हुन सकेको छैन। सभापति देउवामाथि विधिमुखीभन्दा पनि नेतामुखी भएको आरोप लागिरहेको छ।

गुटगत भेलाहरू अझ बढ्न थालेको छ। निर्वाचनको पराजयबारे विस्तृत समीक्षा गर्न कांग्रेसको चैत्र ९ गते केन्द्रीय समितिको बैठक बस्दै छ। यो बैठकमा नेतृत्वको आलोचनाका साथै गुट उपगुटका कारण भएको कमजोरीको बारेमा पनि छलफल हुने बताइएको छ।

नेतृत्वमाथि नै प्रश्नचिह्न उब्जाउँदै पार्टीभित्र बढ्दै गएको गुट उपगुटलाई कसरी व्यवस्थापन गर्ने भन्नेबारेमा सभापति देउवा आफू निकट नेताहरूसँग छलफल गरिरहनुभएको छ।

विमलेन्द्र निधि, पूर्णबहादुर खड्का, डा. प्रकाशशरण महतलगायतका आफू निकटका नेताहरूसँग सभापति देउवाले छलफल गरिरहँदा वरिष्ठ नेता पौडेल समूहले आफू निकटका पदाधिकारी, केन्द्रीय सदस्य तथा जिल्ला सभापतिहरूसँग छुट्टै भेला आयोजना गरी कांग्रेसलाई सशक्तरूपमा अघि लैजाने योजना बनाइरहेका थिए।

पौडेल समूहले भेला आयोजना गरी पार्टीभित्र नेता बलियो हुने र पार्टी कमजोर हुने अवस्थाबारे चिन्ता गरेको भोलिपल्टै शुक्रबार अर्को गुटका नेता सिटौलाले छुट्टै भेलाको आयोजना गरी सोही चिन्ता व्यक्त गर्नुभएको छ। आफू निकटका नेता तथा डाक्टर, वकिल र प्राध्यापकहरूसमेतको बाक्लो उपस्थिति रहेको भेलामा सिटौलाले पार्टी नेतृत्वप्रति लक्षित गर्दै कांग्रेसभित्र सामन्ती संस्कारको अन्त्य हुन नसकेको बताउनुभएको थियो। साथै, उहाँले कांग्रेस बलियो छ भन्दैमा सुतेर बस्नु हुँदैन, जागरुकता ल्याउनुपर्छ भन्दै पार्टी नेतृत्व नयाँ चेतनाका साथ अघि बढ्नुपर्ने बताउनुभएको थियो।

हालै सम्पन्न निर्वाचनमा कमजोर नतिजा ल्याएका कारण कांग्रेस प्रतिपक्षको भूमिकामा छ। राष्ट्रिय राजनीतिमा पटकपटक सरकारमा गइरहेको र सधैं चर्चामा रहिरहने कांग्रेसलाई अब ५ वर्ष प्रतिपक्षको भूमिकाबाटै अघि बढ्नुपर्ने अवस्था आएको छ।

(क्रमशः पृष्ठ ९ मा)


अदालतमा हुने भ्रष्टाचारको छानविन गर्ने निकाय नै छैन : बलराम केसी

पृष्ठ २


## एसईईको तयारी पूरा

# चिट चोर्ने चोराउनेलाई एक लाख रुपियाँ जरिवाना

ईश्वरराज ढकाल, काठमाडौं

केन्द्रबाट सञ्चालन हुने यो वर्षको अन्तिम माध्यमिक शिक्षा परीक्षा (एसइई)को तयारी पूरा भएको छ।

४ लाख ८५ हजार ८ सय ८६ जना परीक्षार्थी सहभागी हुने यो परीक्षामा नियमित र एक्जाम्टेडको छुट्टाछुट्टै प्रश्नपत्र छापिएको छ। प्रदेशअनुसार प्रश्नापत्र तयार हुन नसकेपछि चारवटा क्लस्टरका आधारमा प्रश्नपत्र छापिएका छन्। काठमाडौं उपत्यका र बाहिर विभिन्न जिल्लाको क्लस्टरअनुसार परीक्षामा सहभागी विद्यार्थीको प्रश्नपत्र फरकफरक हुनेछ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्राडा चन्द्रमणि पौडेलले परीक्षाको सम्पूर्ण तयारी पूरा भएको बताउनुभएको छ। यसका लागि आवश्यक पर्ने जनशक्ति खटाउने क्रम जारी रहेको छ।

अध्यक्ष पौडेलका अनुसार परीक्षामा करिब ७५ हजार कर्मचारी खटाइनेछ। परीक्षा समन्वय गर्न जिल्ला समन्वय समिति, स्थानीय तहको शिक्षा कार्यालय र जिल्ला शिक्षा कार्यालयका कर्मचारी परिचालन हुनेछन्। सबै ठाउँमा गरी २९ हजार ३ सय ४० कर्मचारी खटाइनेछ। केन्द्राध्यक्ष पनि त्यत्तिकै संख्यामा खटाइनेछ भने २० हजार ३ सय ४० निरीक्षक खटिनेछन्।

परीक्षा नियन्त्रक अम्बिका रेग्मीले यस वर्ष १ हजार ९ सय ५६ परीक्षा केन्द्र कायम गरिएको जानकारी दिनुभयो। चैत ८ देखि १७ गतेसम्म सञ्चालन हुने परीक्षामा सबैभन्दा बढी परीक्षा केन्द्र काठमाडौंमा कायम गरिएको छ। काठमाडौंमा गत वर्ष ९६ केन्द्रवटा कायम गरिएकामा यो वर्ष ९८ वटा कायम गरिएको छ। मनाङमा एउटा मात्र परीक्षा केन्द्र कायम गरिएको छ। हरेक परीक्षा केन्द्रमा एक जना केन्द्राध्यक्ष तोकिएका छन्। तीन सय परीक्षार्थी बराबर एक सहायक केन्द्राध्यक्षको व्यवस्था गरिएको नियन्त्रक रेग्मीले जानकारी दिनुभयो।

बोर्डका अध्यक्ष प्राडा पौडेलले यो वर्षको परीक्षामा स्थानीय तहका शिक्षाका अधिकारीसँग बढी सहयोग लिएको बताउनुभयो। स्थानीय तहले माध्यमिक तहसम्म सञ्चालन गर्ने व्यवस्था भएसँगै परीक्षामा स्थानीय तहको भूमिकाअनुसार सहयोग माग गरिएको उहाँको भनाइ थियो।

(क्रमशः पृष्ठ ९ मा)

## पार्वती देशकै कान्छी सांसद



दैलेख, (नेस)

प्रतिनिधिसभाका सांसद पार्वती बिशुन्के देशभरकै सबै सांसदभन्दा कम उमेरकी सांसद हुनुभएको छ। नेकपा एमालेका तर्फबाट समानुपातिकतर्फ प्रतिनिधिसभा सदस्य बन्नुभएकी बिशुन्केको नागरिकतामा जन्ममिति २०४३ साल असोज १८ गते रहेको छ। संसद् सचिवालयको अभिलेखअनुसार संघिय र प्रदेशसभाका सदस्यमध्ये बिशुन्के सबैभन्दा कम उमेरको सांसद बन्नुभएको हो।

(क्रमशः पृष्ठ ९ मा)


GOENKA GOLD Fe 500 TMT BAR

अधिकतम कारखाना द्वार-मूल्य
Max. Ex-factory rates

(लागु मितिः २०७४ चैत्र ४/Mar 18, 2018 देखि)

| साईज (Dmm) | कारखाना द्वार मूल्य रू. / कि.ग्रा* |
|---|---|
| १0/१२/१६/२0 | ७८.00 |
| ८/२५/२८/३२ | ८१.00 |
| कारी ४.७५/७ | ८0.00 |

* अर्डर परिमाण र भुक्तानी अवस्था हेरी उपरोक्त मूल्यमा छुट गर्न सकिनेछ।

उपरोक्त मूल्यमा रु १/- प्रति के.जी. अन्तःशुल्क र १३% मू.अ.कर लाग्नेछ।

GOENKA GOLD TMT

JAS-ANZ ICS AN ISO 9001:2015 Certified Company

"तीन दशक अधिकको अनुभव, निर्माण क्षेत्रको गौरव"

गोयनका स्टील्स् प्रा. लि.

काठमाडौं: ०१-४४१४८१२, भैरहवा: ०७१-५२०३६१



## नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.को विज्ञप्ती

प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट अनुसन्धान भईरहेको विषय यस बैंकसंग मर्ज भएको साविक एपेक्स डेभलपमेण्ट बैंकले प्रवाह गरेको कर्जासंग मात्र सम्वन्धित रहेको व्यहोरा यो विज्ञप्तीद्वारा सम्वन्धित सबैलाई प्रष्ट पार्न चाहन्छौं ।

१. यस बैंकमा गाभिएको एपेक्स डेभलपमेण्ट बैंकबाट गाभिनु पूर्व प्रवाह भएका कर्जाहरूका सम्वन्धमा २०७३ पौष मसान्तको वित्तीय विवरण तयार पार्दा साविक एपेक्स डेभलपमेण्ट बैंकबाट प्रवाह गरिएको कर्जा अस्वभाविक रूपमा खराव देखिएको हुँदा उक्त व्यहोरा नेपाल राष्ट्र बैंकलाई जानकारी गराईएकोमा नेपाल राष्ट्र बैंकबाट विशेष स्थलगत निरीक्षण गरी सोही निरीक्षण प्रतिवेदनका आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट थप अनुसन्धान प्रक्रिया शुरू भएको हुँदा उक्त अनुसन्धानको विषय साविक रोयल मर्चेण्ट, अपि फाईनान्स र रारा विकास बैंक गाभिई बनेको एपेक्स डेभलपमेण्ट बैंकले गरेको कर्जासंग सम्वन्धित रहेको व्यहोरा सर्व प्रथम स्पष्ट पार्न चाहन्छौं ।

२. प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट मिति २०७४।१२।०२ गतेका दिन प्रेशित प्रेश विज्ञप्ती अनुरूप यस बैंकमा गाभिएको साविक एपेक्स डेभलपमेण्ट बैंक लि. बाट मिति २०७२/०८/११ गते सम्पन्न समझदारी पत्र (MOU) विपरित तत्कालीन एपेक्स डेभलपमेण्ट बैंकका विभिन्न शाखाहरूबाट अनियमित रूपमा कर्जा प्रवाह गरी बैंकलाई हानी नोक्सानी पुऱ्याउने साविक एपेक्स डेभलपमेण्ट बैंकसंग सम्बद्ध १३ जना (साविक एपेक्स डेभलपमेण्ट बैंकका सञ्चालकहरू र कर्मचारीहरू) लाई अनुसन्धानका लागि पक्राउ गरेको व्यहोरा अवगत रहकै छ ।

३. मिति २०७४।१२।०२ मा केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट प्रेशित विज्ञप्ती एवं विभिन्न सञ्चार माध्यममा उल्लेख भए वमोजिमको रकम हानी नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा सोही वरावरको रकम नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनमा तोकिए बमोजिम कर्जा जोखिम व्यहोर्ने कोषमा पहिलेनै छुट्याई राखिएको हुँदा यस बैंकको वित्तीय अवस्थामा कुनै प्रतिकूल असर नपर्ने व्यहोरा स्पष्ट पार्न चाहन्छौं । यस बैंकका सम्बन्धमा नेपाल राष्ट्र बैंकका पदाधिकारीज्यूहरूले दिनुभएको अभिव्यक्तिबाट पनि यस बैंकको वित्तीय अवस्था सुदृढ रहेको व्यहोरा सम्वन्धित सबैलाई सूचीत गर्न चाहन्छौं ।

४. हाल बैंकको वित्तीय विवरण सुदृढ रहेको व्यहोरा यस बैंकबाट प्रकाशित आर्थिक तथ्यांकहरूबाट समेत पुष्टी भई रहेको व्यहोरा अवगत गराउन चाहन्छौं । केन्द्रीय अनुसन्धान ब्यूरोबाट भएको अनुसन्धानले साविक एपेक्स डेभलपमेण्ट बैंकबाट प्रवाह भएको कर्जा असुलीमा पनि थप सहयोग पुग्ने विश्वास बैंकले लिएको छ । साथै केन्द्रीय अनुसन्धान ब्यूरोबाट गरिने अनुसन्धानमा बैंकका तर्फबाट पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । अन्त्यमा हामी हाम्रा सम्पूर्ण निक्षेपकर्ता, शेयरधनी, ग्राहक तथा सम्बन्धित सबैमा निश्चिन्त रहन यस विज्ञप्ती मार्फत हार्दिक अपिल गर्दछौं ।

NCC Bank
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.

Toll Free No.: 1660-01-45678 Your Business Bank




# ‘अदालतमा हुने भ्रष्टाचारको छानविन गर्ने निकाय नै छैन’



**बलराम केसी**
पूर्वन्यायाधीश, सर्वोच्च अदालत

सधैं स्वतन्त्र र निष्पक्ष हुनुपर्ने न्यायपालिकालाई अहिले विवादमा मुछिएको छ। न्यायालयप्रति हुने नागरिकहरूको आस्था र विश्वासप्रति कुठाराघात भएको छ। पछिल्लो समयमा न्यायपालिका गुटबन्दीको शिकार बन्यो भन्ने कतिपयको विश्लेषण छ। सायद यस्तै गुटबन्दीको कारण हुनसक्छ प्रधानन्यायाधीश गोपाल पराजुलीले राजीनामा नै दिनुपरेको। उमेर विवादमा तानिएका निवर्तमान प्रधानन्यायाधीश पराजुलीलाई पदमुक्त गर्न न्याय परिषद्को सचिवस्तरीय निर्णयपछि पत्राचार गरिएको थियो। सोही पत्रको आधारमा उहाँले राजीनामा दिनुभयो। यस घटनापछि अहिले न्यायालयभित्र देखिएको विवाद कसरी अन्त्य होला ? अब अदालतप्रतिको आम दृष्टिकोण कसरी सकारात्मक बन्ला ? भन्नेतर्फ चिन्तन मनन हुन थालेको छ। साथै अदालतभित्र भ्रष्टाचार तथा अनियमितता भएमा त्यसको छानविन गर्ने अधिकार सम्पन्न संयन्त्र गठन हुनुपर्ला या नपर्ला ? जनताका विचाराधीन मुद्दाको फैसला कसरी छिटो गर्न सकिएला? भन्नेतर्फ पनि नागरिक चासो बढ्न थालेको छ। यी र यस्तै विषयमा केन्द्रित रहेर सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसीसँग नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझीले** गरेको कुराकानी यस अंकमा प्रस्तुत गरिएको छ :

**अदालतको अहिलेको खिचातानीलाई कसरी लिनुभएको छ ?**

अदालत निर्विवाद, स्वतन्त्र रहनुपर्ने निकाय हो। अहिले दुईतिहाई बहुमत भएको गठबन्धनको सरकार छ। दुईतिहाई बहुमतको सरकार देशको आर्थिक विकासको लागि चाहिएको छ। पाँच वर्षसम्म स्थायित्व हुने सरकार बनेको छ। संसारको जुनसुकै देशमा पनि कार्यपालिकाले न्यायपालिकालाई पकडमा राख्न चाहन्छ। न्यायपालिका नै आफैं विवादमा फसेर जनआस्था गुमाउँदै जाने हो भने भोलि दुईतिहाई प्राप्त सरकारले संविधान संशोधन गरेर न्याय परिषद्लाई आफ्नै ढंगमा राख्ने काम हुन सक्छ। न्याय परिषद् हटाएर सरकारले नै न्यायाधीश नियुक्ति गर्ने व्यवस्था र न्यायाधीशलाई संसदको कुनै समितिअन्तर्गत राख्ने सम्भावना बढ्छ।

**निवर्तमान प्रधानन्यायाधीशको जन्ममितिको बारेमा यसअघि नै टुंगो लागेको थियो। तर अहिले सोही विषयलाई कारण देखाउँदै न्याय परिषद्को सचिवस्तरीय निर्णयबाट उहाँले राजीनामा दिनुपरेको हो?**

न्याय परिषद्जस्तो अदालतसँग सम्बन्धित निकायले सचिवस्तरीय निकायबाट जुन पत्र दियो त्यसले बलेको आगोमा घिउ थप्ने काम गर्‍यो। यसको मतलब गोपाल पराजुलीको बसाइँ ठीक थियो भन्ने मेरो भनाइ होइन। पराजुलीले आफ्नै वरिष्ठतम न्यायाधीशहरूले सहयोग नगरेपछि त्यसलाई आफ्नो जनमतको रूपमा लिनुपर्दथ्यो। सडकको आन्दोलनका कारणले होइन। आफ्नै साथीहरूले सहयोग नगरेको कारणले त्यहींबाट राजीनामा दिनुपर्दथ्यो। लगत्तै उहाँले राजीनामा दिनुभएको भए सम्मानित बहिर्गमन हुन्थ्यो। त्यो अवसर गुमाउनुभयो। दुई वटा गल्तीले एउटा सच्चिँदैन। पराजुलीको बारेमा परिषद्ले ज्यादै विवादमा तान्ने काम गर्‍यो। परिषद्को सचिवले परिषद्को निर्णय कार्यान्वयन मात्र गर्ने हो। साउनको घटना हो भने अहिले आएर फागुनमा किन निर्णय भयो? सचिवस्तरीयभन्दा पनि परिषद्को बैठक बसाएर निर्णय गर्नुपर्दथ्यो। गोपाल पराजुलीको सहयोग नभए पनि बाँकी तीन जनाको त सहयोग हुन्थ्यो होला नि?

अदालतमा विचाराधीन मुद्दाको बहस चलिरहेका बेला न्याय परिषद्को सचिवस्तरीय निर्णय गलत छ। सचिवको आफ्नो विवेकले त्यो निर्णय भएकोजस्तो मलाई लाग्दैन। छानविनको विषय छ। सचिवलाई कतैबाट दबाब आएको हुनसक्छ। तर के गर्नु हुँदैनथ्यो भने सात जनाको पूर्ण इजलासमा मुद्दा टुंगिन बाँकी रहेको अवस्थामा कमसेकम न्याय परिषद्को सदस्य एवं सचिवले अदालतले जे निर्णय गर्छ त्यो पर्खिनुपर्दथ्यो। आफूसँग सम्बन्धित अदालतमा मुद्दाको बारेमा बहस भइरहेको छ, आफैं पहिला निर्णय गरिदिने। संयुक्त इजलासले पराजुलीको सबै रेकर्ड मागेर बहस गरिरहेको थियो नि। सचिवस्तरीय निर्णयले विवादमाथि महाविवाद भयो। यो दुर्भाग्यपूर्ण काम भयो।

**पूर्वप्रधानन्यायाधीश सुशीला कार्की पनि विवादबाट मुक्त हुन सक्नुभएन। उहाँमाथि संसद्मा महाभियोगको प्रस्ताव नै दर्ता भयो। अहिले पराजुलीलाई त न्यायपरिषद्को पत्रले हटायो। एकपछि अर्को गर्दै प्रधानन्यायाधीशमाथि यो आरोप र अभियोग किन लाग्न थाल्यो ?**

प्रधानन्यायाधीश दामोदरप्रसाद शर्माको पालादेखि नै जोड्नुपर्छ। प्रधानन्यायाधीशमाथिको अभियोग होइन प्रधानन्यायाधीशको कामकारबाहीमाथिको प्रश्न हो। रामप्रसाद साह त्यति विवादमा आउनुभएन। कल्याण श्रेष्ठ न्यायाधीश नियुक्तिको विवादमा तानिनुभयो। सुशीला कार्की प्रहरीकाण्डमा तानिनुभयो। पराजुलीको उहाँ त धेरै विवादमा तानिनुभो। न्याय मन्दिरको प्रमुख पुजारी त्यो पदमाथि खनिएको होइन। पदमा रहेको व्यक्तिको आचरणको कारण खनिएको हो। त्योभन्दा अगाडि कुनै पनि प्रधानन्यायाधीशका विरुद्ध कसैले पनि बोलेनन् नि त। रामप्रसाद श्रेष्ठभन्दा अगाडिका सबै सम्मानित ढंगले आए। सम्मानित ढंगले गए। प्रधानन्यायाधीशको पदमाथि होइन व्यक्तिमाथि दोष दिनुपर्छ।

**न्यायालय निष्पक्ष, स्वतन्त्र हुनुपर्ने मान्यता छ। तर पछिल्लो चरणमा न्यायालयभित्र धेरै राजनीतिकरण भित्रियो भनिन्छ नि ?**

वास्तवमा भन्नुपर्दा प्रशासनिक अड्डा सिंहदरबारमा पनि राजनीति घुस्नु हुँदैन। राजनीतिक गर्ने ठाउँ सिंहदरबारबाहिर हो। एक पटक मानिस चुनिएर आएर मन्त्री भएपछि राजनीतिको आधारमा राम्रो मान्छे छुट्ट्याएर समान तरिकाले कारबाही गर्नुपर्छ। अदालतमा त राजनीतिको गन्ध पनि आउन दिन हुँदैन। न्यायपालिकाको नेतृत्व र तमाम न्यायाधीशहरू सचेत हुनुपर्छ। अरू न्यायाधीशको केही हात हुँदैन। दिएको मुद्दाको फैसला मात्र गर्छ। गलत काम रोक्ने काम त नेतृत्वको हो। न्याय परिषद्का सदस्यको हो। न्यायाधीशलाई सरुवा गर्दा, न्यायाधीशलाई कारबाही गर्दा ढोका बन्दा गर्ने त्यहाँ हो। वरिष्ठतम र न्यायपरिषद्को सदस्यले कानुन मन्त्रीसँग राम्रो कामको लागि मुकाविला गर्न सक्नुपर्छ। अदालत स्वतन्त्र हो, राजनीतिले काम गर्दैन भन्ने आँट गर्नुपर्छ। जो पहरेदार न्याय परिषद्को अध्यक्ष र वरिष्ठतम हो । नियुक्तिमा ढोका खोलिदिने काम नै यिनीहरूबाट भयो। वरिष्ठतम सदस्य हिँडेपछि रातारात तीस जनाको नियुक्ति गरेको होइन?

जो न्यायाधीश हुनुभो निर्विवाद र योग्य मान्छे हो भन्नेमा विवाद छैन। संविधानले पहिला राजनीतिमा नलागेका व्यक्ति हुनुपर्ने प्रावधान गरेको थियो। तर अहिलेको संविधानले त्यो झिक्यो। अहिले संविधानमा त्यो नभएको हुनाले पूर्वसांसद र राजनीतिक आस्थामा लागेका व्यक्तिहरू पनि न्यायधीश बन्न पाएका थिए। नियुक्ति गर्ने बेलामा त्यतिबेला न्याय परिषद्का अध्यक्ष र सदस्यले निरन्तर भन्ने शब्दको व्याख्यामा खासै वास्ता गरेनन्।

**कहिलेदेखि न्यायालयमा राजनीति घुस्यो भन्ने लाग्छ यहाँलाई ?**

विश्वनाथ उपाध्यायले त्यतिबेला वीरेन्द्र राजा हुँदा न्यायाधीशहरूलाई भेट्न खोज्नुभएको रहेछ। विश्वनाथले जवाफ दिनुभएको छ- ‘राजाले एक/एक जना गरी न्यायाधीशहरूलाई भेट्नु हुँदैन।’ मसँगको सामूहिक भेट गर्ने हो भन्ने मिल्छ भन्नुभएछ। रामप्रसाद श्रेष्ठ प्रधानन्यायाधीश नियुक्ति हुने बेलामा एक जना पूर्वप्रधानमन्त्री एक जना कांग्रेसका नेताले श्रेष्ठलाई सिफारिस गर्ने बेलामा भेट्न खोज्नुभएछ। उहाँले नेताका दूतलाई नेताहरूलाई भेटेर प्रधानन्यायाधीश बन्ने चाहना नरहेको जवाफ दिनुभएछ। मलाई नियुक्ति गर्न मन लागे गर्नुहोस् नत्र नगर्नुहोस् भनी उहाँहरूका दूतलाई फिर्ता पठाउनुभएको थियो। नेतृत्वले त्यो आँट गरुन्जेल त न्यायालयमा राजनीतिक छिर्न पाएन। राजनीति त पस्न खोज्छ। तर ढोका खोलेर चिया खाऊ भनेर बोलाएपछि छिर्छ कि छिर्दैन ? बाधा अड्काउ फुकाउबाट नै संविधान उल्लंघन भएको हो। त्यसपछि भेटेरै न्यायाधीश कसलाई बनाउने भनेर सहमति गरेको पनि देखियो।

**खिलराज रेग्मीको पालादेखि राजनीति प्रवेश गर्‍यो भन्न खोज्नुभएको हो ?**

उहाँले राजनीति ल्याउनुभएन। आफैं राजनीतिमा गएर छिर्नुभयो। प्रधानन्यायाधीश भएर रानजीतिमा छिर्नुभो। त्यो अदालत राजनीतिमा प्रवेश गरेको हो। खिलराज रेग्मी राजनीतिमा प्रवेश गर्नुभयो। अरूले राजनीतिलाई अदालतमा प्रवेश गर्न दिए।

> प्रधानन्यायाधीशको पदमाथि होइन व्यक्तिमाथि दोष दिनुपर्छ
>
> अदालतमा त राजनीतिको गन्ध पनि आउन दिन हुँदैन
>
> अदालत शक्तिशाली भएन भने गाह्रो छ
>
> संविधान संशोधन गरेर नियन्त्रणमा राखिदियो भने के गर्ने ?
>
> न्यायाधीशहरूले बकवास भाषण गरेर हिँड्नुभएन।

**समयमा नै विकास निर्माणको काम सम्पन्न नगर्ने ठेकेदार कम्पनीहरूले अदालतबाट अन्तरिम आदेश लिने गरेको र लामो समयसम्म फैसला नहुँदा उक्त काममा नै बाधा पुगेको भन्ने गुनासो छ नि ?**

संविधानले सर्वोच्च अदालतलाई सार्वजनिक सरोकारको बारेमा मुद्दा हेर्ने अधिकार दिएको छ। त्यो ठीक छ। अदालत शक्तिशाली भएन भने गाह्रो छ। सरकारको ताल यही हो। सरकार त शिथिल छ। जनताले चाहेको भन्दा पनि राजनीतिक स्वार्थले बढी काम गर्छ। एकातर्फ नागरिकहरू पीडित भइरहेका छन्। यसको लागि सशक्त सर्वोच्च अदालत आवश्यक छ। उच्च अदालत पनि आवश्यक छ। सरकारलाई आर्थिक विकासमा बाधा आउने किसिमले र कुनै व्यक्तिले स्वार्थको लागि अवहेलनामा मुद्दा हाल्ने कार्यप्रति अदालत ज्यादै चनाखो हुनुपर्छ। २०७३ तिर दिएको कारण देखाऊ आदेशको पनि अहिलेसम्म निर्णय हुनसकेको छैन। किनभने संवैधानिक इजालास नै गठन हुन सकेको छैन। सरकारलाई सरोकार हुने मुद्दा समयमा नै किनारा नलाग्दा सरकारलाई अप्ठ्यारो पर्छ। सार्वजनिक सरोकारमा परेको रिटका बारेमा अन्तरिम आदेश दिएपछि त्यसलाई तत्काल हेरिदिनुपर्छ। अन्तरिम आदेश लिएर फाइदा उठाउने पनि हुन्छन्। अदालतले अग्राअधिकारसहित त्यस्ता मुद्दा तीन महिनाभित्र टुंगो लगाउनुपर्छ। विकास निर्माणमा अन्तरिम आदेशको कारण अवरोध भएको कारणले गर्दा अदालतप्रति सरकारको आस्था घटेको छ। अदालतले चाँडै सुधार ल्याउनुपर्छ। विवाद बढाउनु हुँदैन। नत्र दुईतिहाई बहुमत छ। सरकारले न्यायालयलाई ज्यादै स्वतन्त्र छोड्न नहुने रहेछ, विकास नै गर्न नदिने रहेछ भनेर संविधान संशोधन गरेर नियन्त्रणमा राखिदियो भने के गर्ने ?

**पहुँच, पावर र पैसा भयो भन्ने अदालतलाई नै प्रभावित पार्न सकिन्छ भन्ने मान्यता विस्तारै बढ्दै गएको हो त ?**

सबै न्यायाधीश गलत छैनन्। तर एक हदसम्म यो कुरा नहोला भन्न म सक्दिन। जब नेतृत्वहरूले कडाइका साथ गलत काम गर्नेहरूलाई निरुत्साहित गर्दै यस्ता काम हुन सक्छन्। नेतृत्व खस्किएपछि गाह्रो हुन्छ। नेतृत्वले आफू मातहतको लागि न्यायाधीशहरूले गरेको कामको ढाल म बन्छु। उच्च मनोबलको साथ काम गर्नुहोस् भनेर निर्देशन नदिँदासम्म कहाँ सुधार हुन्छ र ? दृढ इच्छा शक्तिको साथ नेतृत्वले काम गर्ने हो भने सुधार भइहाल्छ नि। बाधा अड्काउ फुकाऊपछिको नेतृत्वमा केही प्रत्यक्ष देखियो। अध्यादेश नै ल्याए हुन्छ पास गरिदिन्छु भन्ने। अनि छिड्न खोज्ने त छिडिहाल्छ नि। तर सबै नराम्रो भन्न खोजेको होइन। सुशीला कार्कीले गएर चिया खाए पनि विरोध त गर्नु भो नि। कमसेकम पारदर्शी त भइदिनुभयो।

**लथालिंग भएको न्यायालय अब कसरी सम्हालिएर अगाडि बढ्ला ?**

चाडै सुध्रिएन भने संविधान नै संशोधन गर्ने तागत सरकारसँग छ। जहिले पनि न्यायपालिका स्वतन्त्र हुनुपर्छ भन्छन्। आन्तरिकरूपमा सरकारले न्यायपालिकाले हामीले भनेको मानिदिए हुन्थ्यो भन्छन्। अहिलेको संविधानले अन्तर्राष्ट्रियस्तरको स्वतन्त्र बनाएको छ। त्यो खोसिदेलान् भन्ने चिन्ता छ। २०४७ सालको संविधानले स्वतन्त्र न्यायपालिका कहिल्यै पनि संशोधन हुन सक्दैन भनेको थियो। अहिलेको संविधानले त्यो पनि झिकिदियो। त्यो खतरा टाल्नको लागि न्यायालयमा देखिएको विवाद सल्टाउनुपर्छ।

**निवर्तमान प्रधानन्यायाधीश पराजुलीले राष्ट्रपतिलाई गराएको शपथ वैध कि अवैध? राष्ट्रपतिले दोहोर्‍याएर शपथ लिनुपर्ला कि नपर्ला?**

संविधान र प्रशासनिक मान्य सिद्धान्तलाई हेर्ने हो भने हामीले स्थायित्वलाई खलबल्याएर जाने हो भने त्यो अवैध भने पनि हुन्छ। स्थायित्वलाई मान्ने हो भने त्यसलाई संविधानले नै वैध मान्न सकिन्छ। खास गरेर रिट मुद्दामा अदालहरूले के भनेको छ भने, प्रशासनिक काममा गणितीय मापदण्ड लागू हुन सक्दैन। न्याय परिषद्ले व्यक्तिवादी ढंगले जालसाजीपूर्ण रूपमा चिठी बुझायो। साउनमा बुझाउने चिठी शपथकै दिन किन बुझाएको? न्याय परिषद्को चिठीले राष्ट्रपतिलाई नै विवादमा तान्ने काम भयो। पराजुलीको जन्ममिति त धेरै अगाडिको विवाद हो नि त।

**पराजुलीमाथि भ्रष्टाचारको मुद्दा लाग्न सक्छ भन्ने पनि आएको छ नि?**

भ्रष्टाचारको मुद्दा अहिलेको संविधानले लाग्न सक्दैन। महाअभियोगबाट अवकाश हुने व्यक्तिको विरुद्ध संघीय कानुनबमोजिम अनुसन्धान गरी कारबाही हुने भनिएको छ। संघीय कानुनबमोजिम त्यो अनुसन्धान हुनुपर्छ। संवैधानिक निकायका पदाधिकारीमाथि छानबिन गर्न संविधानअनुसार कानुनको आवश्यकता पर्‍यो। अहिले भ्रष्टचार निवारण ऐनले हुँदैन। संघीय संसद् भर्खर जन्मिएको छ। संघीय संसद्ले कानुन बनाउने हो।

**पराजुलीले राजीनामा दिएर ठीक गर्नुभो कि बेठीक ?**

जहाँ वरिष्ठतम सदस्य अनुपस्थित भए त्यही नै उहाँका लागि जनमत थियो। उहाँले राजीनामा दिनुपर्छ भनेका थिए।

**न्यायालयलाई सुधार गर्न के–के गर्नुपर्ला ?**

संविधानले सबै जिम्मेवारी नेतृत्वलाई दिएको छ। नेतृत्वको हातमा छ। नेतृत्वले आफ्ना वरिष्ठतम सदस्य र न्याय परिषद्का सदस्यलाई विश्वासमा लिएर सुधारको बाटोमा जाने हो भने सम्भव छ। सर्वोच्च अदालतभित्र खुट्टा तान्ने प्रवृत्ति रहेको भन्ने कुरा बाहिर आइसकेको छ। मैले २०६७ सालमा अवकाश पाएको हुँ। त्यतिबेला निकै सौहार्दता थियो। हार्दिकता थियो। अहिले विवाद आएको छ। गुटबन्दी गरेको भन्ने कुरा अन्त्य हुनुपर्छ। प्रधानन्यायाधीशले वरिष्ठतम सबैलाई भाइ न्यायाधीश भनेर हेर्नुपर्‍यो। न्यायालयमा हुने विकृति अन्त्य गर्नुपर्‍यो। विचौलियालाई प्रवेश गर्न दिनुभएन। वकिलहरू नै भन्छन्- ‘भ्रष्टाचार भो भनेर।’ नागरिकहरूलाई न्यायालयप्रतिको विश्वास जोगाउन प्रत्येक न्यायाधीशहरूले आचारसंहिता कडाइपूर्वक पालना गर्नुपर्‍यो। न्यायाधीशहरूले बकवास भाषण गरेर हिँडनुभएन।

**अदालतभित्र–बाहिर कुनै भ्रष्टाचार र अनियमितता नै हुँदैन हो? यहाँलाई कस्तो लाग्छ, तपाईंको अनुभवले के भन्छ ?**

अदालतमा हुने भ्रष्टाचारको बारेमा छानविन गर्ने निकाय नै छैन, खासगरी सर्वोच्चका न्यायाधीशको बारेमा। तल्लो न्यायाधीशलाई पनि न्याय परिषद्ले कारबाही गर्ने भनेको छ। अहिलेको नेतृत्वले न्यायापालिकामा पनि भ्रष्टचार छ, यसलाई निर्मूल गर्न कानुन चाहियो भनेर भन्नुपर्‍यो। संसद् र कार्यपालिकासँग औपचारिक छलफल गरेर न्याय परिषद्ले भ्रष्टाचारमा अनुसन्धान गर्न सक्दैन भनेर सरकारलाई भन्नुपर्‍यो। न्यायपालिकामा हुने भ्रष्टाचारको छानबिन गर्न अख्तियारजस्तै छुट्टै अधिकार सम्पन्न संवैधानिक संयन्त्र गठन गर्नको लागि संविधानमा नै राख्न अनुरोध गर्नुपर्छ। अधिकार सम्पन्न संयन्त्रमा अवकाशवाला प्रधानन्यायाधीशहरू जाने होइन। धेरै जान लोभ गर्छन्। अपराध अनुसन्धानमा पोख्त, कानुनका ज्ञाता, नागरिक समाजका जो कानुनमा पोख्ख छन् उनीहरूलाई पठाउनुपर्छ। अनि मात्र भ्रष्टचार नियन्त्रण हुन सक्छ। अहिले त निकाय नै छैन। अख्तियार प्रवेश गर्न नै डराउँछ। यस्तो संवैधानिक निकायले भ्रष्टाचारको मात्र अनुसन्धान गर्न सक्ने तर मुद्दा फैसलाको बारेमा भने अनुसन्धान गर्न नपाउने प्रावधान राख्नुपर्छ। मेरो विचारमा न्यायिक भ्रष्टाचार निवारण आयोग गठन गर्नुपर्छ।

**अन्त्यमा केही सोध्न भुलियो कि ?**

तपाईं हामी स्वतन्त्र न्यायपालिकाको पक्षधर भएको कारणले अबको नेतृत्वले सदाका लागि न्यायालयभित्र हुने विवाद समाधान गर्नुपर्छ। न्यायपालिका सक्षम, स्वच्छ, निष्पक्ष रहोस् भन्ने कामना गर्छु। अब कहिल्यै पनि न्यायपालिका विवादमा नआओस्। चाँडै नै प्रभावकारी सुधार होस्।

# मलेसियाको सुन्दरी स्पर्धामा नेपाली चेली




ताज आओस् नआओस् बेग्लै कुरा, तर अन्तराष्ट्रिय सौन्दर्य प्रतियोगितामा नेपालको प्रतिनिधित्वमा वृद्धि भइरहेको छ। यसै सिलसिलामा मलेसियामा हुने *मिसेस एसिया प्यासिफिक-२०१८* मा दुई नेपाली चेलीले नेपालको प्रतिनिधित्व गर्ने भएका छन्।

सिंगापुरको लुमेरी इन्टरनेसनले मलेसियामा मार्च आगामी शनिबार आयोजना गर्ने अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा गोमा अधिकारी तथा बिन्दु लामाले नेपालको प्रतिनिधित्व गर्न लागेका हुन्। प्रतियोगिता मलेसियाको कन्ट्री गार्डेन फोनिक्स होटलमा सम्पन्न हुने बताइएको छ। गोमा अधिकारीले *मिसेस एसिया प्यासिफिक*अन्तर्गत *मिसेस एसिया प्यासिफिक ग्लोबल* तथा बिन्दु लामाले *मिसेस एसिया प्यासिफिकि इन्टरकन्टिनेन्टल*मा प्रतिस्पर्धा गर्नेछन्।

गोमा र बिन्दुको सो प्रतियोगितामा सहभागिताका लागि कोरियोग्राफी हिमानी सुब्बाले उनीहरूलाई प्रशिक्षण दिइरहेकी छिन्। नृत्य प्रशिक्षण एलेक्स महर्जनले गराइरहेका छन्।

यी २ नेपाली चेलीलाई आयोजकले सिंगापुरमा स्वागत गर्ने कार्यक्रम छ। उनीहरू मार्च २४ तारिखका दिन सम्पन्न हुने *मिसेस एसिया प्यासिफिक ग्लोबल-२०१८* मा सहभागी हुनेछन्। दुवै प्रतियोगी अमेजन इन्टरटेन्मेन्टको आयोजनामा भएको पाँचौं संस्करणको *मिसेस हिमालयन नेपाल-२०१८* का विजेता तथा उपविजेता हुन्। गोमा अधिकारी *मिसेस हिमालयन*की विजेता हुन् भने बिन्दु उपविजेता हुन्। गोमाले उक्त प्रतियोगितमा *बेस्ट पर्सनालिटी* र *बेस ड्रेस*को उपाधि पनि जितेकी थिइन्।

मिसेस एसिया प्यासेफिक इन्टरकन्टिनेन्टल-२०१८ मा सहभागी हुने विन्दु लामा *मिसेस हिमालयन-२०१८* की *फस्ट रनर्सअप* हुन्। उनले प्रतिस्पर्धामा मिसेस इन्टिलिजेन्ट अवार्ड जितेकी थिइन्। विन्दु नर्सिङ पेसामा छिन्।

# मिस ग्लोब सुन्दरीको उत्साह

कार्यक्रम चल्दा जति खुसी प्रतियोगी सुन्दरीहरू थिए, त्यति नै उत्साहित थिए आयोजक, निर्णायक र अभिभावक। भोलि सोमबार राजधानीमा हुन लागेको *मिस ग्लोब इन्टरनेसनल* २०१८ को *मिस ग्लोब ट्यालेन्ट* उपउपाधिका भएको कार्यक्रमको रमाइलो क्षण थियो यो। *मिस ग्लोब इन्टरनेसनल* २०१८ को *मिस ग्लोब ट्यालेन्ट* उपउपाधिका लागि प्रतियोगितामा प्रतिस्पर्धी युवतीहरूबीच गहिरो स्पर्धा भएपछिको रमाइलो दृश्य थियो यो। स्टार वन इन्टरटेनमेन्ट प्रालिले राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा आयोजना गर्न लागेको *मिस ग्लोब इन्टरनेसनल* २०१८ मा सहभागीहरूले प्रतियोगिताअन्तर्गतको *मिस ग्लोब ट्यालेन्ट* उपाधिका लागि आफूभित्र लुकेको प्रतिभा प्रस्तुत गर्दा प्रतियोगीहरूसँगै त्यहाँ उपस्थित सबै दंग भए।

प्रतियोगीहरूले यो उपउपाधिका लागि *ट्यालन्ट राउन्ड*का निर्णायकहरूलाई आकर्षित गर्दै अभिनय, नृत्य, चित्रकला, उद्घोषणकला, गायनकला, वक्तृत्वकलालगायतका आफूभित्र अन्तरनिहित प्रतिभा प्रदर्शन गरेका थिए। सबै प्रतिस्पर्धी एक-अर्कामा खरो सावित हुने प्रयासमा प्रस्तुत भएका थिए। जसलाई हेरेर आयोजक संस्थाकी अध्यक्ष पूजा निरौलाले ट्यालेन्ट राउन्डबाटै प्रतियोगिताको उद्देश्य धेरै हदसम्म पूरा भएको बताइन्। निरौलाले युवतीहरूको आत्म र व्यक्तित्व तथा प्रतिभाको विकासका लागि प्रतियोगिताको आयोजना गरिएको बताइन्।

अश्विनी झाको कोरियोग्राफी र कार्यक्रम सञ्चालन तथा सम्राट साह र श्रद्धा खरेलको कार्यक्रम संयोजनमा हुने प्रतियोगिताको अन्तिम प्रतिस्पर्धामा क्रान्तिशिखा धिताल, कृशांगी राजभण्डारी, मेलिना थापा, सृष्टि शर्मा, रीमा भट्टराई, सुरुचि तामाङ, विनीताकुमारी ठाकुर, रीना बम्जन, अनुशा श्रेष्ठ, निर्जला अधिकारी, सानु परियार, यमुना विष्ट, श्वेता खनाल र ओसन प्रधान गरी १५ युवती स्पर्धामा उत्रँदै छन्। ट्यालेन्ट राउन्डका लागि कलाकारहरू ज्योति काफ्ले, आदित्य बुढाथोकी, गायक कलाकार श्रीकृष्ण लुइँटेल 'बोक्दारी', गायिका रीता केसी, नितु कोइराला, *टिचर आइकन अफ द इयर* २०१७ शिल्पी गुप्ता, गायक सीमान्त उदास निर्णायक रहेका थिए। आयोजक पूजा निरौलाका अनुसार मिस ग्लोब ट्यालेन्ट उपाधिको घोषणा भने अन्तिम प्रतिस्पर्धाकै दिन हुनेछ।





# अनुश्का
## सानो विराटको तयारीमा !

जब सेलिब्रेटीहरू बीच प्रेम सम्बन्ध चल्छ, उनीहरूको विवाह कहिले हुँदै छ भन्ने कौतुहल सबैमा जाग्छ। जब विवाह हुन्छ त्यसपछि उनीहरू कहिले बच्चा जन्माउँदै छन् भन्ने विषयले चर्चा पाउँछ। हलिउड र बलिउड फिल्म उद्योगमा यस्तो अझ बढी नै हुने गर्दछ।

हाल बलिउड नायिका अनुश्का शर्मा र विराट कोहली कहिले आमाबाबु बन्दै छन् भन्ने विषयले पनि यसै गरी स्थान पाइरहेको छ। केही समयअघि मात्र विवाह बन्धनमा बाँधिएका उनीहरूका बारेमा हालै विराटले शेयर गरेको एक ट्विटलाई आधार मानेर उनीहरूका अधिकांश फ्यानले अनुश्का गर्भवती भएको अनुमान लगाएको भारतीय सञ्चारमाध्यमले चर्चा गरेका छन्। विराटले ट्विटरमा लेखेका छन्- 'यो समय केही खास भइरहेको छ। यसको बारेमा म तपाईंहरूलाई छिट्टै बताउनेछु।' यो ट्विटका कारण उनीहरूबीच के भइरहेको छ भनेर मानिसले आ-आफ्नो धारणा पोखिरहेका छन्। उनीहरूको फ्यानलाई लागिरहेको छ कि विराटसँग केही खुसीको खबर छ। त्यसैले उनीहरू विराटलाई के अनुश्का गर्भवती छिन् भनेर सोधिरहेका छन्।

एक व्यक्तिले ट्विट गरेका छन् कि विराटको यो ट्विटको स्क्रिनसट उनी ९ महिनासम्म सेभ गरेर राख्नेछन्। केहीले भनेका छन्- 'अब छिट्टै सानो विराट आउँदै छन्।'

विराटले आफूले यो ट्विट गर्ने बेला सोचेका थिएनन् होला कि मानिस उनको यस ट्विटको के अर्थ लगाउँछन्। मानिसले उनको कुराको सही अर्थ निकालेका पनि हुन सक्छन् यो कुरा त केही दिनमा थाहा हुने नै छ।





# विचार

मैले जे चाहेँ त्यो पाएँ, तर त्यसको लागि मैले के-के गर्नुपर्‍यो ? त्यो केवल मलाई मात्र थाहा छ। मेरो जीवन यसको प्रमाण हो।
– रुजबेल्ट

आफूलाई बदल्न सक्ने ताकत नै संसार बदल्न सक्ने ताकत हो।
– अनवर सादत

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# सौन्दर्य सुधारमा कर्मचारी खटाऊ

काठमाडौंको फोहोर व्यवस्थापनका लागि लगानी बोर्डले निजी कम्पनी नेपवेस्टसँग परियोजना विकासको प्रारम्भिक सम्झौता गरेको छ। बोर्ड र नेपवेस्टले आगामी २ महिनाभित्र परियोजना विकास सम्झौता गर्नेछन्। यससँगै सो कम्पनीले सम्झौता भएको ३ देखि ६ महिनाभित्रमा आवश्यक तयारी अघि बढाउने भएको छ। नेपवेस्टले काठमाडौं महानगरपालिका, बूढानीलकण्ठ, चन्द्रागिरी, नागार्जुन, तारकेश्वर, टोखा, गोकर्णेश्वर, दक्षिणकाली, कागेश्वरी–मनोहरा, शंखरापुरसहित ९ वटा नगरपालिकाको फोहोर व्यवस्थापन गर्ने जिम्मेवारी लिएको छ।

नेपवेस्टले नुवाकोटको बञ्चरेडाँडामा फोहोर व्यवस्थापन गर्ने बताइएको छ। अहिले पनि उपत्यकाको फोहोर सोही ठाउँमा व्यवस्थापन हुँदै आएको छ। बोर्ड र कम्पनीको परियोजना सम्झौता अवधि २० वर्षसम्मका लागि भएको बताइएको छ। यस्तो सम्झौता भएपछि काठमाडौं महानगरपालिका (कामपा) को वातावरण विभागमा कार्यरत कर्मचारी भने आफ्नो भूमिका बारे अन्योलमा परेका छन्। कामपाले विभागका कर्मचारीलाई कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा प्रस्ट निर्णय लिन सकेको छैन। कर्मचारीलाई वातावरण विभागकै विभिन्न निकायमा खटाउने वा स्वेच्छिक अवकाश दिने भन्नेमा महानगरका अधिकारीहरू अन्योलमा छन्। विभाग मातहत हाल ८ सय ८५ कर्मचारी कार्यरत रहेको बताइएको छ।

विभागअन्तर्गत १ सय २० जना चालक कार्यरत रहेको कामपाको तथ्यांक छ। यति ठूलो जनशक्तिलाई एकैपटक बाध्यात्मकरूपमा सेवाबाट हटाउन नमिल्ने भएपछि कामपाले फोहोर मैला अनुगमन, सार्वजनिक पार्क र हरियाली व्यवस्थापन, सडक पखाल्ने, धूलो व्यवस्थापन गर्ने कार्यमा खटाउन सकिने विकल्प अघि सारेको छ। त्यसै गरी मठ–मन्दिर र सम्पदा क्षेत्रको सरसफाइको कार्यमा पनि कर्मचारी खटाउन सकिने विभागका अधिकारीहरू बताउँछन्। केहीलाई भने स्वैच्छिक अवकाशको अवसरसहित बिदा गर्ने प्रारम्भिक योजना पनि अघि बढाइएको बताइएको छ। अघि सारिएका यस्ता विकल्पलाई छिट्टै टुंगो लगाउनु उत्तम हुनेछ।

महानगर र नगरपालिकाभित्रको फोहोर मैला व्यवथापन गर्नु पक्कै पनि चुनौतीपूर्ण कार्य हो। नेपवेस्टले फोहोर मैला संकलन गरेर डम्पिङ साइट पुर्‍याउनु एउटा पक्ष हो, तर दीर्घकालीनरूपमा फोहोर व्यवस्थापन अर्को महत्त्वपूर्ण कार्य हो। काठमाडौंको उदाहारण मात्रै नियाल्ने हो भने कर्मचारीको अभाव देखाउँदै वर्षौंअघिदेखि सार्वजनिक उद्यान र खुला क्षेत्र व्यवस्थित बन्न सकेका छैनन्। हरियाली र धूलो व्यवस्थापनका योजना योजनामा मात्र सीमित भएको छ। मठ–मन्दिर र सम्पदा क्षेत्र व्यस्थित गर्नु अर्को महत्त्वपूर्ण पाटो हो। फोहोर संकलन गर्दैमा र डम्पिङ साइट पुर्‍याउँदैमा मात्रै नगरको सौन्दर्य झल्किँदैन। त्यसैले नगरको सुन्दरता कायम गर्न आवश्यक पर्ने रचनात्मक कार्यमा महानगरले कर्मचारी खटाउनु बुद्धिमानी हुन्छ। यसका लागि आवश्यक पर्ने स्रोत साधन पनि जुटाइनुपर्छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# विधिको शासन सबैको चाहना



सानुराजा पुरी

लोकतन्त्रमा विधिको शासन हुन्छ। विधिको शासन मान्नु हरेक नागरिकको दायित्व र जिम्मेवारीभित्र पर्दछ। कानुनी शासनको अवधारणा भनेकै कानुनभन्दा माथि कुनै व्यक्ति वा संस्था रहँदैन भन्ने हो। विगत ७/८ महिनादेखि सर्वोच्च अदालतमा तमासा चलिरहेको घटना गत फागुन ३० गते सतहमा मात्र आएन सबै विषयवस्तु छताछुल्ल भयो। २०१३ सालमा प्रधान न्यायालय हुँदै सर्वोच्च अदालतले लामो यात्रा तय गरिसकेको छ। नेपालको न्यायालयको इतिहासमा यस किसिमको तमासा कहिल्यै पनि भएको थिएन। कानुनी शासनमा अदालतको मान, सम्मान र मर्यादा कायम राख्नु सबै नागरिकको दायित्व र जिम्मेवारी एकातर्फ छ भने सर्वोच्च अदालका माननीय न्यायाधीशहरूले स्वयं अदालतको मान-सम्मान र मर्यादा राख्ने काम गर्नुभयो कि भएन ? प्रधानन्यायाधीश गोपाल पराजुलीको नागरिकतामा र शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक-फरक जन्ममिति देखिएकाले कुन सही र कुन गलत छुट्याउन सर्वोच्च अदालतलाई नै हम्मेहम्मे परेको र परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरको मिति २०७४ फागुन ३० गतेको च.नं. ४२४ को पत्रले उहाँको अवकाश २०७४ साउन १३ गते नै भइसकेको जानकारी न्याय परिषद्का सचिवद्वारा सोही मितिमा च.नं. २२३ को न्याय परिषद्को पत्रले सम्माननीय महोदयमा गराइयो। घटना यत्तिमै सीमित भएन, घटना रंगिनरूपमा तरङ्गित हुँदै आम जनमानसमा आयो।

> आस्था र न्यायको धरोहरका रूपमा रहेको न्यायालयमा काम गर्ने कर्मचारी, न्यायाधीश वा प्रधानन्यायाधीश समेतले न्यायालयमा आँच आउने कुनै कार्य गर्नुहुँदैन। तर, वर्तमानको दृश्य यस्तो भइदियो, न्याय नपाएका वा अन्यायमा परेकाहरूलाई न्याय दिनुपर्ने स्थानमा रहेका न्यायमूर्ति आफैं थला परेको अवस्था देखियो।

नेपालको संविधान २०७२ भाग ११ मा न्यायपालिकाको व्यवस्था गरिएको छ। धारा १२९ ले नेपालको प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति र योग्यता निर्धारण गरेको छ। संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीशको र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ। सोही व्यवस्थाअनुसार सम्माननीय प्रधानन्यायाधीश नियुक्त हुनुभयो। धारा १३१ मा प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशको पद देहायको कुनै अवस्थामा रिक्त हुने व्यवस्था गरिएको छ। राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा, उमेर ६५ वर्ष पूरा भएमा, धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा, शारीरिक वा मानसिक अस्वस्थताको कारण कार्य गर्न असमर्थ भएमा पदमुक्त हुनेछ। त्यस्तै प्रधानन्यायाधीशको हकमा संवैधानिक परिषद् र सर्वोच्च अदालतको न्यायाधीशको हकमा न्याय परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा, नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय पाएमा वा मृत्यु भएमा अनि प्रधानन्यायाधीशको हकमा न्याय परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गर्ने व्यवस्था गरिएको छ।

माथिका कुनै पनि अवस्था विद्यमान नभएको अवस्थामा कसरी न्याय परिषद्को सचिवबाट प्रधानन्यायाधीश पराजुलीलाई पत्र पठाई अवकाशको जानकारी दिइयो भनी केही सञ्चारमाध्यमबाट भ्रम सिर्जना गर्न खोजिएको छ। यसको पनि कानुनीरूपमा नै विश्लेषण आवश्यक छ। सविधानको धारा १५३ मा न्याय परिषद्को व्यवस्था गरिएको छ। जसमा प्रधानन्यायाधीश अध्यक्ष रहन्छ, कानुन तथा न्यायमन्त्री, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश, प्रमको सिफारिसमा राष्ट्रपतिले नियुक्त गरेको कानुनविद्, नेपाल बार एसोसिएसनको सिफारिसमा राष्ट्रपतिले नियुक्त गरेको वरिष्ठ अधिवक्ता सदस्य गरी ५ जनाको न्याय परिषद् हुन्छ।

यसको काम कार्यलाई प्रभावकारी बनाउन न्याय परिषद् ऐन २०७३ लागू भएको छ। ऐनकै प्रस्तावना 'न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासनसम्बन्धी अन्य विषयमा सिफारिस गर्ने वा परामर्श दिने सम्बन्धमा न्याय परिषद्को काम, कर्तव्य र अधिकारसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले' यो ऐन आएको हो। ऐनको दफा ४ (१) न्याय परिषद्ले उमेरको हदबाट अवकाश हुने सर्वोच्च अदालतका न्यायाधीशको पद यकिन गरी त्यस्तो पद रिक्त हुनुभन्दा कम्तीमा एक महिनाअगाडि नियुक्तिका लागि सिफारिस गर्नेछ। दफा ३१ ले पदमा नरहेको जानकारी गराउने : (१) कुनै न्यायाधीश उमेरका कारणले अवकाश हुने भएमा न्याय परिषद्ले निज अवकाश हुनुभन्दा कम्तीमा ६० दिन अगावै सोको जानकारी सम्बन्धित न्यायाधीश र निकायलाई गराउनुपर्नेछ। दफा ३१ (६) न्यायाधीशले पेस गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्ममितिहरूको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा जन्म मिति खुलेकोलाई आधार लिइनेछ। दफा ३१ (३) उपदफा (१) बमोजिम अवकाशसम्बन्धी जानकारी गराउने प्रयोजनका लागि न्याय परिषद्ले देहायको आधारमा न्यायाधीशको उमेर गणना गर्दा जुन उमेरबाट निज पहिले अवकाश हुन्छ, सोही आधारमा उमेर गणना गरी निजको उमेर अद्यावधिक गराई राख्नुपर्नेछ :

(क) निजले पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आउने उमेर।
(ख) निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आउने उमेर।
(ग) निजको वैयक्तिक विवरणमा लेखिएको जन्मदिन वा वर्षबाट हुन आउने उमेर।

(४) उपदफा (३) बमोजिम न्यायाधीशको उमेर

दफा ३१ (७) उपदफा (६) बमोजिम छुट्टाछुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको अन्तर १ वर्षभन्दा बढी देखिएमा वर्ष मात्र उल्लेख भएको प्रमाणपत्रको आधारमा उपदफा (३) बमोजिम जन्ममिति कायम गरिनेछ।

माथिका सबै संवैधानिक र कानुनी तथ्यका आधारमा न्याय परिषद्का सचिवले आफ्नो अधिकार क्षेत्रभित्रकै कार्य गरेको प्रस्ट हुन्छ। न्याय परिषद्मा सम्माननीय महोदयले पेस गर्नुभएको नागरिकताको जन्ममिति र शैक्षिक योग्यताको जन्ममिति फरक भएपछि न्याय परिषद् अन्योलमा पर्नु स्वाभाविक थियो। दफा ३१ पदमा नरहेको जानकारी गराउने (१) व्यवस्था किन कार्यान्वयनमा आउन सकेन र साउनमा पदावधि सकिएको अवस्थामा ६ महिनापछि किन जानकारी गराइयो ? यसको तथ्य परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरको मिति २०७४ फागुन ३० गतेको च.नं. ४२४ को पत्रमा जन्ममिति प्राप्त भएकाले यस आधारमा न्याय परिषद् ऐनको कार्यन्वयन मात्र सचिवले गरेको देखिन्छ। तसर्थ यस विषयको जानकारी गराउनु कानुनले दिएको अधिकार र जिम्मेवारी पूरा गरेको अवस्थामा अन्यथा भन्न नमिल्ने देखिन्छ।

सार्वजनिक पदधारण गरेका व्यक्तिहरू कहिलेकाहीं चाहेर वा नचाहेर पनि विवादमा पर्दछन्। त्यस किसिमको विवाद विविध कारणले आउने गर्दछ तर त्यसलाई व्यवस्थापन गर्न सक्नुपर्दछ। व्यक्तिगत स्वार्थका लागि कसैले पनि विवादित कार्य गर्नुहुँदैन। आस्था र न्यायको धरोहरको रूपमा रहेको न्यायालयमा काम गर्ने कर्मचारी, न्यायाधीश वा प्रधानन्यायाधीशसमेतले न्यायालयमा आँच आउने कुनै कार्य गर्नुहुँदैन। तर, वर्तमानको दृश्य यस्तो भइदियो, न्याय नपाएका वा अन्यायमा परेकाहरूलाई न्याय दिनुपर्ने स्थानमा रहेका न्यायमूर्ति आफैं थला परेको अवस्था देखियो। अदालतको सम्मानका लागि संविधानले नै मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्ने व्यवस्था गरेको छ। न्याय परिषद्ले सम्माननीय महोदय २०७४ साउन २१ मा ६५ वर्ष उमेर पूरा भएको जिकिर गर्दै पत्र पठाएको छ। साउनपछि उहाँ न्यायालयको प्रमुख व्यक्ति हुनुभयो, कति फैसला गर्नुभयो होला ? कति आदेश दिनुभयो होला ? राज्य कोषबाट कति रकम तलब भत्तामा लिनुभयो होला ? यी सबै विषयको लेखाजोखा हिसाबकिताब आवश्यक छ कि छैन ? प्रचलित नेपाल कानुनमा कुनै मानिसले नपाएको पगरी पाएको भनी कार्य गरेमा उसलाई कीर्ते, जालसाजी आदि आदि शब्दमा कारबाही हुन्छ। अनि कुनै निवेदन दिँदा आफूले उल्लेख गरेको कुरा फरक परे कानुनबमोजिम सहुँला बुझाउँला भनी दस्तखत गर्नुपर्ने हुन्छ। यी सबै सन्दर्भलाई हेर्दा सम्माननीयज्यू जन-जनको प्रश्नको उत्तर के हुन सक्छ ?

राज्यका उच्च पदमा आसिन पदाधिकारीहरूमा उच्चस्तरको नैतिकता र चारित्रिक गुणको अपेक्षा आम नागरिकले गरेका हुन्छन्। महत्त्वपूर्ण सर्वजनिक जवाफदेहिताको पदमा बसेका व्यक्तिबाट यस किसिमका गतिविधि भएपछि नयाँ पुस्ताले के सिक्ने र के आशा गर्ने ? अदालतप्रति जनताको विश्वास र भरोसा यति धेरै छ कि आज पनि जिल्ला, उच्च अदालत वा सर्वोच्च अदालतमा लाखौंको संख्यामा न्याय पाउने आशामा जनताले तारिक खेपिरहेका छन्। तर, पछिल्लो समयमा न्यायालयलाई धेर-थोर राजनीतिक दलले गाँजेको आभास जनताले पाउन थालेका छन्। जनताको आस्था, भरोसा र न्यायालयको गरिमालाई उच्च राख्नु हरेक नेपाली नागरिकको दायित्व र जिम्मेवारी हो, त्यसभन्दा बढी न्यायक्षेत्रमा काम गर्ने सबैको अहम् दायित्व हो। विधिको शासन भयो भने कसैले औंला ठड्याउने ठाउँ रहँदैन। आम जनताको अपेक्षा र चाहना पनि यही हो।

*(लेखक अधिवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

### कालिञ्चोकको केन्द्र निर्धारणमा बलमिच्याइँ नहोस्

दोलखा जिल्लामा पर्ने कालिञ्चोक गाउँपालिकाको केन्द्रको विषयलाई लिएर विभिन्न टीकाटिप्पणी आइरहेका छन्। स्थानीय सञ्चारमाध्यम र सामाजिक सञ्जालमा पनि यस विषयले स्थान पाएको देखिन्छ। आखिर किन यो गाउँपालिकाको केन्द्र निर्धारणमा सहमति हुन सकेन ?

वास्तविक र सही निर्णय नलिई कसैले आफ्नो दुनो सोझ्याउन खोज्यो भने विवाद सिर्जना हुने हो। यहाँ पनि यही भएको हुन सक्छ। बिनाखर्च सजिलै प्रसस्त जग्गा प्राप्त गर्न सकिने र सबै वडाका लागि पायक पर्ने अनि यातायातको सञ्जाल भएको स्थानमा केन्द्र निर्धारण गरियोस्। बस्तीभित्र पनि सरकारी कार्यालय राखिनुहुँदैन। कुरा सही हो वा होइन, अहिलेका लागि वडा नं. ४ को खुरुले उपयुक्त ठाउँ हो भन्ने अलि बढी सुन्नमा आएको छ। जहाँ भए पनि हचुवा र स्वार्थमा केन्द्र निर्धारण गरियो भने बहुमत जनसंख्याले स्वीकार गर्दैन। यसको जिम्मेवारी जनप्रतिनिधिले लिनुपर्ने हुनाले बलमिच्याइँ नगरियोस्।

*- सुशन खत्री, दोलखा, हाल : काठमाडौं*

### समृद्धि सम्भव छ

राज्य जति लोक कल्याणकारी हुँदै जान्छ, त्यति नै मुलुक स्थिर र विकसित हुँदै जान्छ। नेपाल जस्तो धेरै भाषा, धर्म, संस्कृति भएको मुलुकमा समयानुकूल परिवर्तनको यात्रा अत्यन्तै जटिल छ। अधिकांश नागरिक बेरोजगार भएको र प्राविधिक शिक्षाको अत्यन्तै कम मात्रामा प्रयोगमा ल्याइएको नेपालमा समयानुकूल विकास र प्रगति एउटा कठिन प्रयास हो।

मूलतः आर्थिकरूपमा सशक्त नहुँदासम्म विकास सम्भव छैन र यो एउटा यथार्थ पनि हो। एनजीओ/आईएनजीओ, वैदेशिक सहायता र ऋणले धानेको देशलाई आफ्नै खुट्टामा उभ्याउन सक्ने बनाउन सरकारले ठोस किसिमका नीति कार्यक्रम बनाउन जरूरी छ, जसले सम्भावनाको ढोका खोल्दै हरेक नागरिकलाई अवसरमा रमाउने वातावरण तयार गर्दछ। पर्याप्त मात्रामा पर्यटनको विकास गर्दै ८ उच्च हिमशृंखलाको प्रवर्द्धन मात्र गर्न सकियो भने पनि १० वर्षमा नेपाललाई कायापलट गर्न सकिन्छ। यसका लागि दर्बिलो आत्मविश्वास हुनु आवश्यक रहन्छ।

मन्दिर, मस्जिद, गुफा, गुम्बा, थुम्का, जंगल हाम्रा पहिचानका आधार स्तम्भ हुन्। विश्वसामु हाम्रा प्राकृतिक धरोहरको केही मात्रामा मात्र विज्ञापन गर्न सकियो भने देशले काँचुली फेर्नेछ। लगभग ८३ हजार मेगावाट जलविद्युत् उत्पादनको क्षमता राख्ने खोला, छाँगा, नदी, झरना भएको मुलुक उज्यालोको निम्ति अरूको भरमा बस्नुपर्ने अवस्था आउनु अत्यन्तै दुःखद कुरा हो। आवश्यक मात्रामा नीति, नियम, कानुन बनाएर वैदेशिक लगानी भित्र्याउन राज्य प्रतिबद्ध हुनु आवश्यक रहन्छ। भूगोलअनुसार फरक-फरक हावापानी भएकाले पनि अनेकन खेतीपाती र पशुपालन गर्न सकिन्छ, जसले हामीलाई सजिलै सफलताको सिँढी चढाउनेछ।

वन तथा जडीबुटी हाम्रा विकासका दर्बिला आधारशिला हुन्, जसको केही मात्रामा प्रचारप्रसार गरियो भने पनि हामी र हाम्रा सन्ततिलाई उज्यालो भविष्य दिन सक्छौं। भोलिको पुस्ताको उज्यालो भविष्य नै अहिलेको नेतृत्वको स्वर्गीय आनन्द हो, जुन कुरामा राज्य गम्भीर बन्नु भने आवश्यक छ। तितेपाती, यार्सागुम्बा, चिराइतो, वनमारा औषधिका मुख्य स्रोत हुन्, तर हामीकहाँ बिनाप्रयोग त्यसै खेर गएको छ। यसरी आम्दानीका स्रोत कुहिनु भनेको हामी अन्धकारतिर धकेलिनु पनि हो। जनशक्तिको सीप र योग्यताको विकास अनि परिचालन गर्दै उद्योगधन्दाको सञ्चालनमा व्यापक परिवर्तन ल्याउन आवश्यक छ। नेपालमा विषयगत, व्यावहारिक र अनुसन्धानमूलक एवं वैज्ञानिक ढंगले शिक्षा क्षेत्रको विकास गरेर पनि नेपालको उन्नतिमा हातेमालो पनि गर्न सकिन्छ।

देशका लागि आवश्यक पर्ने पूर्वाधार निर्माणमा सरकारको अल्प र दीर्घकालीन दुवै लक्ष्य हुनुपर्छ र विकासको खाका (ब्लु प्रिन्ट) बनाई कटिबद्ध भएर लाग्न सक्यौं भने नेपाललाई विकसित देश बनाउन गाह्रो छैन। देशको विकास सरकारको प्रयासमा मात्र सीमित राखिनुहुन्न। विकास जनताले गर्ने र जनता केन्द्रित हुनुपर्छ र सरकारको काम त्यसका लागि चाहिने आवश्यक पूर्वाधारहरू तयार पारिदिने हो। आज मात्र देख्ने होइन, दूरदृष्टि हुनुपर्छ। अहिले मानव विकास क्रममा एउटा भूगोलभित्र मात्र रहेर देश विकास हुन सक्दैन। नेपालको सन्दर्भमा कति नेपालीले आफ्नो भूगोलभन्दा बाहिर अवसरको खोजीमा समय बिताइरहेका हुन्छन्। अब सीमाभित्र मात्र देश रहन सक्तैन। यसको अर्थ यो हो कि सहीरूपमा रेमिट्यान्सको उपयोगिताले पनि मुलुकलाई उन्नतिपथमा लैजान सकिन्छ। खासमा विकासका लागि लगानी गर्नुपर्छ। यस्तो लगानीमा स्वदेशभित्र र बाहिरका लगानीकर्ताहरूलाई आकर्षित गर्न सक्नुपर्छ। विकासका लागि आधारभूत सुविधाहरूको विकास गर्नु जरूरी हुन्छ। देश विकासका लागि राजनीतिक स्थायित्व, शान्ति र सुरक्षा महत्त्वपूर्ण विषयहरू हुन्। यी सारा कुराको उचित व्यवस्थापनमा राज्य र नागरिकको अहम् भूमिका रहन्छ।

हाम्रो देशको प्रमुख चुनौती भनेको बेरोजगारी हो। यसको प्रमुख कारण भनेको देशमा उद्योगधन्दाको अविकास नै हो। पुँजीवादमा निजी क्षेत्रलाई वस्तु र सेवाको उत्पादन, प्रवर्द्धन र बिक्रीको सहज वातावरण निर्माण गरिन्छ। यसले देशमा आन्तरिक तथा बाह्य लगानीको प्रवाह हुनगई ठूलठूला रोजगारका अवसरहरू सिर्जना गर्न सकिन्छ, जसले गर्दा देशको बेरोजगारी घट्न जान्छ। दक्ष जनशक्ति देशमै प्रयोग भए श्रम पलायन रोकिन्छ र देशले पर्याप्त राजस्व संकलन गर्छ। देशको आयात घट्न गए निर्यात बढ्न जान्छ। देशको आर्थिक पक्ष सबल हुन जाँदा भौतिक पूर्वाधार निर्माणमा देशले लगानी गर्न सक्छ। साथै, देशले नागरिक सेवाका क्षेत्रमा पनि पर्याप्त लगानी गर्न सक्छ, जसका कारण देशमा शिक्षा, स्वास्थ्य, खानेपानी, आवास जस्ता क्षेत्रमा राज्यको लगानी बढ्न जान्छ। यसको प्रभाव राज्यका सम्पूर्ण अंगहरू, निजी तथा गैरसरकारी क्षेत्रहरूमा पनि पर्न गई देशमा व्याप्त भ्रष्टाचार कम हुँदै जान्छ, जसले गर्दा दण्डहीनता घटी कानुनी शासनको शुरूआत हुन्छ। यसले नेपालको भाग्य र भविष्यको फैसला गर्दछ।

यसपालिको आम निर्वाचनमा समाजवादको नाराले खुब हंगामा मच्चायो, एक किसिमको चुनावी तरंग नै ल्यायो। आखिर, भर्खरै मात्र सामन्तवादको न्यूनीकरण गर्दै पुँजीवादको अभ्यास थालेको मुलुकमा समाजवाद एउटा सपना हो। यदि हामीले पुँजीवादलाई मात्र प्राथमिकता दिने हो भने एकदिन पूरा सरकार पुँजीपतिहरूको जकडमा आउन सक्छ। यसको असरस्वरूप गरिब झन् गरिब र धनी झन् धनी हुने अवस्था सिर्जना हुन्छ। त्यस कारण, पुँजीको सामाजिक र समान बाँडफाँड अति नै आवश्यक छ। उत्पादन, प्रवर्द्धन र बिक्री-वितरणमा सामाजिक सहकारीकरण हुन सक्यो भने नाफाको हिस्सा समानुपातिकरूपमा वितरण हुन जान्छ, जसले गर्दा धनी र गरिब, मालिक र नोकर जस्ता सामाजिक फाटाहरू टालिन जान्छन्। सहकारीकरणले गर्दा आम नागरिकमा एक-अर्काप्रति सद्भाव र सेवाको भावनाको विकास हुन जान्छ र अपांग, अशक्तहरूले पनि अभाव र अन्याय सहनुपर्ने हुँदैन। उत्पादनका क्षेत्रहरूको सामाजिक अपनत्व र सहकारीकरणमुखी अर्थव्यवस्था नै समाजवाद हो। यसले धनी र गरिबको खाडल पुर्न मद्दत गर्दछ। यस्ता विविध काममा राज्य अग्रसर भए मुलुकले विकासको सास फेर्नेछ।

*- सुशान्त आचार्य, काठमाडौं*

## सामाजिक सञ्जाल



कुनै पनि प्रभाव र विवादमा फस्न नहुने राज्यको महत्त्वपूर्ण निकाय, न्यायालय।

**Onasari Gharti**
**@OnasariGharti**



आँधीसँग भिड्न भनेर पवनमा उत्रिएकी योद्धा म, यी सफरका स-साना बतासहरूले निसास्सिने त सवालै हुँदैन।

**आभा**
**@vab_na**



विगत एक वर्षलाई मात्र सम्झौं– पुलिसमा आईजीपी प्रकरण, अख्तियारमा लोकमान प्रकरण, अदालतमा पराजुली प्रकरण। यस्तो मेकानिज्म बोकेर देश किन बनेन भन्ने बहस गर्ने कठै हामी नेपाली !

**dambar khatiwoda**
**@dambarkhatiwoda**

पीडितलाई लामो समयसम्म विदेश नपठाई आलटाल गर्ने, कसैलाई अन्य मेनपावर कम्पनीसँग सम्पर्क गरी वैदेशिक रोजगारमा पठाउँछु भनी अल्झाई राख्ने गरेको खुल्न आएको छ।

# 'सरकारले खटाएको ठाउँमा कर्मचारी जानुपर्छ'

नेपाल समाचारपत्र

काठमाडौं



प्रधानमन्त्री केपी शर्मा ओलीले देश बनाउन अब कुनै पनि बहानामा ढिला गर्न नसकिने बताउनुभएको छ। नेपाल निजामती कर्मचारी संगठनको बधाई ग्रहणपछि शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले पुरानो शैली र ढाँचाले देशको विकास सुस्त गतिमा हुने बताउनुभयो।

'देशको विकास गर्ने कुरामा अब ढिलढाल गर्न सकिँदैन' प्रधानमन्त्री ओलीले भन्नुभयो- 'सबैले नयाँ ढंगले सोचौं,नयाँ कामको थालनी गरौं।' प्रधानमन्त्री ओलीले सबैलाई उपयोगको सिद्धान्तअनुसार काम गर्न आग्रह गर्नुभएको छ। 'गमलालाई उपयोग गरेर एक मुठा साग उत्पादन गरेर एक छाक टार्नुहोस्', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'तपाईंका लागि गरिएको यो सानो कामले कामले देशको अर्थतन्त्रलाई नै टेवा पुर्‍याउँछ।'

कर्मचारीको पेसागत मर्यादा र सुरक्षामा सरकार गम्भीर रहेको प्रधानमन्त्री ओलीले बताउनुभएको छ। जागिर शुरू गर्दाको शर्तअनुसार सरकारले खटाएका ठाउँमा जनताको सेवा गर्न कमर्चारी अनिवार्यरूपमा जानुपर्नेमा प्रधानमन्त्री ओलीले जोड दिनुभयो। 'खटाएको ठाउँमा जान्न भन्ने कर्मचारीलाई अघिल्लो सरकारले गोल्डेन ह्यान्डचेकसहित घर पठाउने निर्णय गरेको रहेछ', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'वर्तमान सरकार अनुभवी कर्मचारीलाई घर पठाएर नयाँ कर्मचारी नियुक्त गर्ने पक्षमा छैन। सरकारले खटाएको ठाउँमा कर्मचारी जानु पर्छ।'

## दुवै छिमेकबाट छिट्टै उच्चस्तरीय भ्रमण

काठमाडौं, (नेस)

नवनियुक्त परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले एक वर्षभित्र चीन र भारतबाट नेपालमा उच्चस्तरीय भ्रमण हुने बताउनुभएको छ। सन् २०१८ भित्र चिनियाँ राष्ट्रपति सी जीन पीङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल भ्रमण गर्ने उहाँको भनाइ छ।

रिपोर्टर्स क्लबले शनिबार आफ्नो सम्मानमा आयोजना गरेको साक्षात्कारमा बोल्दै ज्ञवालीले यस्तो बताउनुभएको हो। नेपालबाट पनि राष्ट्रपति र प्रधानमन्त्रीले यही वर्षभित्र छिमेकी मुलुकको भ्रमण गर्ने बताउँदै उहाँले भन्नुभयो- 'सन् २०१८ नेपालका लागि महत्त्वपूर्ण हुनेछ, अन्य मुलुकबाट पनि उच्चस्तरीय भ्रमण हुनेछ।'

प्रधानमन्त्री केपी शर्मा ओलीको विदेश भ्रमणको गृहकार्य भए पनि कुन देशमा पहिलो भ्रमण हुन्छ भन्ने तय हुन बाँकी रहेको ज्ञवालीले बताउनुभयो। भारतले नेपालसँग नयाँ ढंगले सम्बन्ध विकास गर्न खोजेको प्रसंग जोड्दै उहाँले केही समयअघि भारतीय विदेशमन्त्री सुष्मा स्वराजको भ्रमण त्यही उद्देश्यका लागि भएको धारणा राख्नुभयो। सरकारले छिमेकी मुलुकहरूसँग असल सम्बन्ध कायम गर्दै आर्थिक कुटनीतिलाई प्राथमिकता दिन चाहेको उल्लेख गर्दै ज्ञवालीले राजदूतहरूसँगको भेटवार्ता र परराष्ट्र मन्त्रालयलाई अझ व्यवस्थित गर्न चाहेको बताउनुभयो।

चीन र भारत दुवै मुलुकले तीव्र आर्थिक विकास हासिल गरिरहेको अवस्थामा यी मुलुकसँग नेपाल जोडिनु खुसीको कुरा भएको उल्लेख गर्दै उहाँले भन्नुभयो- 'दुवै देशसँग हामी सुमधुर र सन्तुलित सम्बन्ध राख्छौं।' सार्क र विमस्टेकजस्ता क्षेत्रीय संगठनलाई अझ सक्रिय बनाउन जरुरी रहेकाले अहिले दुवै संगठनको अध्यक्ष राष्ट्र रहेको नेपालको भूमिका प्रभावकारी रहेको ज्ञवालीको भनाइ थियो।

## भाषा र साहित्य जगेर्ना गर्दै स्यस्य: समाज

ललितपुर, (नेस)

स्यस्य: समाज ललितपुरको तेस्रो साधारणसभा शनिबार सम्पन्न भएको छ। समाजका अध्यक्ष उत्तमलाल श्रेष्ठले समारोहको उद्‌घाटन गर्दै संगठनात्मक संरचनाको विकास गरी आफ्नो भाषा, साहित्य, कला, सांस्कृतिक सम्पदा र परम्परागत रीतिरिवाजको संरक्षण तथा सम्बर्द्धन गर्ने कार्यमा समाज अग्रसर रहँदै आइरहेको बताउनुभयो।

समाजका सदस्य विजयनाथ जोशीले संस्थालाई आर्थिकरूपमा सबल बनाउन संस्थाले आयमूलक क्रियाकलापमा जोड दिँदै गरेको जानकारी गराउनुभयो। सदस्य न्हुच्छेबहादुर नेम्कुलले सदस्यहरूको हित एवं प्रबर्द्धनका लागि समाजले गरेको योगदानको चर्चा गर्नुभयो।

त्यस्तै केन्द्रीय प्रतिनिधि नरसिंहलाल चखूँले समाजले सदस्यहरूको बैयक्तिक विकासका लागि परिणाममुखी र व्यवहारमुखी कार्य क्षेत्रलाई अंगीकार गरी सदस्यहरूलाई उत्प्रेरणा दिई अनुसन्धान र विकासका मार्गहरूलाई पहिचान गरी संस्थाको प्रगतिको मार्ग पहिल्याउनुपर्ने धारणा राख्नुभयो।

समारोहका उपाध्यक्ष किरणमान प्रधान, इलाका सदस्य डा. किरणराज जोशी, रामसुन्दर हाडा, हरिहरमंगल जोशी र विश्वभक्त मल्लले पनि समाजको गतिविधिबारे आ-आफ्ना धारणा राख्नुभएको थियो।

## मैथिलीलाई प्रादेशिक भाषा कायम गर्न माग

नेपाल समाचारपत्र

भक्तपुर

ब्राइट नेपालले प्रदेश नम्बर २ मा हिन्दी भाषा लाद्ने प्रयास भएकोप्रति घोर विरोध गरेको छ। ब्राइट नेपालले एक प्रेस विज्ञप्ति जारी गरी प्रदेश नं. २ मा सबैभन्दा बढी मैथिली भाषी रहेको र सबै भाषाभाषीले एकअर्काको भाषा राम्रोसँग बुझ्ने भएका कारण मैथिली भाषालाई प्रादेशिक भाषाका रूपमा कायम गर्न माग गरेको छ।

आफ्नो पहिचान र अधिकारका लागि लामो समयदेखि संघर्षरत मधेसी जनता र तराई मधेस क्षेत्र मात्र समेटिएको प्रदेश २ अहिले भाषिक विवादमा अल्झेको उसले ठहर गरेको छ।

प्रदेश २ मा बोलिने मातृभाषाहरू मैथिली ,भोजपुरी, अवधी, मगही थारु आदि रहेको उल्लेख गर्दै ब्राइट नेपालले उनीहरूले एक अर्काको भाषा राम्रोसँग बुझ्ने गरेकाले हिन्दी भाषालाई प्रादेशिक बनाउने प्रयासलाई सफा पानीलाई धुमिल्याई माछा मार्ने प्रयासको रूपमा चित्रण गरेको छ।

हिन्दी भाषालाई सम्पर्क भाषा बनाउने नाममा राजनीति गर्दै यसलाई सम्पर्क भाषाको रूपमा लादी प्रादेशिक भाषा बनाउने प्रपञ्च गर्नु दिवास्वप्न मात्र भएको संस्थाका अध्यक्ष पुनम देवले बताउनुभयो।

जनताबाट निर्वाचितहरूले नै जनताको चाहनाविपरीत हर्कत गर्दा र दिवा स्वप्न देखन थाल्दा उनीहरूविरुद्ध आन्दोलन हुन सक्नेतर्फ सचेत गराउँदै यस्तो प्रयास नगर्न सचेत गराएको छ।

## गैरकानुनीरूपमा राहदानी संकलन गर्ने पक्राउ

काठमाडौं, (नेस)

वैदेशिक रोजगारमा पठाइदिन्छु भनी गैरकानुनी रूपले राहदानी संकलन गर्ने ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा बाग्लुङ ढोरपाटन नगरपालिका-१ बुर्तिवाङका कृष्ण भन्ने टोपबहादुर महत, सुनसरी धरान नगरपालिका-१६ का राजकुमार श्रेष्ठ, बाग्लुङ ढोरपाटनका जित सत्याल र मोरङ सिजुवाका रमेश काफ्ले रहेका छन्।

काठमाडौं महानगरपालिका-१६ बालाजुस्थित एउटा घरको दोस्रो तलामा सरल वैदेशिक रोजगार परामर्श केन्द्र प्रालि नामक कार्यालयका सञ्चालक महतले विभिन्न व्यक्तिलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी गैरकानुनीरूपले विभिन्न व्यक्तिको राहदानी संकलन गर्ने, रकम र राहदानी संकलन गरेपश्चात् वैदेशिक रोजगारमा नपठाई पीडितहरूलाई अल्झाई राख्ने गरेको सूचना प्राप्त भएपछि शुक्रबार महानगरीय अपराध महाशाखा तथा वैदेशिक रोजगार विभाग बुद्धनगरबाट खटिएको टोलीले उनीहरूलाई राहदानी, वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न कागजातसहित पक्राउ गरेको हो।

पक्राउ परेका व्यक्तिले वैदेशिक रोजगारमा जान इच्छुक व्यक्तिहरूलाई सम्पर्कमा ल्याई कुवेत, दुवई, कतार, साउदीअरबलगायतका देशमा राम्रो रोजगारीको अवसर छ भनी प्रलोभनमा पारी राहदानी र प्रतिव्यक्ति १ लाखदेखि २ लाख रकम लिने गरेको तथा पीडितलाई लामो समयसम्म विदेश नपठाई आलटाल गर्ने, कसैलाई अन्य मेनपावर कम्पनीसँग सम्पर्क गरी वैदेशिक रोजगारमा पठाउँछु भनी अल्झाई राख्ने गरेको खुल्न आएको छ।

प्रहरीले उनीहरूबाट नेपाली राहदानी १ सय ३२ थान, ल्यापटप १ थान, वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न कागजात, विभिन्न बैंकको चेक, विभिन्न व्यक्तिको नाममा रहेको भिषाका प्रतिलिपीसमेत बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जुवाडे समातिए

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-१६ खुशिबुस्थित मोटरसाइकल ग्यारेजभित्र जुवातास खेलिरहेकालाई प्रहरीले पक्राउ गरेको छ। धादिङ ज्यामरुङ गाउँपालिका-७ का घनश्याम इटनीलगायत ११ जनालाई प्रहरीले शुक्रबार नगद ४२ हजार ४ सय रुपियाँ र ३ बुक तासहित पक्राउ गरेको छ।

यसै गरी काठमाडौं महानगरपालिका-१६ बालाजु वसन्तनगरमा सुर्खेत घर भएका कर्णबहादुर चन्दले सञ्चालन गरेको सुपर जाजरकोट गेस्ट हाउसमा जुवातास खेलिरहेका चन्दसहित १२ जनालाई पनि शुक्रबार प्रहरीले नगद ६२ हजार २ सय ५ रुपियाँ र १ बुक तासहित पक्राउ गरेको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
सुदूर पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय
**डिभिजन सडक कार्यालय, पाटन, बैतडी**

**बोलपत्र स्वीकृतिको लागि छनौट गरिएको आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०७४/१२/०४**

यस डिभिजन सडक कार्यालयको **IFB No. TNN/074/75-03** अन्तर्गत मिति २०७४/०९/२१ मा राजधानी राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित सूचना अनुसार निम्न ठेक्काहरुको तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र २७(३) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनोट गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| S. N. | Contract Identification Numebr | Name and Location of the Construction Work | Name and Address of Lowest Evaluated Responsive Bidder | Bid Amount Including of VAT & PS (NRS) |
|---|---|---|---|---|
| 1 | DROBTD/3371653/074/75-05(RE) | Recurrent Repair of Bituminous Surface in Gokuleshwor-Khalanga Section of Mahakali Highway | M/S Shree Durge Bhawani Nirman Sewa, Bedkot-07, Kanchanpur | 2,365,574.07 |
| 1 | DROBTD/3373564/074/75-13 | Rehabilitation Works in Baagthala-Chainpur Section of Khodpe-Bajhang Road (F49) | M/S Ashish / Chandra & Basant / Gwallek JV, Jawalakhel, Lalitpur | 78,726,127.19 |
| 2 | DROBTD/3373554/074/75-14 | Roadway Excavation and Structure Works in Anarkholi-Dewal-Kailpal-Dibbyapur Road | M/S Chandani Construction Company Pvt.Ltd, Amargadi Muncipality-05, Dadeldhura | 12,755,708.11 |
| 3 | DROBTD/3373554/074/75-15 | Roadway Excavation and Structure Works in Bippyekatal-Dulain-Dhungad-Doti-Thalara Road | M/S Kalika Nirman Sewa, Dhangadi-04, Kailali | 7,728,466.37 |
| 4 | DROBTD/3373554/074/75-16 | Roadway Excavation and Structure Works in Lamalek-Baralaghat Road, Baitadi | M/S D. R. Nirman Sewa, Amargadhi-05, Dadeldhura | 2,990,651.38 |
| 5 | DROBTD/3373354/074/75-17 | Roadway Excavation and Structure Works in Dudilakhan-Ganjari-Thalakada-Deura-Bajhang Road | M/S D. R. Nirman Sewa, Amargadhi-05, Dadeldhura | 4,536,929.74 |
| 6 | DROBTD/3373354/074/75-18 | Roadway Excavation and Structure Works in Khal-Dehimandau-Sharmali Road, Baitadi | M/S Shahi Nirman Sewa, Bhimdutta-18, Kanchanpur | 4,147,659.63 |
| 7 | DROBTD/3371653/074/75-19 | Periodic Repair (Resealing) in Satbanjh-Gokuleshwor Section of Mahakali Highway(H14) | M/S Shree Durge Bhawani Nirman Sewa, Bedkot-07, Kanchanpur | 5,477,098.67 |

**डिभिजन प्रमुख**

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**वृष** : द्रव्यलाभ, विविध प्राप्ति, उत्तम भोजन, पारिवारिक सुख।
**मिथुन** : सुख-सन्तोष, कार्य सफल, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**कर्कट** : राज्यबाट लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, व्यापारिक लाभ, यशवृद्धि।
**सिंह** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**कन्या** : धन आर्जन, अधुरा कार्य पूरा, मान-सम्मान, समस्याको समाधान।
**तुला** : द्रव्य लाभ, परीक्षा प्रतियोगितामा विजय, गौरव वृद्धि, सुख-सन्तोष।
**वृश्चिक** : धन प्राप्ति, सुख-सन्तोष, गरेका कार्य सफल, सन्तुष्टि।
**धनु** : पेटमा गडबडी, दौडधुप, परिवारमा विवाद, दिनचर्या अस्तव्यस्त।
**मकर** : द्रव्यलाभ, सम्मानित हुने अवसर, जागिर-व्यापारमा सफलता।
**कुम्भ** : आर्थिक लाभ, शुभ खबर, मित्रजनबाट सहयोग, आत्मसन्तुष्टि।
**मीन** : खाद्यान्न प्राप्ति, भाग्योदय, उपहारादि वस्तु प्राप्ति, कार्य सफल।



# प्रदेश-३



सरकारले हेटौंडालाई प्रथम पुरस्कारवापत् ५ लाख नगद र प्रमाणपत्र प्रदान गरेर सम्मान गरेको त्यो अवस्थाले हाल उपमहानगरलाई गिज्याइरहेको छ।

## कार्यकर्ताबाट चार घण्टा घेरिए मन्त्री

मोतिराम तिमल्सिना, काभ्रे




सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्रीमा एमालेबाट निर्वाचित देशकै दोस्रो लोकप्रिय मत प्राप्त गरेका पत्रकार गोकुल बास्कोटा नियुक्ति भएसँगै गृह जिल्लामा भव्य स्वागत गरिएको छ। बिहान ८ बजे देखि १२ बजेसम्म राज्यमन्त्री बास्कोटा कार्यकर्ताकै स्वागतमा घेरिन पुगे।

प्रधानमन्त्री केपी शर्मा ओलीले तेस्रो पटक शुक्रबार विस्तार गरेको मन्त्री परिषद्मा बास्कोटा क्याबिनेटसहितको राज्य मन्त्रीमा नियुक्त भएका थिए। नेपाली कांग्रेसका जिल्ला सभापति मधुप्रसाद आचार्यलाई १७ हजार ९ सय मतान्तर फरकमा पराजय गर्दै विजयी भएका बास्कोटा नेपाल पत्रकार महासंघ काठमाडां जिल्ला शाखाका सदस्य छन्।

काभ्रेपलाञ्चोक जिल्लाबाट महासंघको सदस्यता लिएका बास्कोटाले सम्बोधन साप्ताहिक प्रकाशन गरिरहेका छन्। शनिबार बिहानै एमाले पार्टी कार्यालय आइपुगेका बास्कोटालाई जिल्लाका विभिन्न तहका नेता तथा कार्यकर्ता, स्थानीय सरकारका प्रतिनिधिहरू र सर्वसाधारणले भव्य स्वागत गर्दै बधाई र कार्यकालको सफलताको शुभकामना व्यक्त गरेका थिए। पूर्वमन्त्री केशव बडाल, पूर्वराज्यमन्त्री गोविन्दनाथ उप्रेतीपछिका बास्कोटा क्याबिनेट मन्त्री थिए। माओवादीबाट सूर्यमान दोङ पनि यसअघि राज्यमन्त्री भएका थिए। त्यही घेराको बीचमा प्रेस चौतारी काभ्रेले संस्थापक सचिव राज्यमन्त्री बास्कोटालाई बधाई तथा शुभकामना दिएको थियो।

### के भने बास्कोटाले?

मैले जे भन्छु त्यही मात्र लेख्नुस। बाङ्गो टिङ्गो नबनाउनुस्। मैले प्राप्त गरेको अवसर काभ्रेपलाञ्चोक जिल्लाका सबै क्षेत्रका व्यक्तिहरूले प्राप्त गरेको अवसर हो। यसलाई जिल्लाले उपलब्धिमा बदल्नुपर्छ। यसका लागि जिल्लावासीहरूको सहयोग, सल्लाह र आलोचना चाहन्छु। सञ्चार क्षेत्रको युगलाई आधुनिकतामा पुऱ्याएको छ। सूचना प्रविधिमा आएको तीव्रतम विकासले विकृतिहरूलाई पनि जन्माएको छ। त्यसलाई नियन्त्रण गरेर समृद्ध समाजको निर्माण गर्नुपर्छ। सूचना ज्ञान हो। शक्ति हो। विध्वंसको कुनै माध्यम सञ्चार बन्नुहुँदैन।

### को हुन् बास्कोटा?

काभ्रेपलाञ्चोक जिल्लाको साविक नयाँगाउँ गाविस हालको मण्डनदेउपुर नगरपालिका-४ नयाँगाउँ चैनपुरमा २०२७ सालमा बुबा हरिप्रसाद र आमा बालकुमारीको कोखबाट जन्मिएका बास्कोटा ४ दाजुभाइमध्येका कान्छा हुन्।

२०४४/२०४५ देखि पार्टीको पूर्णकालीन कार्यकर्ता भएका उनले काभ्रे एमालेको नेतृत्व तहमा रहेर लामो समय साङ्गठानिक जीवन विताएका छन्। संघीय प्रतिनिधिसभाको पहिलो निर्वाचनमा काभ्रे जिल्ला निर्वाचन क्षेत्र नम्बर २ बाट देशभरकै दोस्रो लोकप्रिय मत प्राप्त गर्दै नेकपा एमालेबाट सांसद बनेका थिए। डेडीथुम्का स्कुलबाट एसएलसी गरेका उनले मास कम्युनिकेसनमा स्नातकसम्मको अध्ययन रत्नराज्यलक्ष्मी क्याम्पसबाट पूरा गरेका छन्। प्रकाश, दृष्टि, बुधबार, सम्बोधनलगायत वाम निकट पत्रिकाहरूमा रहेर सक्रिय पत्रकारिताको लामो अनुभव संगालेका उनी पछिल्लो समय पत्रकारिताभन्दा पार्टी राजनीतिमा क्रियाशील रहेका थिए। नेपाल पत्रकार महासंघ काभ्रे शाखाको सदस्य हुँदै काठमाडौं जिल्लाको सदस्यसमेत रहेका बास्कोटा अहिले पनि सक्रिय पत्रकार हुन्। उनी सम्बोधन साप्ताहिकमा सम्पादक छन्।

## भत्किएका विद्यालय धमाधम पुनर्निर्माण

नुवाकोट, (नेस)

नुवाकोटमा भूकम्पले ध्वस्त भएका विद्यालय धमाधम निर्माण हुन थालेका छन्। यसैक्रममा तार्केश्वर गाउँपालिका-६ गोर्स्याङस्थित भमरा आधारभूत विद्यायलमा रुम टु रिडले निर्माण गरेका नयाँ भवन सञ्चालनमा ल्याइएको छ।

वैशाख १२ को भूकम्पले विद्यालयका सबै कक्षाकोठा पूर्ण क्षति भएपछि पुनर्निर्माणअन्तर्गत अभिभावकको श्रमदान र संस्थाको ७५ लाख ४५ हजार लगानीमा बनाइएको दशकोठे नयाँ भवनको जिल्ला समन्वय समितिका प्रमुख सन्तमान तामाङले उद्घाटन गर्दै विद्यालयले मातृभाषा तथा पेसागत शिक्षामा जोड दिनुपर्ने बताउनुभयो।

गाउँपालिका अध्यक्ष रमेश वस्तीले शिक्षा क्षेत्रमा पर्याप्त बजेट भएकाले विद्यालयले नयाँ शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहेमा आर्थिक स्रोतको समस्या नहुने आश्वासन दिनुभयो।

रुम टु रिडका जिल्ला प्रबन्धक सुशील तिमल्सिनाले विद्यालयमा पुस्तकालय, अभ्यास सिकाइलगायतका सहयोग कार्यक्रम जारी राखिने जानकारी दिनुभयो। भूकम्पले भवन क्षति बनाएपछि खुला स्थानमा बसेर अध्ययन गर्दै आएका विद्यार्थीलाई समसामयिक एवं रचनात्मक क्रियाकलापमा पनि केन्द्रित गराउन लागिएको प्रअ ईश्वर अर्यालले बताउनुभयो।

## बोतल हान्ने पक्राउ

नुवाकोट, (नेस) । दुप्चेश्वर गाउँपालिका-३ को राउतबेंशीमा बिहीबार साँझ एक कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा महतमाथि बोतल प्रहार भएको थियो। बोतल प्रहारबाट डा. रामशरण महत सामान्य घाइते भएका छन्। गाउँपालिकाको राउतबेंशीमा भएको जिल्लास्तरीय भलिबल कार्यक्रममा सम्बोधन गर्दै गर्दा दुप्चेश्वर गाउँपालिकाका रामहरि खड्काले महतमाथि बोतल प्रहार गरेको प्रत्यक्षदर्शी श्यामकुमार केसीले बताए। बोतल प्रहार गर्ने युवकलाई प्रहरीले पक्राउ गरी घटनाको अनुसन्धान भइरहेको खरानीटार प्रहरी चौकी नुवाकोटले जनाएको छ।

## जंगबहादुरकालीन मन्दिर पुनर्निर्माण हुँदै

नेपाल समाचारपत्र

चौतारा



पुरातत्व विभागको आर्थिक सहयोगमा गोरखाको भूकम्पले क्षतिग्रस्त करिब दुई सय वर्ष पुरानो गोल्मा भीमेश्वर मन्दिरको पुनर्निर्माण शुरू हुने भएको छ।

बाह्रबीसे नगरपालिका-८, मानेश्वाँरामा प्रदेशमन्त्री र सदस्य, नगरपालिका, स्थानीय भक्तजन, साधुसन्त, बुद्धिजीवीको उपस्थितिमा सो मन्दिरको सामूहिक शिलान्यास र पूजाआजा गरिएको छ। चालू आवमा १५ लाख रकम विनियोजन गरी पुरातत्व विभागले परम्परागत सुर्खी र चुना प्रयोग गरी प्यागोडा शैलीमा सो मन्दिर बनाउन लागेको हो। गोल्मा भीमेश्वर र त्यसको उत्तरमा पर्ने उग्रचण्डी लिस्तीमाईको नेपाल-तिब्बत युद्धताका जंगबहादुर राणाले पूजाआजा गरी दुगुनागढीतर्फ लागेको बताइएको छ।

सिन्धुपाल्चोकको प्रमुख व्यापारिक केन्द्र बाह्रबीसे बजारबाट उत्तरपश्चिम पर्ने बाह्रबीसे -भैरवकुण्ड सडकको चार किमी दूरीमा पर्ने मानेश्वाँरा गोल्मास्थानस्थित प्राचीन ऐतिहासिक धरोहर गोल्मा भीमेश्वर मन्दिरमा करिब दुई सय वर्षअघिदेखि नित्य पूजाआजा गरिँदै आएको गोल्मा भीमेश्वर मन्दिर सम्बर्द्धन समितिले जनाएको छ। त्यसै बेलादेखि गोल्मा भीमेश्वर मन्दिर निर्माणस्थलमा २ रोपनी ८ आना जग्गा र गुठी व्यवस्थापनका लागि २८ रोपनी आवादी खेत हर्रे भन्ने ठाउँमा रहेको समितिले जनाएको छ।

## 'सफा शहर' को खोलामा मरेका कुखुरा

नेपाल समाचारपत्र

हेटौंडा



शहरी विकास मन्त्रालयअन्तर्गत फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रले ३ वर्षअघि 'सफा शहर' को प्रथम पुरस्कार दिएको हेटौंडा नगरपालिका क्षेत्रका खोलामा मरेका सिनु फयाँक्ने गरिएको पाइएको छ। नगरमा मरेका कुखुरा बोरामा पोको पारेर राति अरूले थाहा नपाउने गरी खोलामा फ्याँकिएको पाइएको हो।

सरकारले हेटौंडालाई प्रथम पुरस्कारवापत् ५ लाख नगद र प्रमाणपत्र प्रदान गरेर सम्मान गरेको त्यो अवस्थाले हाल उपमहानगरलाई गिज्याइरहेको छ। हेटौंडा-६ को चुच्चेखोला र हेटौंडा-१७ को कुमलटारबीच पर्ने कर्रा खोलामा मरेका कुखुरा फ्याँक्दा खोला नै प्रदूषित भएको छ। वरिपरि बस्तीमा दुर्गन्ध फैलिएको छ। गर्मी शुरू हुँदै गर्दा यस्तो प्रवृत्तिले रोग फैलने डरका कारण पनि स्थानीय त्रसित छन्। त्यस क्षेत्रमा कुहिएको सिनोको दुर्गन्ध आएपछि स्थानीयले हेर्दा मरेका कुखुराहरू फेला पारेका थिए।

स्थानीयले आफ्नै प्रयासमा खबरदारी गर्दै मरेका कुखुरा खोलामा फ्याँक्नेको खोजी शुरू गरेका छन्। सूचना पाएपछि कुखुराहरू फ्याँकिएको स्थानमा स्थानीय पुगेका थिए। त्यस स्थानमा झण्डै २ सयभन्दा बढी मरेका कुखुरा रहेको अवस्थामा फेला परेको स्थानीयले बताए। कुखुराहरू बोरामा राखेर फ्याँकिएको अवस्थामा फेला परेको वडा अध्यक्ष अर्जुन चौलागाईंले बताउनुभयो।

आफ्नै गाउँठाउँ र बाटोमा हिंड्ने बटुवालाई अप्ठ्यारो पर्ने गरी कुखुराको सिनो फालेका कारण दुर्गन्ध फैलिएको भन्दै स्थानीयले कुखुरापालक किसानलाई यस्तो नगर्न चेतावनी दिएका छन्।

वडाध्यक्ष चौलागाईंले स्थानीय क्षेत्रमा रहेका करिब एक दर्जन पोल्ट्री फार्ममध्ये कुनैले यस्तो काम गरेको हुनसक्ने भन्दै दोषी पहिचान गरी कारबाही गर्ने दाबी गर्नुभएको छ।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

### जग्गा विक्रीमा

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

### वर्गीकृत डिस्प्ले

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

### डिप्रेशन र माईग्रेनको सफल उपचार !!!

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्याष्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

### मर्मत

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

उपलब्धी सुविधाहरू
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

### चाहियो

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

### बाथ तथा दमको अचुक उपचार

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७४, चैत
आइतबार
४

# नेपाल

'राजधानीको विषयभन्दा पनि तराईतिर बसाइँसराइ गर्नेहरूको फेसन जस्तै भएको छ, गाउँमा सामान्य रकम भएका व्यक्तिहरु पनि अहिले तराई जान थाले पछि गाउँमा प्राय: शुन्य हुन थालेको छ।'

## राजधानी सरेसँगै बसाइँ सर्नेको लर्को

**विमल विष्ट, डोटी**

डोटीको दिपायलबाट अस्थायी राजधानी कैलाली सरेसँगै यहाँका ग्रामीण क्षेत्रबाट तराई (कैलाली) बसाइँसराइ गर्नेको एकाएक लर्को लाग्ने गरेको छ।

यहाँका २ वटा नगरपालिका तथा ७ वटा गाउँपालिकामा दिनहुँ जसो बसाइँसराइका लागि आवेदन दिनेहरूको संख्या एकाएक बढ्न थालेको जोरायल गाउँपालिका वडान ५ का वडा सचिव सेरबहादुर विष्टले बताउनुभयो। उहाँले भन्नुभयो- 'डोटी र कैलाली जमिन नभएका त कमै होलान तर पछिल्लो समय त एकाएक स्थानीयहरू डोटी छोडेर कैलालीका लागि बसाइँसराइको सिफारिस माग्न आउनेको भिड बढेको छ।'

त्यस्तै अस्थायी राजधानी कैलाली सरेसँगै डोटीमा जग्गा बिक्रीबितरणमा पनि कमी आएको जिल्ला मालपोत कार्यालय डोटीले जनाएको छ। डोटीमा राजधानी नभएपछि रोजगारी पनि नपाइने भ्रम परेका कारण स्थानीयहरू बसाइँसराइ गर्न थालेको कतिपयको बुझाइ छ।

मालपोत कार्यालयका अनुसार जिल्लामा पहिले (क्षेत्रीय सदरमुकाम)का दिनमा कम्तिमा पनि ८ देखि १० वटासम्म दैनिक जग्गा रजिस्ट्रेसन (राजीनामा) पास हुने गरेको भए पनि अहिले हप्तामा १ देखि २ मात्रै जग्गा रजिस्ट्रेसन पास हुने गरेका छन्। कैलाली बसाइँसराइसँगै पुरानो क्षेत्रीय सदरमुकाम दिपायलमा घरजग्गा बिक्री गर्नेहरूले सूचना नै टास गर्ने गरेका छन्। स्थानीयहरूको बसाइँसराइसँगै यहाँका गाउँहरू दिनानुदिन पातलिँदै गएको बड्डीकेदार गाउँपालिकाका स्थानीयबासी हर्कबहादुर बोहराले बताउनुभयो। उहाँले भन्नुभयो- 'राजधानीको विषयभन्दा पनि तराईतिर बसाइँसराइ गर्नेहरूको फेसन जस्तै भएको छ, गाउँमा सामान्य रकम भएका व्यक्तिहरू पनि अहिले तराई जान थालेपछि गाउँमा प्राय: शुन्य हुन थालेको छ।'

उता डोटीका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले तराईमा सेवा सुविधा भनेको समय प्राय: पाइने भएको र राजधानी पनि त्यतै भएकाले मान्छेको बसाइँसराइ पनि तराईतिर बढी हुने गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'कानुनी रूपमा व्यक्तिको बसाइँसराइ रोक्ने काम गर्न मिल्दैन, राजधानी पनि कैलालीमै भयो, मान्छेलाई शिक्षा, स्वास्थ्य र रोजगारी अति नै आवश्यक चिज हो, त्यो सम्पूर्ण सुविधा डोटीमा दिन सके यहाँको बसाइँसराई आफैं रोकिन्छ।'

डोटीलगायत यहाँका अन्य पहाडी जिल्लाबाट पछिल्लो समय एकाएक भइरहेको अत्यधिक बसाइँसराइले यो क्षेत्रमा विकाससमेत हुन नसकिरहेको आरडी कन्ट्रक्सन दिपायलका प्रमुख रमेशबहादुर खडायतले बताउनुभयो। उहाँले भन्नुभयो- 'विकासको साटो मानिसहरू लहैलहैमा लागेर तराई झर्न थाले गाउँमा सुनसान हुँदै छ, कसरी विकास हुन्छ मान्छे नभएको गाउँमा?' डोटी जिल्लाका नागरिक तराईतिर बसाइँसराइ गर्न थालेपछि यहाँको जनसंख्या पनि कम हुँदै गएको छ।

## फोहोरमैला व्यवस्थापनसम्बन्धी छलफल

म्याग्दी, (नेस)

संगम म्याग्दीको आयोजनामा शनिबार सदरमुकाम बेनीमा फोहोर व्यवस्थापनसम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। फोहोरमैलाको उचित व्यवस्थापन गर्नका लागि भान्साबाटै कुहिने र नकुहिने फोहोर छुट्याएर बिसर्जन गर्ने सम्बन्धमा बेनपा-८ का स्थानीयसँग अन्तर्क्रिया र छलफल गरिएको हो।

कार्यक्रममा प्रशिक्षक रामबहादुर राउतले फोहोरमैलाको उचित व्यवस्थापन, अन्य जिल्लाको अवस्था, डम्पिङ साइड र ल्यान्डफिल्ड साइट, जैविक र अजैविक, फोहोर, फोहोरमैला छुट्याउने तरिका, नमुना अभ्यास, फोहोरको प्रदूषण, यसको व्यवस्थापन र फोहोरबाट मोहोरलगायतका विषयमा सहजीकरण गरेका थिए।

कार्यक्रमको उद्घाटन गर्दै म्याग्दीको बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठले फोहोर व्यवस्थापन सबैको साझा समस्या भएकाले आ-आफ्नो ठाउँबाट लाग्नुपर्ने बताए। उनले नगरपालिकामार्फत बेनीबजारको फोहोर व्यवस्थापनका लागि आवश्यक पहल गरिने बताउँदै अब फोहोरलाई मोहोरमा रुपान्तरण गरिने बताएका छन्।

बेनपा-८ का वडा अध्यक्ष रामकृष्ण बराइलीले घरघरबाट नै फोहोरको व्यवस्थापन गर्नुपर्ने र वडा कार्यालयले आवश्यक सहयोग गर्ने बताए।

## रुकुम पूर्वको एसईई परीक्षा रुकुम पश्चिममा हुने

**धनवीर दाहाल, रुकुम**

यही चैत्र ८ गतेदेखि हुने एसईई परीक्षामा सहभागी हुने रुकुम पूर्वका परीक्षार्थीहरू रुकुम पश्चिमको सदरमुकाम मुसिकोटमा रहेको परीक्षा केन्द्र सल्ले आउने भएका छन्। आंशिक विद्यार्थी थोरै भएकाले उनीहरूको सहजताका लागि दुवै जिल्लाको परीक्षा एउटै परीक्षा केन्द्र रुकुम पश्चिममा हुने जिल्ला शिक्षा अधिकारी कर्णबहादुर कुँवरले बताउनुभयो।

दुवै रुकुम जिल्लाका १२१ आंशिक परीक्षार्थीलाई मात्र रुकुम पश्चिमको एउटै परीक्षा केन्द्रबाट परीक्षा दिने व्यवस्था मिलाइएको हो। नियमिततर्फका परीक्षार्थी भने आफ्नै जिल्लामा रहेका परीक्षा केन्द्रमा परीक्षा दिनेछन्। दुवै जिल्लाबाट नियमित र आंशिक तथा प्राविधिक धारतर्फ गरी ५ हजार ३ सय १२ परीक्षार्थी सहभागी हुने जिल्ला शिक्षा कार्यालयले जानकारी दिएको छ।

७४ विद्यालय रहेको रुकुम पश्चिममा नियमित ४२३८, प्राविधिक धारतर्फ ४८ र आंशिकतर्फ ८५ जना परीक्षार्थी सहभागी हुने भएका छन्। यस्तै २४ विद्यालय रहेको रुकुम पूर्वमा १४३ नियमित, ४२ जना प्राविधिक धार र ३६ जना आंशिकतर्फका परीक्षार्थी सहभागी हुनेछन्। २२ वटा परीक्षा केन्द्र रहेको रुकुम पश्चिममा सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई केन्द्राध्यक्ष नियुक्त गरिएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

यसै गरी ५ वटा परीक्षा केन्द्र रहेको रुकुम पूर्वमा पनि सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई केन्द्राध्यक्ष नियुक्त गरिएको छ। यस्तै रुकुम पश्चिममा स्यालाखदी र मुसिकोटको सल्ले गरी २ वटा परीक्षा केन्द्र नयाँ कायम गरिएको छ। सल्ले परीक्षा केन्द्रमा रुकुम पूर्व र रुकुम पश्चिमका आंशिकतर्फका परीक्षार्थी सहभागी हुनेछन्।

यस्तै परीक्षार्थीहरूका लागि जिल्ला शिक्षा कार्यालय रुकुमले सचेतना कार्यक्रम सञ्चालन गरेको छ। रुकुम पूर्व र रुकुम पश्चिमको समेत कार्य सम्हालिरहेको जिल्ला शिक्षा कार्यालय रुकुम पश्चिमले एसईई परीक्षालाई व्यवस्थित र मर्यादित बनाउका लागि परीक्षार्थी सचेतना कार्यक्रम सञ्चालन गरेको हो। कुनै पनि हालतमा यस वर्ष चिटमुक्त एसईई बनाइने पनि जिल्ला शिक्षा अधिकारी कुँवरको भनाइ छ।

## खानेपानी समस्या समाधान गर्दै सेना

**नेपाल समाचारपत्र**

रुकुम



खानेपानीको चरण समस्या झेल्दै आएका रुकुम पश्चिमअर्न्तगत मुसिकोट नगरपालिका १२ पितिबांगका स्थानीयलाई सो वडाका जनप्रतिनिधि र नेपाली सेनाको देवीदल गणले खानेपानीको व्यवस्था गरेका छन्। सडक निमार्ण गर्ने क्रममा खानेपानीको मुहान पुरिएपछि बिगत ६ महिना खानेपानी समस्या हुँदा एक घण्टा हिँडेर पितिबांग खोलाबाट स्थानीयले पानी बोक्दै आएका थिए। स्थानीयले खानेपानी मुहान बनाइदिन आग्रह गरेपछि नेपाली सेनाको देवीदल गणले गाँउमै पुगेर खानेपानीको मुहान निमार्ण गरेको देवीदल गण जमदार यमनारायण पौडेलले बताउनुभयो।

बिगत ६ महिनादेखि खानेपानीको मुहान पुरिएपछि आफूहरू खोलाको पानी बोक्न बाध्य भएकाले वडापालिका र नेपाली सेनासँग सहयोग मागेको स्थानीय अनिल पुनले बताउनुभयो। मुसिकोट नगरपालिकाको दुर्गम मानिएको वडा नं १२ मा रहेको पानीको समस्या समाधान गर्न आफूहरूले पहल गरेको र थप सहयोगका लागि नेपाली सेनासँग जनशक्ति माग गरेको वडा अध्यक्ष प्रेमबहादुर पुनले जानकारी दिनुभयो।

नगरपालिकाले बजेट बिनियोजन गरिसकेको अवस्थामा तत्कालै सो समस्यालाई हल गर्न बजेट नभएपनि दीर्घकालीन रूपमा समस्या समाधान गर्न पहल थालेको मुसिकोट नगरपालिकाले बताएको छ। जनताको घरदैलोमा गएर विभिन्न काम गर्दै आएको नेपाली सेनाको देवीदल गण सल्ले रुकुमले यस वर्ष पनि उत्कृट काम गरेको छ। खानेपानीबाट वञ्चित नागरिकलाई पानी पुऱ्याउने काम गरेको हुँदा नेपाली सेनाको देवीदल गणको प्रसंशा हुन थालेको छ। प्रमुख सेनानी गणपति पंकज रावललाई स्थानीयबासीले धन्यवाद ज्ञापन गरेका छन्।

## बालमैत्री नगरपालिका बनाउने प्रतिबद्धता

बैतडी, (नेस)

बैतडीको पाटन नगरपालिकाका जनप्रतिनिधिहरूले स्थानीयस्तरमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा बालबालिकाहरूका सवाललाई योजना र कार्यक्रममा समावेश गर्ने प्रतिबद्धता जनाएका छन्। पाटन नगरपालिकालाई निकट भविष्यमै बालमैत्री नगरपालिका बनाउने उद्देश्यसहित जनप्रतिनिधि र सरोकारवालाहरूले १० बुँदे प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन्। यसका साथै नगरपालिकालाई विपद् उत्थानशील नगरपालिका बनाउनका लागि प्रतिबद्धता गरिएको नगरप्रमुख केशवबहादुर चन्दले बताउनुभयो।

प्रतिबद्धता पत्रमा नगरपालिकाले आगामी दिनमा सञ्चालन गरिने कार्यक्रममा बालबालिकाहरूका योजनाहरूलाई अनिवार्य रूपमा समावेश गर्ने, विपद् व्यवस्थापनका कुराहरूलाई ध्यान दिएर योजना निर्माण गर्ने लगायतका छन्। यस्तै समाजमा रहेका कुरीतिहरूको अन्त्य गरी पाटनलाई सभ्य र समृद्ध नगरपालिका बनाउने जनप्रतिनिधिहरूले हस्ताक्षर गरेको प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ। नगरपालिकाभित्र रहेका सबै विद्यालयहरूमा बालविकास केन्द्रको स्थापना गरी बालबालिकाहरूको शिक्षामा सहज पहुँच पुऱ्याउने, खानेपानीका मुहानहरूको संरक्षण गरी स्वच्छ खानेपानीमा नगरबासीको पहुँच पुऱ्याउने प्रतिबद्धतापत्रमा जनाइएको छ।

अन्य स्थानीय तहको तुलनामा बालबालिकाको क्षेत्रमा बढी रकम बिनियोजन गरेको बताउँदै नगरप्रमुख केशवबहादुर चन्दले आगामी दिनमा बालबालिकाका सवाललालाई अझै मसिनो गरी केलाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। पाटन नगरपालिकाअन्तर्गत गाभिएको साविकको सिद्धेश्वर गाविस बालमैत्री घोषणा भइसकेको र वडा नं १ लाई पनि निकट भविष्यमै बालमैत्री घोषणाको तयारी भइरहेको नगरपालिकाले जनाएको छ।

## नि:शुल्क स्वास्थ्य शिविरमा ३ सय ८७ जनाले सेवा लिए

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङमा सञ्चालन गरिएको १ दिने आँखा शिवरमा ३८७ जनाले सेवा लिएका छन्। मर्स्याङ्दी गाँउपालिका- ३ स्थित खुदी स्वास्थ्य चौकीमा त्रिशक्ति महिला सञ्जाल सिम्पानीको आयोजनामा सो शिविर सञ्चालन गरिएको हो।

शिविरमा स्त्रीरोगसम्बन्धी, दन्त परीक्षण, आँखा जाँच, सामान्य जाँच र नि:शुल्क औषधि वितरण गरिएको त्रिशक्ति महिला सञ्जालका अध्यक्ष भारती गुरुङले बताउनुभयो। उहाँका अनुसार शिविरमा २१२ जनाले आँखा ९९ जनाले स्त्रीरोग, १४८ जनाले समान्य जाँच, ७१ जनाले दातसम्बन्धी जाँच गराएका थिए। नि:शुल्क स्वास्थ्य शिविरमा सेवा लिनेमा २०४ जना महिला र १८३ जना पुरुष रहेका छन्।

त्यस्तै, पाठेघर खसेका ३ जना महिला, मोतियाविन्दुको समस्या देखिएका ४ जना र दातसम्बन्धी जटिल समस्या देखिएका २५ जनालाई जिल्ला अस्पताल रिफर गरिएको गरिएको स्त्री रोग विशेषज्ञ डा. सृजना हमालले जानकारी दिनुभएको छ। उहाँका अनुसार शिविरमा अस्पतालका डा. डेभिड किम, डा. सुन्दर सिंह कुँवर लगायतका १६ जना स्वास्थ्यकर्मीको टोलीले सेवा प्रदान गरेको थियो।

शिविरमा लमजुङ सेवा समिति हङकङ, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालय भुजुङ, मर्स्याङदी गाँउपालिका अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन समिति घनपोखरा खुदी र सिम्पानी, ग्रामीण तालिम केन्द्र सिम्पानी र सिनो हाइड्रो कम्पनी प्रालिको आर्थिक सहयोग र खुदी स्वास्थ्य चौकीको समन्वयमा गरेका थिए।

शिविरको उद्घाटन मर्स्याङदी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले गर्नुभएको थियो। अध्यक्ष गुरुङले कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गाउँपालिकाका महिलाहरूका चेतनास्तर वृद्धिका लागि त्रिशक्ति महिला सञ्जालले सह्रानीय भूमिका खेलेको बताउनुभयो। उहाँले व्यक्ति स्वास्थ्य भए मात्र अन्य क्षेत्रको विकासमा योगदान दिनसक्ने हुदाँ नागरिकको स्वास्थ्यलाई ख्याल गर्दै स्वास्थ्य सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकतामा राख्ने बताउनुभयो।

## इलाम अस्पतालमा सामाजिक सेवा एकाइ स्थापना

### ११ वर्गलाई २५ देखि शतप्रतिशतसम्म स्वास्थ्य सेवामा छुट

**गणेश घिमिरे, इलाम**

गरिब, असहायलगायत लक्षित समूहका बिरामीलाई नि:शुल्क वा आंशिक छुटमा स्वास्थ्य सेवा दिन इलाम अस्पताल इलाममा सामाजिक सेवा एकाइ स्थापना भएको छ। आधारभूत र आकस्मिक स्वास्थ्य सेवा नि:शुल्क पाउने हकबाट नागरिकलाई वञ्चित हुन नदिन यस्तो एकाइ स्थापना गरिएको हो।

सरकारले आव ०६९/७० देखि नै देशका विभिन्न अस्पतालमा एकाइ राख्ने निर्णय गरेको थियो। यस वर्ष इलाम अस्पतालसहित देशका अन्य १६ वटा अस्पतालमा एकाइ स्थापना गरेको हो। यसअघि अन्य ८ अस्पतालमा एकाइ स्थापना भइसकेका थिए। इलाम अस्पतालमा उक्त एकाइबाट चैत १ गतेबाट छुटमा स्वास्थ्य सेवा दिन शुरु गरेको एकाइ व्यवस्थापन समिति प्रमुख बाचसपति भट्टराईले बताए। एकाइबाट एघार वर्ग (गरिब, असहाय, अपाङ्गता, ज्येष्ठ नागरिक, लैङ्गिक हिंसा प्रभावित, महिला स्वास्थ्य स्वयंसेविका, प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति, शहीद परिवार, कुपोषित बालबालिका, प्रहरीबाट ल्याइएका थुनुवा, दुर्घटनामा परेका अभिभावकविहीन बिरामी) ले सेवा पाउने उनले बताए।

लक्षित वर्गमा परेका बिरामीले गाउँपालिका वा नगरपालिकाबाट सिफारिस वा परिचयपत्र खुल्ने सामग्री ल्याउनुपर्नेछ। उनीहरूलाई अस्पतालबाट दिइने स्वास्थ्य सेवामा २५ प्रतिशतदेखि शतप्रतिशत छुट दिइनेछ। अत्यन्तै गरीब असहायको हकमा इलाम अस्पतालमा उपचार हुन नसकि जिल्लाबाहिरका अस्पतालमा रेफर गर्नुपरेमा सो अस्पतालसम्म पुऱ्याउन एम्बुलेन्सको पनि नि:शुल्क व्यवस्था रहेको बताइएको छ।

## भकुण्डेमा प्रहरीसँग आमा कार्यक्रम

**प्रताप बानियाँ, म्याग्दी**




म्याग्दीको बेनी नगरपालिका-२ ज्यामरुककोटको भकुण्डेमा 'प्रहरीसँग आमा कार्यक्रम सम्पन्न भएको छ। जिल्ला प्रहरी कार्यालय म्याग्दीको आयोजना, सिविन नेपाल म्याग्दी र संगम म्याग्दीको समन्वय तथा वडा कार्यालयको व्यवस्थापनमा कार्यक्रम गरिएको हो।

समाजमा घट्ने लैङ्गिक तथा घरेलु हिंसा, लागूऔषध नियन्त्रण, अवैध मदिरा उत्पादनको कानुनी बन्देजलगायतका सामाजिक विकृति तथा विसङ्गतिको न्यूनीकरण गर्ने उद्देश्यसहित महिला लक्षित कार्यक्रम गरिएको प्रहरीले जनाएको छ। कार्यक्रममा कानुनी सचेतना, महिला हिंसा, उजुरी दिने प्रक्रिया, सामाजिक घटनाको जानकारी, प्रहरी र नागरिकको सम्बन्धजस्ता विषयमा आमा समूहलगायतलाई सहजीकरण गरिएको थियो।

कार्यक्रममा म्याग्दीका प्रहरी नायब उपरीक्षक बसुन्धरा खड्काले प्रहरीसँग आमा कार्यक्रमको जानकारी, प्रहरीको काम, कर्तव्य र अधिकार, नागरिकको जिम्मेवारी, विद्यमान ऐन कानुन, हिंसाका प्रकार, आपराधिक क्रियाकलाप, समाजको दायित्व र भूमिकाका विषयमा सहजीकरण गरेकी थिइन्। कार्यक्रमको अवसरमा महिला हिंसा न्यूनीकरणसम्बन्धी सन्देशमूलक लघुचलचित्र देखाइएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै बेनी नगरपालिकाका उपप्रमुख सन्जु बरुवालले आर्थिक परनिर्भरताका कारणले गर्दा महिलामाथि हिंसा हुने हुँदा महिलाहरू आयआर्जन र उत्पादनमूलक क्षेत्रमा लाग्नुपर्ने बताइन्। उनले व्यवसायिकमूलक क्षेत्रमा लागेर आत्मनिर्भर हुनुपर्ने र निर्वाहमुखीभन्दा पनि व्यवसायिक र उत्पादनका क्षेत्रमा क्रियाशील हुनुपर्नेमा जोड दिँदै नगरपालिकामार्फत आवश्यक सहयोग गरिने बताइन्। बेनपा-२ का वडा अध्यक्ष हीराबहादुर थापाले वडा कार्यालयमार्फत समाजमा आपराधिक क्रियाकलाप र अवैध घरेलु मदिरा न्यूनीकरणका लागि आवश्यक पहल गरिएको बताए।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग



# विश्व

### अनुमति

बेलायतका राजकुमार ह्यारी र उनकी प्रेमिका मेगन मार्कल। बेलायतकी महारानी एलिजावेथ द्वितीयले आफ्नो नातिको सोमबार हुने विवाहका लागि औपचारिक सहमति दिएकी छिन्।



### विच्छेद

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका छोरा जुनियर ट्रम्प र उनकी पत्नी वेनसा ट्रम्प। १२ वर्षको वैवाहिक सम्बन्धपछि यी जोडीको सम्बन्ध विच्छेद हुने भएको छ।



2018, MAR
Sunday
18

## विश्व २ मिनेट

**भारत**

### तिब्बत चीनमै बस्ने

धर्मशाला, (एजेन्सी)

तिब्बती धर्मगुरु दलाइ लामाले युरोपेली संघमा देशहरू एकजुट भएर बसे जस्तै तिब्बत पनि चीनसँगै बस्न सक्ने बताएका छन्। सन् १९५९ मा चीनविरुद्धको असफल विद्रोहपछि भारत पलायन भएका दलाइ लामालाई खतरनाक पृथकतावादी मान्दै आएको छ। निर्वासित भएको ६०औं वर्षगाँठमा वासिङ्टनस्थित एक समूहले आयोजना गरेको एक समारोहलाई पठाएको भिडियो सन्देशमा आफूले युरोपेली संघको प्रशंसक भएको र स्वहितभन्दा राष्ट्रहित धेरै राम्रो भएको बताए। आफू त्यस्तै संकल्पमा सधैं चीनसँग रहन इच्छुक रहेको उनले बताए।

**अमेरिका**

### ट्रम्पको सम्बन्ध विच्छेद

न्युयोर्क, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका छोरा र उनकी पत्नी वेनेसाबीच सम्बन्ध विच्छेद हुने भएको छ। पूर्व मोडल वेनसा ट्रम्पले एक अदालतमा राष्ट्रपतिका छोरासँग सम्बन्ध विच्छेदका लागि याचिका दायर गरेकी छिन्। तर, अहिलेसम्म उनीहरूबीच सम्बन्ध विच्छेदको स्थितिमा पुग्नुको कारण बाहिर आएको छैन। ट्रम्पका छोरा जुनियर ट्रम्प र वेनेसा दुवै ४० वर्षका भए। उनीहरूले सन् २००५ मा विवाह गरेका थिए। उनीहरूका ५ सन्तान छन्। जुनियर ट्रम्प कार्यकारी रहेको ट्रम्प अर्गनाइजेसनको तर्फबाट जारी विज्ञप्तिमा १२ वर्षको वैवाहिक जीवनपछि दुवैले छुट्टिने फैसला गरेको उल्लेख छ।

**अमेरिका**

### फोहरसँग गहना फ्याँकियो

अटालान्टा, (एजेन्सी)

लापरबाहीको सीमा कतिसम्म हुन सक्छ भन्ने कुरा अमेरिकाको अटालान्टा राज्यकी एक महिलाले देखाएकी छिन्। ती महिलाले गल्तीवश करिब १ लाख डलर मूल्य पर्ने गरगहना फोहरसँगै फ्याँकेपछि ल्यान्डफिल साइटका लागि अप्रत्यासित काम थपिन पुग्यो। गत मार्च ९ मा ती महिलाले फोन गरेर त्यसको जानकारी दिएपछि फोहरमा हीरा ज्वहारात खोज्न शुरू भयो। उनले फ्याँकेको गहनामा ब्रास्लेट, औंठीलगायतको थियो। ५ कर्मचारीको टोलीले फोहोरको पहाडमा गहना खोज्न थाले। अन्ततः उनीहरूले उक्त गहना राखिएको कालो ब्याग फेला पार्न सफल भए।

**भारत**

### छुट्टै झण्डा

चेन्नई, (एजेन्सी)

भारतको कर्नाटक राज्यका मुख्यमन्त्री के. सिद्धारमैयाले गत हप्ता राज्यको अलगै झण्डाको घोषणा गरेका थिए। यद्यपि राज्य सरकारलाई आफ्नो अलगै झण्डा राख्ने अधिकार दिएको छैन। त्यसैले सिद्धारमैयाको सरकारले केन्द्र सरकारसँग आफ्नो अलग झण्डा अनुमति मागेका छन्। यसअघि जम्मु काश्मिरले अलगै झण्डाको माग गरेको थियो। तर, भारतको अन्य राज्यको तुलनामा जम्मु काश्मिरको स्थिति अलगै रहेको छ। राज्यको अलगै संविधान व्यवस्थाले यसलाई अन्यभन्दा फरक बनाएको छ। यद्यपि मुस्लिम बाहुल्य यो एकमात्र राज्यमा आफ्नो अलगै झण्डा र स्वायत्तताको दर्जा प्राप्त हुनु विवादको विषय बन्दै आइरहेको छ।

# मोदी सरकारविरुद्ध अविश्वासको प्रस्ताव ल्याउने तयारी

नयाँदिल्ली, (एजेन्सी)

भारतको प्रधानमन्त्री नरेन्द्र मोदी सरकारको ४ वर्ष पूरा हुनु २ महिनाअगाडि उसले संसद्मा अविश्वास प्रसतावको चुनौती सामना गर्नुपर्ने भएको छ। यो चुनौती केही दिनअगाडि सत्तारुढ गठबन्धन एनडीएबाट अगग भएको तेलगु देशम् पार्टीले दिन लागेको हो।

आन्ध्र प्रदेशलाई विशेष राज्यको दर्जा नमिलेपछि असन्तुष्ट टीडीपीले सरकारविरुद्ध संसद्मा अविश्वासको प्रस्ताव ल्याउने घोषणा गरेको हो। सम्भवतः सोमबार यो प्रस्ताव पेस हुने अनुमान गरिएको छ। टीपीडीको यो प्रस्तावको समर्थनमा वाईआरएस कांग्रेसले पनि साथ दिने भएको छ। प्रमुख विपक्षी दल कांग्रेससहित एआईएडीएमके, एआईएमआईएम र आम आद्मी पार्टीले पनि अविश्वास प्रस्तावलाई समर्थन गर्ने घोषणा गरेका छन्।

यदि अविश्वास प्रस्ताव पेस भएमा मोदी सरकारविरुद्धको यो पहिलो अविश्वास प्रस्ताव हुनेछ। तर, कमजोर बनेको राष्ट्रिय जनतान्त्रिक गठबन्धन अर्थात् एनडीए सरकारलाई यसले फरक नपर्ने अनुमान गरिएको छ। सन् २०१४ को आम चुनावमा भाजपाले कुल २ सय ८४ सिटमा जित हासिल गरेको थियो। यद्यपि अहिले लोकसभामा भाजपाको कुल २ सय ७४ सांसद छन्। त्यसै गरी कांग्रेसको ४८, एआईडीएमकको ३७, तृणमूल कांग्रेसको ३४, बीजेडीको २०, शिवसेनाको १८, टीडीपीको १६, टीआरएसको ११, वाईआरएस कांग्रेसको ९, सपाको ७, लोजपा र एनसीपीको ६-६, राजदा र रालोसपमाको क्रममा ४ र ३ सांसद छन्।

शिवसेनाले अविश्वास प्रस्तावमा आफ्नो स्थिति स्पष्ट छैन। यद्यपि उसले सन् २०१९ को आम चुनावमा एक्लै जाने फैसला गरिसकेको छ।

भाजपा आफ्नो २ सय ७४ र उनका वर्तमान सहयोगी दलका ४१ सांसदको सहयोगमा सत्तामा टिकेको छ। विपक्षी पार्टीहरूको अविश्वास प्रस्ताव असफल पार्न उसलाई मात्र २ सय ७० सांसदको साथ चाहिन्छ।

अंक गणितीय हिसाबले यदि सबै सहयोगी दलले असहयोग गरेपछि भाजपा एक्लै आफ्नो दममा विश्वासको मत हासिल गर्न सक्छ। त्यसैले प्राविधिकरूपमा हेर्ने हो भने पनि मोदी सरकारलाई पेस हुन लागेको अविश्वास प्रस्तावबाट कुनै खतरा छैन।

लोकसभामा अविश्वास प्रस्तावले स्वीकृति पाउन कम्तीमा ५० सांसदको समर्थन आवश्यक छ। आँकडाको गणितले लोकसभामा तेलगु देशम् पार्टीको १६ र वाईएसआर कांग्रेसको ९ सांसद छन्। कांग्रेसको ४८, एआईडीएमकेको ३७, सीपीएमको ९ र एआईएमआईएमको १ सांसद छन्। सबै विपक्षी मिलेको अवस्थामा अविश्वास प्रस्तावले स्वीकृति पाउन सक्छ।



# रुसद्वारा लेजर हतियारको विकास



मस्को, (एजेन्सी)

रुसका एक जना वरिष्ठ अधिकारीले तीव्र गतिमा निसानालाई ध्वस्त पार्न सक्षम लेजर हतियार सैन्य सेवामा समावेश भइसकेको पुष्टि गरेका छन्।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यसअघि आफ्नो एक सम्बोधनमा यस प्रकारको लेजर हतियार सेनासँग रहेको बताएका थिए।

रुसी उपरक्षामन्त्री युरी बोरिसोभले मन्त्रालयका अधिकारिक अखबार क्रास्नाया ज्वेज्दालाई सोमबार पुटिनले यसै महिना राष्ट्रका लागि गरेको सम्बोधनमा उल्लेख गरेको 'कम्ब्याट लेजर सिस्टम' गत वर्ष नै देशको सैन्य बललाई हस्तान्तरण गरिसकेको बताएका थिए। कुनै बेला काल्पनिक कार्यमा मात्र देखिने गरेको यस प्रकारको संयन्त्र अहिले वास्तविक तथा आधुनिक युद्धको आवश्यक अंग बनिसकेको वोरिसोभले बताए।

लेजर हतियारका विषयमा धेरै कुरा भइसकेको र धेरै अगाडि नै यस विषयमा चलचित्रहरू बनाइसकेको र अत्यन्त राम्रा किताबसमेत लेखिइसकेको सबैलाई थाहा भएको उनले बताए। तर, यी प्रणालीले सेवा थाल्न शुरू गरिसकेको छ र यो आजको वास्तविकता हो। वोरिसोभको टिप्पणीलाई सरकारी समाचार समिति तास रसियन न्युज एजेन्सीले जनाएको छ।

गत वर्षदेखि सेवामा प्रवेश पाइसकेको लेजर प्रणालीले यसको निसानामा हुने कुनै पनि सम्भावित विरोधी तथा सुविधालाई निरस्त पार्न सक्छ' -उनले थपे। यो संयन्त्रले सेकेण्डको अंशभित्र निसाना बनाउन सक्ने पनि उनले बताए।

रुसी रक्षा मन्त्रालयले दिएको 'कम्बाट लेजर कम्प्लेक्स' शीर्षकको एक भिडियोमा ट्रकमा जडित लेजर हतियारको तस्वीर देखाइएको छ। उक्त भिडियो रुसी राष्ट्रपति पुटिनको स्टेट अफ नेसन सम्बोधनमा प्रदर्शनमा राखिएको थियो। उनले भिडियोमा रुसी हतियार भण्डारमा थपिएका नयाँ तथा अत्याधुनिक हतियार सार्वजनिक गरेका थिए।

मार्च १ को सम्बोधनमा पुटिनले उक्त हतियार सार्वजनिक गर्ने क्रममा उक्त हतियारको वास्तविक नाम र अन्य विवरण दिन नसक्ने बताएका थिए।

यस प्रकारको लेजर हतियारको प्रयोगबाट क्षेप्यास्त्र तथा लडाकू विमानलाई तिनीहरूको विद्युतीय संयन्त्र ध्वस्त पारी बीच बाटोमा नष्ट गर्न सक्छ कि सक्दैन भन्ने विषयमा जानकारी छैन। तर, अमेरिकी क्षेप्यास्त्र प्रतिरक्षा एजेन्सीले उसको आफ्नै लेजर हतियार, अत्याधुनिक क्षेप्यास्त्रभेदी ड्रोनको विकास गरिरहेको छ।

# थप १५ ग्रह पत्ता लाग्यो



टोक्यो, (एजेन्सी)

विज्ञान लामो समयदेखि अन्तरिक्षमा त्यस्तो ग्रहको खोजीमा लागेको छ, जहाँ जीवन सम्भव होस्। यसै क्रममा जापानका वैज्ञानिकहरूले १५ नयाँ ग्रह पत्ता लगाएका छन्। यसमा तीन वटा ग्रहलाई उनीहरूले 'सुपर अर्थ' भनेका छन्। ती तीनमध्ये पनि एकमा पानी हुन सक्ने सम्भावना व्यक्त गरिएको छ।

जापानस्थित टोक्यो इन्स्टिच्युट अफ टेक्नोलोजीका वैज्ञानिकद्वारा गरिएको शोधमा ती ग्रहको बारेमा जानकारी प्राप्त भएको हो। उक्त शोधका लागि वैज्ञानिकहरूले नासाको केपलर अन्तरिक्ष यानको दास्रो मिसन के-२, अमेरिकाको हवाईस्थित सुबारु टेलिस्कोप र स्पेनस्थित नारडिक अप्टिकल टेलिस्कोपले संकलन गरेका आँकडाको अध्ययन गरेका थिए।

उक्त शोधमा पत्ता लागेका सबै १५ ग्रह आफ्नो सौर्य मण्डलबाट बाहिर पर्छन्। यस्ता ग्रहलाई एक्सोप्लानेट भन्ने गरिन्छ। ती सबै ग्रहले रातो रंगको वामन ताराहरूको परिक्रमा गरिरहेका छन्। रातो तारा आकारमा सामान्यभन्दा सानो र चिसो हुन्छ।

वैज्ञानिकहरूका अनुसार रातो ताराको अध्ययनले भविष्यमा एक्सोप्लानेटसँग जोडिएका रोचक जानकारी हासिल गर्न सक्छ। यसको अध्ययनले ब्रह्माण्डमा ग्रहको विकाससम्बन्धी जानकारी हासिल गर्न सक्छ। यस शोधमा ३ ग्रहलाई सुपर अर्थ भनिएको छ। ती ग्रहले पृथ्वीबाट २ सय प्रकाश वर्ष दूरीमा रहेको के-२-१५५ ताराको परिक्रमा गरिरहेका छन्। ती तीन वटै ग्रह पृथ्वीभन्दा ठूला छन्।

वैज्ञानिकहरूले उक्त तारालाई परिक्रमा गरिरहेको सबैभन्दा टाढाको ग्रहर के-२-१५५ डीमा पानी हुन सक्ने बताएका छन्। यसको पुष्टिका लागि के-२-१५५ को आकार र तापक्रमको सटिक अनुमान लगाउनुपर्ने हुन्छ। यसैबीच अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले अप्रिलमा ट्रान्जिटिङ एक्सोप्लोनट सर्वे स्याटलाइट (टीईएसएस) प्रक्षेपण गर्ने बताइएको छ। यस अभियानमा थप एक्सोप्लानेट पत्ता लगाउन सक्ने अपेक्षा गरिएको छ।

# दुर्व्यवहार गर्ने युवकमाथि साउदी महिलाको लाठी

रियाद, (एजेन्सी)

महिलाद्वारा कुनै पुरुषको कुटपिट भइरहेको दृश्य भाइरल हुनु अनौठो त होइन तर घटना साउदी अरेबियाको हो भन्ने त्यसलाई सामान्य मान्न सकिन्न। यो वास्तवमै अद्भूत नै हो। यसलाई एउटा कट्टरपन्थी मुस्लिम देशमा आएको परिवर्तन या उक्त महिलाको अद्भूत साहसलाई मान्नुपर्ने हुन्छ।

रियादको पार्कमा भएको उक्त घटनामा एक महिलाले आफ्नो पहिरनलाई लिएर दुर्व्यवहार गर्ने युवकको एक समूहमाथि लठ्ठी प्रहार गरेकी थिइन्। उक्त घटनाको भिडियो सामाजिक सञ्जालमा व्यापक शेयर भइरहेका छ। भिडियोमा भीडको बीचमा घेरिएकी महिलाले लठ्ठी चलाउँदै गरेको देखिएकी छिन्।

उनलाई जिस्क्याउने युवकको भीड भाग्दै गरेका देखिएको छ।

सञ्चारमाध्यमका अनुसार राजधानी रियादस्थित एक पार्कमा गइरहेकी महिलाले



कपाल नछोपेकोमा केहीले दुर्व्यवहार गरेपछि उक्त घटना भएको हो। त्यसको जवाफमा महिलाले ती युवकहरूमाथि लठ्ठीले पिटाइ गरेकी थिइन्। भीडमा लठ्ठी लिएकी महिला देखिए पनि आरोपीहरू भीडमा हराइसकेका थिए।

यस भिडियोले साउदी अरेबियामा बहसको विषय बनेको छ। केहीले महिलाको उत्पीडनविरुद्ध उक्त प्रतिकारको प्रशंसा गरिरहेका छन्। त्यसै गरी केहीले ती महिलामाथि पुरुषलाई उक्साएको आरोप लगाएका छन्।

एक युजरले महिलालाई बहादुर तथा साहसिलो बताएकी छिन्। अर्को युजरले उनलाई साउदी 'अन्डर ओमन' को टाइटलसमेत दिएका छन्।

एक सामाजिक सञ्जालमा ती महिलालाई नै नराम्रो ठहऱ्याउँदै कुनै पनि सम्मानजनक महिलासँग कसैले पनि अभद्र व्यवहार गर्न नसक्ने जनाएका छन्।

केही युजर्सले उनलाई सल्लाह दिँदै यदि त्यस्तो उत्पीडन नचाहेको हो भने शालीन भएर लाज बचाएर राख्न भनेका छन्।

केही समाचारमा ती महिला एक लोकप्रिय सामाजिक सञ्जालकी व्यक्ति भएको जनाएको छ। पार्कमा रहेको भीडले फोटो खिच्न उनलाई पछ्याएपछि उक्त घटना घटेको जनाइएको छ। यद्यपि उक्त समाचारको भने कसैले पुष्टि गरेका छैनन्।

'सिरिया र रुवान्डाको द्वन्द्वको उदाहरण दिँदै प्रधानमन्त्री ओलीले आपसमा भिडाएर द्वन्द्वको खेती गर्नेहरु सबैतिर सक्रिय हुने तथा द्वन्द्वका विभिन्न रूप देखाएर त्यसको उद्योग चलाउने बताउनुभयो। 'नेपालमा पनि जातीय, धार्मिक, भाषिक द्वन्द्व लगाउन खोजिए पनि नेपालीहरुले त्यसलाई अस्वीकार गरेको प्रमको भनाइ छ।



## घोडेजात्रा मनाइयो



काठमाडौं, (नेस)

विभिन्न कार्यक्रम गरी शनिबार घोडेजात्रा मनाइएको छ। यस अवसरमा नेपाली सेनाले सैनिक मञ्च टुँडीखेलमा अश्वकला, साइकल खेल, शारीरिक व्यायाम, युद्धकलालगायतको प्रदर्शन गरेको थियो।

उक्त कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओलीलगायत टुँडीखेल पुगी घोडेजात्रा अवलोकन गर्नुभएको थियो।

प्रत्येक वर्ष चैत्र कृष्ण औंसीका दिन घोडेजात्रा देखाई राक्षस गुरुमापाको आत्मालाई घोडाको टापले कुल्चाएर दबाउने गरिन्छ। यसो गर्दा गुरुमापाको आत्माले स्थानीयवासीलाई दु:ख नदिने जनविश्वास छ।

# पूर्वसांसदको भूमिका महत्त्वपूर्ण : प्रम ओली

**नेपाल समाचारपत्र**
काठमाडौं.

प्रधानमन्त्री केपी शर्मा ओलीले विकास र समृद्धिको लक्ष्य हासिल गर्न पूर्वसांसदहरूको भूमिका महत्त्वपूर्ण हुने बताउनुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार पूर्वसांसद मञ्चका पदाधिकारीसँगको भेटघाटमा प्रधानमन्त्री ओलीले 'सुखी नेपाली, समृद्ध नेपालको' चाहना पूरा गर्न पूर्वसांसदहरूको अनुभव कामयावी हुने बताउनुभएको छ। 'पूर्व सांसद मञ्च भनेको संसद् र सरकारको सल्लाहकार नै हो', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'आफू संसद् भएका बेला वा आफू सरकारमा भएका बेला गरेका कामहरूको अनुभवले वर्तमान संसद् र सरकारलाई महत्त्वपूर्ण दिशा निर्देश गर्न सक्छ।'

नेपालको सामाजिक विविधतामा विभिन्न तत्वहरूले खेल्न सक्ने भएकाले राष्ट्रिय एकताको भावना बलियो बनाउनुपर्ने प्रधानमन्त्री ओलीको भनाइ छ। 'सिरिया र रुवान्डाको द्वन्द्वको उदाहरण दिँदै प्रधानमन्त्री ओलीले आपसमा भिडाएर द्वन्द्वको खेती गर्नेहरू सबैतिर सक्रिय हुने तथा द्वन्द्वका विभिन्न रूप देखाएर त्यसको उद्योग चलाउने बताउनुभयो। 'नेपालमा पनि जातीय, धार्मिक, भाषिक द्वन्द्व लगाउन खोजिए पनि नेपालीहरूले त्यसलाई अस्वीकार गरेको प्रमको भनाइ छ।

देशमा अनेक खाले संघर्ष गरेर परिवर्तन आए पनि त्यसको अनुभूति जनताले पाउनुपर्ने प्रधानमन्त्री ओलीको तर्क छ। 'लोकतन्त्र आयो नि भन्ने तर त्यसको अनुभूति तल्लो स्तरको जनताले महसुस नगर्ने', उहाँले भन्नुभयो- 'जनताले महसुस गर्ने गरी लोकतन्त्रको अनुभुति गराउनु यो सरकारको दायित्व हो।'

उहाँले अर्को एक फरक प्रसंगमा ठेक्कापट्टा कमिसनका भरमा नभई न्यायोचित ढंगले हुनुपर्ने बताउनुभएको छ। 'सरकारको भ्रष्टाचार न्यूनीकरण गर्ने निर्मूल गर्ने नीति छ', उहाँले भन्नुभयो- 'राजनीतिक आडमा, शक्तिका आडमा कसैले पनि कानुनविपरीत काम गरेको सरकारलाई सह्य हुँदैन।'

## फेरि पनि उपराष्ट्रपतिमा पुन

काठमाडौं, (नेस)



उपराष्ट्रपति नन्दबहादुर पुन दोस्रो कार्यकालका लागि निर्विरोध हुनुभएको छ। उपराष्ट्रपतिमा उहाँको मात्र उम्मेदवारी परेको हो। उपराष्ट्रपतिको निर्वाचन ९ गते गर्ने कार्यतालिका सार्वजनिक भएको छ।

एमाले र माओवादीबीच भएको सहमतिअनुसार एमालेले राष्ट्रपति र माओवादीले उपराष्ट्रपति पाएको थियो। आइतबार उम्मेदवारीको दावी विरोधको प्रक्रिया पूरा भएपछि मात्र निर्विरोध भएको घोषणा हुने उपराष्ट्रपतिको निर्वाचन कार्यालयले जनाएको छ। पुनले २०७० सालको संविधानसभाको निर्वाचनमा काठमाडौं-४ बाट कांग्रेस नेता गगन थापासँग हार्नुभएको थियो। कांग्रेसले राष्ट्रपतिमा उम्मेदवारी दिए पनि उपराष्ट्रपतिमा दिएन। राष्ट्रपतिको निर्वाचन फागुन २९ गते भएको थियो।

पुनको प्रस्तावकमा नेकपा एमालेका नेता सुवास नेम्वाङ, भानुभक्त ढकाल, परशुराम मेघी गुरुङ, माओवादी सांसद पम्फा भुसाल, रेखा शर्मा छन्। यस्तै समर्थकमा माओवादी केन्द्रका सांसदहरू देव गुरुङ, ओनसरी घर्ती, जयपुरी घर्ती, राम नारायण बिडारी र राजेन्द्रप्रसाद गौतम हुनुहुन्छ।

## हरिणको दुईवटा काटिएको टाउको र हाडखोर भेटियो



विराटनगर, (नेस)

संरक्षणको सूचीमा रहेका वन्यजन्तुको निर्वाध चोरीशिकारी हुने गरेको खुलासा भएको छ। विराटनगर महानगरपालिकाभित्र हरिणको दुईवटा काटिएको टाउको र हाडखोर भेटिएपछि त्यस्तो खुलासा भएको हो। विराटनगर महानगरपालिकाको वडा नम्बर १२ बखरीस्थित नहरमा वन्यजन्तु संरक्षण ऐनमा सूचीकृत रहेको २ वटा हरिणको काटिएको टाउको भेटिएको हो।

दुईवटा हरिणमध्ये एउटाको टाउको नहरको डिलमा र अर्को टाउको नहरको पानीमा भेटिएको छ। चोरी शिकारी गर्नेहरूले बोरामा प्याक गरी ल्याएर सो ठाउँमा हरिणको टाउकोसहित आन्द्राभँडी फालेका छन्। चोरी शिकारी र वन्यजन्तुजन्य सामग्रीको तस्करी गर्ने समूहले सो ठाउँमा हरिणको टाउको र हाडखोर फालेको हुनसक्ने विराटनगर वडा नम्बर १२ का वडाध्यक्ष हीरालाल कामतको भनाइ छ। विराटनगरको अभिवादन टोल र महावीरटोलको बीचबाट खनिएको नहरको महावीरटोलतर्फ भने तिनै हरिणको हारखोर छरपस्ट छरिएको अवस्थामा भेटिएको छ। यसअघि एक साताअघि पनि सोही क्षेत्रमा ठाउँमा चोरी शिकारी गरिएको हरिणको टाउको र भुँडी फालिएको भेटिएको स्थानीयले जानकारी दिएका छन्। वडाध्यक्ष कामतले खबर गरेपछि आइपुगेको जिल्ला प्रहरी कार्यालय मोरङको प्रहरी टोलीले घटनास्थलको मुचुल्का उठाएको छ।

यसरी हरिणको हाडखोर र टाउको भेटिनुले विराटनगरभित्रै रहेका चोरशिकारी वा वन्यजन्तु तस्करहरूले अन्यत्रबाट हरिण मारेर ल्याई सिङ र मासु निकालेर टाउको र हाड फालेको स्थानीयको अनुमान छ। नगरक्षेत्रभित्रै संगठित रूपमा यसप्रकारको आपराधिक गतिविधि हुने गरेको स्थानीयको अनुमान छ।

## गाउँपालिकाको केन्द्र निर्धारणमा मतभेद

हिक्मत नेपाली, दैलेख

दैलेख गुराँस गाउँपालिकाको केन्द्र कहाँ राख्ने भन्ने विषयमा निर्वाचित जनप्रतिनिधिबीच मतभेद देखिएको छ। गाउँपालिकाको केन्द्र निर्धारणमा निर्वाचित जनप्रतिनीधिहरूबीच विवाद उत्पन्न भएपछि केन्द्र निर्धारणका लागि कार्यपालिकाले मतदान गराउने निर्णय गरेको छ। शनिबार बसेको कार्यपालिकाको बैठकले केन्द्र काँहा राख्ने भन्ने विषयमा मतदानमा जाने निर्णय गरेको हो। अब गाउँपालिकाको केन्द्रको टुंगो चैत ८ गते बस्ने गाउँसभाबाट लाग्नेछ।

गाउँपालिकाको केन्द्रका विषयमा नागरिकहरूले छुट्टाछुट्टै धाराणा प्रस्तुत गरेका छन्। उनीहरूले सबैलाई पायक पर्ने ठाउँमा केन्द्र राख्नुपर्ने बताएका छन्। गाउँपालिकाको कार्यालय बस्दै आएको घोडाबास आसपासका नागरिकहरूले केन्द्र घोडाबास नै हुनुपर्ने बताएका छन् भने गुराँसे आसपासका क्षेत्रका नागरिकहरूले भने गुराँसे केन्द्र हुनुपर्ने माग गर्दै आएका छन्।

केन्द्रका विषयमा जनप्रतिनिधिहरूले पनि छुट्टाछुट्टै धाराणा प्रस्तुत गरेका छन्। कतिले गुराँसे नै केन्द्र हुनुपर्ने बताएका छन् भने कति जनप्रतिनिधिहरूले घोडाबास केन्द्र हुनुपर्ने धाराणा राखेका छन्। केन्द्रको विषयलाई मतदान लिन नहुने वडा नम्बर ४ का वडा अध्यक्ष खड्गबहादुर शाहीको धारणा छ। संविधानमा उल्लेख भएअनुसार स्थानीय तहको केन्द्र ६ महिनाभित्र गाउँसभाबाट टुंगो लगाइसक्नुपर्ने भनिएको छ, यदि केन्द्र टुंगो लगाउन नसके पहिले तोकिएको अस्थायी क्षेत्रमा केन्द्र रहने भनिएको छ। यसरी हेर्दा गुराँस गाउँसभाले केन्द्रको टुंगो लगाउन नसके त्यसको अस्थायी मुकाम रतीखोलामा केन्द्र स्वत: जानेछ।

यस्तै, गाउँकार्यपालिकाको बैठकले गाउँपालिका क्षेत्रमा रहेका वनमा सल्लाबाट निकालिने खोटो बन्द गर्ने निर्णय गरेको छ। गाउँपालिका क्षेत्रमा अत्याधिक खोटो निकाली सल्लाका बिरुवा सुक्न थालेपछि गाउँकार्यपालिकाले खोटो निकाल्न बन्द गर्ने निर्णय गरेको हो। खोटो निकाल्दा सल्लाका बिरुवा नोक्सान हुने र सुक्दै जाने भएपछि आफूहरूले बन्द गर्ने निर्णय गरिएको गाउँपालिकाका अध्यक्ष खेमराज ओलीले जानकारी दिएका छन्। उनका अनुसार अब यस क्षेत्रमा जथाभावी खोटो निकालेको पाइएमा कारबाही हुनेछ।

## सरकारी भवनमा निजी विद्यालय सञ्चालन



कृष्णउदास खनाल, वीरगन्ज

जिल्ला शिक्षा कार्यालय र सरोकारवलाहरूको लापारबाहीका कारण पर्साको बहुदरमाइ नगरपालिका-८ मा रहेको रामनगरीस्थित नारायणी सिंचाइ व्यवस्थापन डिभिजन कार्यालयको भवन बिगत ५ वर्षदेखि कब्जा गरी निजी विद्यालय सञ्चालन गरिएको छ।

देवनन्दन देवराज माध्यमिक विद्यालयसँग टासिएर रहेको सिंचाइ कार्यालयको १० कोठे भवनमा २०६९ सालदेखि श्री दुर्गा एकेडेमी सञ्चालन गरिएको हो। पीजीदेखि कक्षा तीनसम्मको पठन पाठन हुँदै आएको उक्त निजी विद्यालयमा एक सय ९२ जना विद्यार्थी रहेको पाइएको छ। विद्यालयले पीजी र नर्सरीका विद्यार्थीबाट ३ सय, एल केजीका विद्यार्थीबाट ३ सय २५, यूएकेजीका विद्यार्थीबाट ३ सय ५०, कक्षा एक विद्यार्थीबाट ३ सय ७५, २ कक्षाबाट ४ सय र कक्षा ३ का विद्यार्थीबाट ४ सय २५ रुपियाँ मासिक शुल्क लिँदै आएको स्थानीय अभिभावकहरूले जानकारी दिएका छन्।

दुर्गा एकेडेमी नामको कुनै पनि निजी विद्यालयले अनुमतिपत्र नलिएको पर्साका जिल्ला शिक्षा अधिकारी बरखुप्रसाद रजकले बताए। नारायणी सिंचाइ व्यवस्थापन डिभिजन कार्यालयका प्रमुख राजेन्द्र साहले रामनगरीमा रहेको सिंचाइ कार्यालयको पुरानो भवनमा निजी विद्यालय सञ्चालनका लागि स्विकृती नदिएको जिकिर गरेका छन् तर विद्यालय भने सञ्चालनमा छ। उनले विद्यालय भवन कब्जा भएको पाइए खालि गराइने बताए।

दुर्गा एकेडेमीका प्रिन्सिपल रञ्जनकुमार शर्माले वर्षौंदेखि प्रयोगविहीन अवस्थामा रहेको सिंचाइ कार्यालयको भवनका १० वटा कोठा रंगरोगन गरी विद्यालय सञ्चालन गरेको बताए। स्थानीयहरूको चाहनालाई ध्यानमा राखेर आफूले विद्यालय सञ्चालन गरेको उनले दाबी गरेका छन्।

## रुखबाट खसेर किशोरीको मृत्यु

दैलेख, (नेस)। दैलेखमा तिँदु खान रुख चढेकी एक किशोरीको ज्यान गएको छ। दुल्लू नगरपालिका-८, बडलम्जीकी १७ वर्षीय निर्मला आचार्यको शनिबार बिहान ज्यान गएको प्रहरीले जनाएको छ। स्थानीय बजेडी टोलमा रहेको आफ्नै घरको आँगनमा तिँदु टिप्न लाग्दा रुखबाट खसेर टाउकोमा कडा चोट लागेको आचार्यको ज्यान गएको इलाका प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक अशोक राजीले जानकारी दिए। निर्मला आचार्य कृष्ण मावि चगत्राकी कक्षा १० की छात्रा हुन्। उनले आउँदो चैत ८ गतेदेखि शुरू हुने एसईईको परीक्षा दिने तयारी गरेकी थिइन्।

## विद्यार्थीलाई आत्मरक्षा तालिम

विराटनगर, (नेस)।जिल्ला खेलाडी तथा प्रशिक्षक संघ मोरङको आयोजनामा विराटनगरमै पहिलोपटक महिला तथा बालबालिकाहरूलाई सेल्फ डिफेन्स आर्ट (आत्म रक्षा) तालिम प्रदान गरिएको छ। विराटनगरस्थित कवर्ड हलमा आज आयोजना गरिएको उक्त तालिममा विराटनगरका विभिन्न विद्यालयका ६५ बालिकाहरूको सहभागिता रहेको थियो। पछिल्लो समय महिला तथा बालिकाहरू विभिन्न दुर्व्यवहारको शिकार हुनुपरिरहेको अवस्थामा उनीहरूलाई शारीरिक रूपमा सबल बनाउने उद्देश्यले यो तालिमको आयोजना गरिएको प्रशिक्षक विमल पोखरेलले बताउनुभयो। कार्यक्रममा बोल्दै विराटनगर महानगरपालिकाकी उपप्रमुख इन्दीरा कार्कीले महिला तथा बालिकाहरूमा हुने हिंसात्मक दुर्वव्यहार रोक्न शारीरिक रूपमा उनीहरू स्वयम् सक्षम हुनुपर्ने बताउनुभयो। उक्त तालिममा पुरुषहरूले आक्रमण गर्न खोजे उनीहरूलाई लडाएर भाग्ने, घुँडा लक गर्दिनेलगायतका विभिन्न उपायहरू सिकाइएको अर्का प्रशिक्षक प्रविण राणाले जानकारी दिनुभयो।

## नि:शुल्क एक हजार सोलार वितरण

विनोदसिंह विष्ट, बैतडी

बैतडीको दोगडाकेदार गाँउपालिकालाई 'उज्यालो दोगडाकेदार' बनाउन उद्देश्यले गाउँपालिकाभित्र नि:शुल्क रूपमा १ हजार सोलार वितरण भइरहेका छन्।

दोगडाकेदार गाउँपालिकाभित्र विद्युत् सेवाको पहुँचबाहिर रहेका दलित परिवारलाई नि:शुल्क उक्त सोलार वितरण गरिन लागिएको गाउँपालिका निमित्त प्रमुख प्रसासकीय अधिकृत शेरसिंह विष्टले जानकारी दिनुभयो। वडा नं १ का ८५ घरपरिवालाई सोलार वितरण गरी कार्यक्रम शुरू गरेको उहाँले बताउनुभयो। दोगडाकेदार गाउँपालिकाको २० लाख तथा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको थप अनुदान सहयोगमा सोलार वितरण गरिन लागिएको हो। वडा नं १, २, ६ र ८ का दलित बस्तीमा रहेका विद्युतको पहुँच बाहिर रहेको सम्पूर्ण घरधुरीलाई एकएक सोलारका दरले सोलार वितरण गरिने निमित्त प्रमुख पशासकीय अधिकृत विष्टले बताउनुभयो।




वडा कार्यालयवाट लगत मागेर सम्वन्धित वडा अध्यक्षको र सचिवको रहोवरमा सोलार वितरण भइरहेका दोगडाकेदार गाउँपालिकाले जनाएको छ। दोगडाकेदार गाउँपालिकाभित्र १ हजार बढी दलित परिवार रहेका छन्। दोगडाकेदार गाउँपालिकालाई 'उज्यालो दोगडाकेदार' गाउँपालिकाका रुपमा चिनाउन तथा बनाउनका लागि सोलार वितरण गरिन लागेको गाउँपालिका अध्यक्ष चक्र कार्कीले बताउनुभयो।

### गुटउपगुटमा...

आगामी निर्वाचनमा जनमत बढाउनका लागि पनि कांग्रेसलाई सशक्त र प्रभावकारी प्रतिपक्षको भूमिका निभाउनुपर्ने चुनौती छ। पार्टीभित्रको सांगठनिक संरचनाहरूलाई सुदृढीकरण गर्दै पार्टीलाई एकढिक्का बनाएर अघि बढाउनु अझ ठूलो चुनौती छ।

कांग्रेसभित्र रहेको सबै गुटउपगुटको उद्देश्य एउटै रहेको पाइन्छ। उनीहरूको उद्देश्य हो- 'सबै परिवर्तनको नेतृत्व कांग्रेसले नै गरेको हो। यसको संस्थागत विकासका लागि कांग्रेसको भूमिका महत्त्वपूर्ण हुन्छ। कम्युनिस्टहरूले लोकतन्त्रलाई खतरामा पार्न थालेका छन् यसलाई जोगाउनुपर्छ।'

कांग्रेसको नीति सिद्धान्त आमजनमानसमा लैजानुपर्छ। आन्तरिक रूपमा एक ढिक्का भएर अघि बढ्नुपर्छ। पार्टी र संगठनलाई व्यापक सुदृढीकरण गर्नुपर्छ। पार्टी व्यक्तिको इच्छाअनुसार होइन विधिअनुसार चल्नुपर्छ। आगामी निर्वाचनका लागि जनमत तयार पार्नुपर्छ। कांग्रेसभित्र मौलाउँदै गएको गुटउपगुटले यी उद्देश्य प्राप्त हुनेमा भने शंका छ।

पार्टीको स्वार्थअनुसार भन्दै गुटको स्वार्थअनुसार अघि बढे कांग्रेसले उपलब्धि हासिल गर्न नसक्ने भन्दै कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्मा भन्नुहुन्छ- 'आन्तरिक रूपमा पार्टी एकढिक्का भएर अघि बढ्नुपर्छ। कांग्रेस कमजोर भयो भने देश कमजोर हुन्छ।'

### चिट...

परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन बोर्ड र मन्त्रालयका सहसचिवसहितको टोलीलाई सबै प्रदेशको परीक्षाको अनुगमन गर्न खटाइएको छ।

परीक्षा बिहान ८ बजेदेखि शुरू हुनेछ। परीक्षार्थीहरू आफ्नो विद्यालयको तोकिएको पोसाकमा परीक्षामा सहभागी हुनुपर्नेछ। परीक्षामा चिट चोर्ने/चोराउनेलगायतका अमर्यादित गतिविधि भएमा एक लाख रुपियाँ जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुने बोर्डले जनाएको छ। गत वर्षदेखि अक्षराङ्क प्रणालीबाट परीक्षाफल प्रकाशित हुँदै आएको छ। स्मरणीय छ, आगामी वर्षदेखि एसईई परीक्षा ७ वटै प्रदेशबाट सञ्चालन गरिँदै छ।

### पार्वती...

उहाँ दैलेखको नारायण नगरपालिका-१ निवासी हुनुहुन्छ। एसएलसी उत्तीर्ण गरेलगत्तै बालविकास केन्द्रको सहयोगी कार्यकर्ताबाट शुरुआत गर्नुभएको १५ वर्षको समाजसेवापछि पहिलोपटक जनप्रतिनिधिको भूमिकामा प्रतिनिधित्व गर्नुभएको हो।



# अर्थ

भारतीय कम्पनी एसीडब्लुले हिमाल हाइड्रोसँग लिखित सम्झौता गरेको छ भने हिमाल हाइड्रोले गोमा एचजी कन्स्ट्रक्सनलाई काम लगाएको छ।

# तल्लो साञ्जेन जलविद्युत्को काम रोकियो

**नेपाल समाचारपत्र**

काठमाडौं

तल्लो साञ्जेन जलविद्युत कम्पनीको पावर हाउस निर्माण काम रोकिएको छ। भारतीय कम्पनी एसीडब्लुले निर्माणको जिम्मा लिए पनि हिमाल हाइड्रोलाई निर्माण कार्यको जिम्मा दिएको थियो। तर, हिमाल हाइड्रोले काम गराएको कम्पनीलाई समयमा भुक्तानी नगर्दा पावर हाउस निर्माणको काम झण्डै तीन महिनादेखि ठप्प छ।

२०७५ साल माघ १ गतेसम्म निर्माणको सम्पन्न गरिसक्नुपर्ने लक्ष्य राखिएको आयोजनाको अहिलेसम्म झण्डै ६० प्रतिशत मात्र काम भएको छ। ४२ दशमलव ५ मेगावाट क्षमताको साञ्जेन जलविद्युत आयोजनाका प्रमुख गणेश केसीका अनुसार चार भागमा विभाजन गरेर काम भइरहेको छ। तर, महत्वपूर्ण मानिएको पावर हाउन निर्माणको काम नै रोकिएको छ।

आयोजना निर्माण गर्न भारतीय कम्पनी एसीडब्लु र नेपाली कम्पनी तुङ्दी कन्स्ट्रक्सनले संयुक्त रूपमा ठेक्का लिएका हुन्। जसमा एसीडब्लुले ७० प्रतिशत र तुङ्दीको भागमा ३० प्रतिशत काम परेको छ। कामको बाँडफाँड गर्दा पावर हाउस निर्माण एसीडब्लु र टनेलको काम तुङ्दीको भागमा परेको थियो। तुङ्दीले कामलाई निरन्तरता दिए पनि भारतीय कम्पनीले जिम्मा लिएको काम भने रोकिएको छ।

भारतीय कम्पनीले जिम्मा लिएको ठेक्का आफूले २ दशमलव ५ प्रतिशत नाफा खाएर नेपाली कप्पनी हिमाल हाइड्रो कन्स्ट्रक्सलाई दिएको थियो। हिमालले ७ प्रतिशत नाफा खाएर फेरि पावर हाउसको सिभिल वर्कको काम गोमा एचजी कन्स्ट्रक्सनलाई दियो। हिमालले १० करोड ५७ लाख रुपियाँमा एचजीलाई जिम्मा दिएको थियो। तर, पावर हाउस निर्माणमा एसीडब्लुले गत कात्तिकमै रकम भुक्तानी दिए पनि हिमाल हाइड्रोले गोमालाई भुक्तानी दिन नमानेको बताइएको छ।

> हिमाल हाइड्रोका प्रबन्ध निर्देशक विनोदकुमार अग्रवाल र इन्जिनियर प्रमेश त्रिपाठीले ३ कारोड ८६ लाखको १० प्रतिशत थप कमिसन मागेको आरोप घिसिङले लगाउनुभयो।

भारतीय कम्पनी एसीडब्लुले हिमाल हाइड्रोसँग लिखित सम्झौता गरेको छ भने हिमाल हाइड्रोले गोमा एचजी कन्स्ट्रक्सनलाई काम लगाएको छ। गोमा एचजीले ३ करोड ८६ लाख रुपियाँ बराबरको काम सकिएको बिल हिमाल हाइड्रोलाई बुझाएको गोमाका प्रबन्ध निर्देशक श्याम घिसिङले बताउनुभयो। शुरूमा ७ प्रतिशत कमिसन खाएर काम गोमालाई दिए पनि अहिले हिमाल हाइड्रोका प्रबन्ध निर्देशक विनोदकुमार अग्रवाल र इन्जिनियर प्रमेश त्रिपाठीले ३ कारोड ८६ लाखको १० प्रतिशत थप कमिसन मागेको आरोप घिसिङले लगाउनुभयो।

अग्रवालले भने आफूहरूले नमागेको बरु उल्टै पहिलोको ७ प्रतिशतमा थप ३ प्रतिशत थपेर दिन खोजे पनि आफूहरूले नमानेको दाबी गर्नुभयो। हिमाल हाइड्रोले भुक्तानी नदिँदा काम रोकिएको हो। अहिलेसम्म २ करोड ८० लाख मात्र भुक्तानी गरेको गोमाले जनाएको छ। हिमाल हाइड्रोले ३० प्रतिशत काम गरिसकेको कम्पनीलाई अब भुक्तानी दिन नसकिने भन्दै गोमा एचजीलाई काम छाडन दबाब दिइरहेको छ। जसले गर्दा निर्माण कार्य अनिश्चित बनेको छ। साञ्जेन जलविद्युत् आयोजना प्रमुख गणेश केसीले ठेकेदारकै लापरबाहीले काम रोकिएको बताउनभुयो। 'ठेक्का कोबाट कहाँ पुगेको हो त्यो हामीलाई थाहा छैन। सम्झौता भएको भारतीय कम्पनी एसीडब्लुसँग हो, केसीले भन्नुभयो-'हामीले उसैलाई दबाब दिने हो, समयमा प्रभावकारी काम भएन भने कारबाही गर्ने हो।'

हिमाल हाइड्रकोका प्रबन्ध निर्देशक विनोदकुमार अग्रवालले भने आफूहरूको गल्ती भए कारबाही गर्न चुनौती दिनुभयो। पावर हाउस निर्माणमा संलग्न कामदारले लामो समयदेखि भुक्तानी नपाउँदा समस्या भएको बताएका छन्। पावर हाउसका सुपरभाइजर कान्छा तामाङले आफूहरूले ६ महिनादेखि तलब नपाएको गुनासो गर्नुभयो। सम्झौता गर्ने तर केही काम भएपछि विभिन्न बाहनामा काम रोक्ने प्रवृतिले आयोजना निर्माण कार्य नै अलपत्र परेको छ।

# कुखुरा पालनको हब बन्दै बांगेसाल

सलिम अन्सारी, प्यूठान

गाउँमा कुखुरापालन फस्टाएपछि जिल्लाको सरुमारानी क्षेत्र कुखुरा व्यवसायको हब बन्दै गएको छ। दशकयता ठूलो लगानीका व्यावसायिक कुखुरा फार्म खुल्न थालेका छन्। कुखुरा र अण्डाको बजार विस्तारसँगै पोल्टी व्यवसायमा लगानीको ओइरो लागेको हो। यहाँ अहिले करोडौ लगानीका आधा दर्जन पोल्टी फार्म सञ्चालनमा छन्। खुल्ने क्रम अझै जारी नै छ, सरुमारानी १ बाँगेसालका स्थानीय टंक जिसीले १ करोड १० लाखको लगानीमा गौरा पोल्टी फार्म सञ्चालन गरिरहेका छन्।

१० रोपनी जग्गामा फार्म खोलिएको छ, दुई वटा खोरसहित दाना मिल, स्टोर निर्माण गरिएका छ, दुई वटा खोरमा अहिले झण्डै ९ हजार कुखुरा छन्। यहाँ उत्पादन भएका अण्डा प्यूठान र रोल्पाका बजारसहित अर्घाखाँची, गुल्मी बुटवलसम्म पुग्ने गरेको उद्योग सञ्चालक जिसीले बताउनुभयो। यहाँ नै बोइलर कुखुरा पाल्न एकता पोल्टी फार्म खुलेको छ। स्थानीय ४ जना युवा उद्यमीले मिलेर फार्ममा ५० लाख लगानी गरेका हुन्। सुविधा सम्पन्न भौतिक पूर्वाधार रहेको फार्मका लागि ८ रोपनी जग्गा लिजमा लिइएको छ।

एकैसाथ ७ हजार ५ सय चल्ला राखेर कुखुरा उत्पादन गरिरहेको फार्मका सञ्चालक प्रकाश आचार्यले बताउनुभयो। त्यस्तै हालै यहाँ झिमरुक पोल्टी फार्म शुरू गरिएको छ। वैदेशिक रोजगारबाट फर्केका ४ जना युवा मिलेर लाखौंको लगानीमा कुखुरा पालन शुरू गरेका हुन्। सरुमारानी गाउँपालिकाको १ र २ नम्वर वडामा मात्रै बोइलर र लेयर्सका चार दर्जन फार्म छन्। त्यसमध्ये बोइलर पाल्नेको संख्या बढी छ। यहाँ क्रेट उद्योग पनि खोलिएको छ, पश्चिम क्षेत्रका कुखुरा पालक व्यवसायीलाई लक्षित गरी ९ वर्ष अघि खोलिएको यो उद्योगमा ८ हजार बढी अण्डा राख्ने क्रेट उत्पादन हुन्छ। पोल्टी फार्मले उद्योगबाट क्रेट किनेर लैजाने गरेको उद्योगले बतायो।

१ करोड लागतमा उद्योग खोलिएको हो। ददेरीमा खोलिएको यो उद्योग नजिकै मध्य तथा सुदूरपश्चिमकै पहिलो र ठूलो राप्ती फिड एन्ड ह्याचरी प्रालि छ। यसमा चल्ला उत्पादनका लागि १० हजार प्यारेन्ट जातका कुखुरा पालिएका छन्। २०६७ सालमा ४ जनाको साझेदारीमा उद्योग खोलिएको हो। दैनिक I १ हजार ५ सयदेखि ३ हजार ५ सयसम्म अण्डा उत्पादन हुने गरेको छ। यहाँ खुलेका दर्जनौ साना तथा ठूला उद्योगमा सयौंलाई रोजगारीसमेत मिलेको छ।

सरुमारानी गाउँपालिकाले कुखुरापालकलाई व्यवस्थित र व्यावसायिक बनाउन नीति बनाउने तयारी गरेको छ। गाउँपालिका प्रवक्ता बसन्त जिसीले कुखुरापालक कृषकलाई उत्कृत गरी सहकारीमार्फत् व्यावसायीलाई अगाडि बढाउने बताउनुभयो। सरुमारानी गाउँपालिकाले कृषकको बृहत्तर हितका लागि किसानसँग गाउँ सरकार कार्यक्रममार्फत् ५० लाख विनियोजन गरेको उहाँले जानकारी दिनुभयो। यो क्षेत्रमा लेर्यस र बोइलर कुखुरापालनमा ३० करोडको हाराहारीमा लगानी भइसकेको छ। जानकारहरू भन्छन् यहाँ कम्तीमा ४० हजार कुखुरा पालन सक्ने पूर्वाधार तयार भएका छन्।

# दाना उद्योग संघमा नयाँ नेतृत्व

काठमाडौं, (नेस)

नेपाल दाना उद्योग संघको १७औं साधारणसभाले नयाँ नेतृत्व चयन गरेको छ। उक्त साधारणसभाले अध्यक्षमा रवीन पुरीलाई निर्वाचित गरेको छ भने प्रथम उपाध्यक्षमा शंकरप्रसाद कँडेल, द्वितीय उपाध्यक्षमा प्रदीपकुमार रुङ्टा, तृतीय उपाध्यक्ष ज्ञानेन्द्र पराजुल निर्विरोध निर्वाचित हुनुभएको छ। त्यसैगरी महासचिवमा केशवराज थापा, कोषाध्यक्षमा उमेशचन्द्र सापकोटा र सचिवमा दुर्गाप्रसाद भण्डारी निर्वाचित हुनुभएको छ भने सदस्यहरूमा चन्द्रकान्त बराल, राजकुमार पराजुली, ज्ञानेन्द्रप्रसाद उप्रेती, डा. दिनेश गौतम, मदन केसी, गोपाल टण्डन, देवीप्रसाद गौतम, सुरेन्द्रराज प्रधान, विनोद पोखरेल र कविन्द्र प्रसाईं निर्वाचित हुनुभएको छ।

२०४७ सालमा स्थापना भएको नेपाल दाना उद्योग संघ हाल देशभर पशुपंक्षीको दाना उत्पादनसम्बन्धी १०४ वटा कम्पनी आबद्ध रहेका छन्। उद्योगले करिब २ लाख जनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गर्दै आएको छ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ चैत ४, मार्च १७, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०३।६० | १०४।२० |
| युरो १ को रू. | १२७।६४ | १२८।३८ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।६२ | १४५।४६ |
| स्विस फ्रन्क १ को रू. | १०९।०४ | १०९।६७ |
| अस्ट्रलियन डलर १ को रू. | ८०।४३ | ८०।९० |
| क्यानाडियन डलर १ को रू. | ७९।१४ | ७९।६० |
| सिङ्गापुर डलर १ को रू. | ७८।८५ | ७९।३१ |
| जापानी यन १० को रू. | ९।८० | ९।८६ |
| चिनियाँ युआन १ को रू. | १६।३८ | १६।४७ |
| साउदी अरब रियाल १ को रू. | २७।६२ | २७।७८ |
| कतारी रियाल १ को रू. | २८।४५ | २८।६२ |
| थाई भाट १ को रू. | ३।३२ | ३।३४ |
| सं. अरब इमिरट दिराम १ को रू. | २८।२० | २८।३७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।५० | २६।६५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७० | ९।७६ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | ९।७० |
| डेनिस क्रानर १ का रू. | १२।६५ |
| हङकङ डलर १ का रू. | १७।१४ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ८१.३५ | ८०.३५ | ८२.८५ | ८१.८५ | ७८.८५ | ८१.३५ | ८१.१५ | ९०.७२ |
| बीरगंज | ७९.४५ | ७८.४५ | ८०.९४ | ७९.९५ | ७६.९५ | ७९.४४ | ७९.२५ | ८८.९२ |
| विराटनगर | ७९.९५ | ७८.९५ | ८१.४४ | ८०.४५ | ७७.४५ | ७९.९४ | ७९.७५ | ८९.५२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८७।३० | ८४।३० | ८७।३० | ८७।३० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८५।७० | ८२।७० | ८५।७० | ८५।७० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८६।३० | ८३।३० | ८६।३० | ८६।३० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८६।३० | ८३।३० | ८६।३० | ८६।३० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८७।३० | ८४।३० | ८७।३० | ८७।३० |
| पोखरा, स्याङजा | ८७।३० | ८४।३० | ८७।३० | ८७।३० |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153)

KUMARI JOB.COM
YOUR CAREER STARTS HERE !
के तपाईंले आज Login गर्नुभयो?
01-4478845 , 4480374 , 4464043
info@kumarijob.com

## शेयर हकदावी सम्बन्धी सूचना

निम्न लिखित कारणहरुबाट शेयर नामसारी र प्रतिलिपी शेयर प्रमाण पत्र पाउँ भनि यस कम्पनीमा दर्खास्त प्राप्त हुन आएकोले उल्लेखित शेयर उपर कसैको हकदावी भएमा सोको सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कम्पनीमा निवेदन दिनु हुन सूचित गरिन्छ । अन्यथा नियमानुसार कार्वाही गरिने व्यहोरा जानकारी गराइन्छ ।

**(क) मृत्युको कारण :**

| क्र.सं. | साविकको शेयरधनीको नाम | हकवालाको नाम | कित्ता |
|---|---|---|---|
| १ | स्व.श्री भरत सापकोटा | श्री सागर प्रसाद सापकोटा | ४३२ |
| २ | स्व.श्री रत्न मान प्रधान | श्री प्रचण्ड मान प्रधान | ११२४ |
| ३ | स्व.श्री विष्णु प्रसाद अधिकारी | श्रीमती गोमा देवी अधिकारी | १६२ |
| ४ | स्व. श्री प्रल्हाद मैनाली | श्रीमती उषा साहु | ११२ |
| ५ | स्व.श्री महेन्द्र लाल श्रेष्ठ | श्रीमती मथुरा श्रेष्ठ | ४३२ |
| ६ | स्व.श्री केदार सुवेदी | श्रीमती अम्बिका सुवेदी | १९३ |
| ७ | स्व.श्री केदार सुवेदी | श्रीमती अम्बिका सुवेदी | ६४५ |

**(ख) हराएको कारण :**

| क्र.सं. | शेयरधनीको नाम | कित्ता | शे.प्र.नं. |
|---|---|---|---|
| १ | श्री गौरी श्रेष्ठ | ५१८७ | ३९१६० |

**कम्पनी सचिव**

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED
फोन: ४४१४७९९, फ्याक्स: ९७७-१-४४३५६३३, वेभ: www.nationallife.com.np

## गैह्र बैंकिङ्ग सम्पत्ति बिक्रीबारे अन्तिम पटक १५ दिने शिलबन्दी बोलपत्र आव्हानको सूचना

यस सहकारीको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको सम्पत्ति २०७१/९/९ मा पहिलो पटक, २०७२/३/२७ मा दोश्रो पटक र २०७२/४/१७ मा तेश्रो पटक शिलबन्दी बोलपत्र आव्हान गर्दा पनि पर्याप्त बोलपत्र पर्न नआएकोले उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ती तथा संघ/संस्था लाई यो अन्तिम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थाको ठमेल स्थित प्रधान कार्यालयमा रु १०००।- (फिर्ता नहुन) बुझाई बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ । बोलपत्र सम्बन्धि शर्त बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिएको छ ।

**बोलपत्र फाराम बुझाउने अन्तिम मिति** :- **२०७४/१२/१८ गते**
**बोलपत्र खोल्ने मिति** :- **२०७४/१२/१९**
**बोल पत्र खोल्ने समय** :- **दिउँसो १ बजे**

**तपसिल**

ए वन सेभिङ्गस एण्ड क्रेडिट सहकारी लि.को नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता कायम रहेको निम्न अनुसारको घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| जिल्ला | गा.बि.स/न.पा | वडा नं | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| काठमाण्डौं | का.म.न.पा | १० | २७०,३५३ (घरजग्गा) | ०-३-०-० ०-१-२-० |

ए वन सेभिङ्गस एण्ड क्रेडिट सहकारी लि.
A ONE SAVINGS & CREDIT COOPERATIVE LTD.
ए वन बिजनेश कम्प्लेक्स, ठमेल, काठमाडौं
फोन : ४४११५०६, फ्याक्स :४४१४१४२

Government of Nepal
Ministry of Urban Development
**Department of Urban Development & Building Construction**

## Division Office Dhanusha

## Invitation for Bids (IFB)

Invitation for Bids for the WorksUnder DUDBC

IFB Number: **05/074-075/NCB**

1. First date of Publication: ***2074/12/04 ( March 18,2018)***
2. The Ministry of Urban Development, Department of Urban Development and Building Construction (DUDBC)***Division Office Dhanusha***invites sealed bids from eligible and qualified bidders for the construction of ***Works as stated below.***
3. Bidding will be conducted through the National Competitive Bidding (NCB) procedures.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Department **of Urban Development and Building Construction**, ***Division Office Dhanusha.***
5. A complete set of Bidding Documents in English may be purchased from the address below before **17:00 hrs(30th day from first day of notice published)2075/01/03**by interested bidders on the submission of a written application, along with the copy of***company/firm registration*** certificate, and upon payment of a non-refundable fee mention below in Description of contract for each set Payment shall be in the form of cash deposit certificate in revenue **1220203000000** of RastriyaBanijya BankJanakpur branch .If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional non-refundable fee of NRs. **3000.*00.*** However, the Employer will not be responsible for delay or non-delivery of the documents so sent.
6. Sealed Bids must be submitted to the address below on or before**12:00 hrs(31th day from first day of notice published)on 2075/01/04 .** All bids must be accompanied by a Bid Security as stated below. Late bids will be rejected. Bids will be opened in the presence of Bidders' representatives who choose to attend in person at the address below immediately after the submission deadline at **14:00 hrs on2075/01/04.**
7. Information to deposit the cost of bidding document and the security Deposit in Bank with following Details :

   Name of the Bank :RastriyaBanijayBank,Janakpur Branch, Nepal
   Name of Office : DUDBC, Division Office, Dhanusha
   RajaswaKhata No. (Revenue Account) : Ka 1-1-001 **Office Code No.** (DUDBC, Division Office) : 17-347-01
   Revennue Topic No. : 14227
   Security Deposit (DharautiKhata) No. : 1220203000000
8. The name of depositor in voucher of cash deposit for the cost of bidding documents should be the name of the bidder/bidders (in case if JV) itself. If the name of the bidder and the name of the depositor in the voucher differ the bid shall be considered as non-responsive. The bidding procedure will be single stage one envelope.
9. In case, the last date of purchase, submission or opening of Bid happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
10. Information or data submitted by the bidder which is either incomplete or unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
11. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. Pre-bid meeting will be held on 2074/12/20 at the address below.
12. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.
13. The address referred to above is as follows

   Employer: ***Division Chief***
   Full Address of Employer: ***Department of Urban Development and Building Construction Division Office Dhanusha;JanakpurDham***
   Telephone No.: ***041-520013***
   Fax No.: ***041-521177***
   Email Address: ***dudbcdhanushanepal@gmail.com***

**Description of Contract**

| Contract No. | Description of Work | Minimum Bid security NRs. | Price of Bid Document (NRs.) | Estimate Amount (Excluding VAT) NRs |
|---|---|---|---|---|
| DUDBC/Dhanusha/ Work/ NCB/12-074/075 | Conservation & Beautification Work of Yatri-Niwas | 1,20,000.00 | 3000.00 | 41,82,875.40 |

**Division Chief**

विमान किन्नको लागि निगमलाई चाहिँने करिब ३ अर्ब रुपियाँ सहुलियतमा ब्याजदरमा रकमको जोहो गरिरहेको छ।

# निगमले पुराना टुवीअटर विस्थापित गर्दै

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल वायुसेवा निगमले पुराना तीन वटा टुवीअटर विमान विस्थापित गरी नयाँ चार विमान खरिद गर्नको लागि दुई विकल्प अगाडि सारेको छ।

पहिलो विकल्प विगतमा जुन कम्पनीबाट खरिद गरेर ल्याएको विमान हो उसैलाई फिर्ता दिने र नयाँ ल्याउने अर्को भनेको पुराना टुवीअटरलाई लिलाम गरी नयाँ खरिद गर्ने छ। निगमका टुवीअटर विमान चार दशकभन्दा पुरानो भइसकेकाले नयाँ टुवीअटर खरिद गर्न प्रक्रिया अगाडि बढाएको हो।

'हामीले छलफल गरिरहेका छौं, पहिलो चरणमा भने हामीले खरिद गरेर ल्याएको क्यानडाको भ्याकिङ कम्पनीलाई नै पुराना दिएर नयाँ ल्याउने छौं।' निगमका प्रबन्ध निर्देशक सुगतरत्न कंसाकारले बताउनुभयो। उहाँले भन्नुभयो- 'यदी त्यसो भएन भने लिलाम प्रक्रियाबाट पुराना टुवीअटर विस्थापित गरी नयाँ ल्याउने योजना रहेको छ।'

टुवीअटर कम्पनीसँगको कुराकानीमा हाम्रो पुरानो विमान लिएर नयाँ ल्याउने अनौपचारिक कुराकानी भएको छ। यदी यसो भएन भने अर्को विकल्पमा नै निगमले नयाँ टुवीअटर ल्याउनेछ प्रबन्ध निर्देशक कंसकारले बताउनुभयो।

हाल निगमसँग भएको टुवीअटर पुरानो भएपछि नयाँ खरिदको प्रक्रिया थालिएको निगमले जनाएको छ। निगमसँग ४० वर्षभन्दा पुराना तीनवटा टुवीअटर रहेका छन्। निगमले केही वर्षमा नै पुराना टुवीअटर विस्थापित गरी नयाँ ४ वटा टुवीअटर किन्नको लागि प्रक्रिया थालेको छ। जसको लागिक्यानडाको भ्याकिङ कम्पनीसँग प्रक्रिया अगाडि बढाएको प्रबन्ध निर्देशक कंसाकारले जानकारी दिनुभयो।




तत्काललाई चार विमान निर्माणको अर्डर गर्न योजना रहेको छ। कम्पनीसँग निगमले प्रारम्भिक छलफल गरिसकेको छ। विमान किन्नको लागि निगमलाई चाहिँने करिब ३ अर्ब रुपियाँ सहुलियतमा ब्याजदरमा रकमको जोहो गरिरहेको छ। विमान खरिद गरेर निगमले आन्तरिक उडानमा आफ्नो उपस्थिति बलियो बनाउने योजना रहेको।

हाल निगमले आन्तरिक उडानमा कुल बजारको करिब ५ प्रतिशत मात्रै बजार समेट्न सकेको छ। नाफामुखीभन्दा सेवामुखी बन्नुपर्ने निगमको दायित्वको कारण निगमले आन्तरिक उडानबाट नाफा कमाउन नसकेको प्रबन्धक निर्देशक कंसाकारको भनाइ छ।

हाल निगमसँग चार दशक पुरानासहित तीन टुवीअटर विमान रहेका छन्। दुई विमानले उडान भरिरहेको छ भने १ विमान ग्राउन्डेड अवस्थामा रहेको छ।

निगमले १७ सिट क्षमतका ४ थान वाई-१२ ई र २ थान ५६ सिट क्षमताको एमए-६० विमान रहेको छ। चीन सरकारको अनुदान र खरिदमा प्राप्त विमान विगत केही वर्षदेखि खरिद प्रक्रिया रहेको ६ थान चिनियाँ विमान निगमले ल्याएको थियो। सन् २०१४ मा चीन सरकारले एक एमए-६० र एक वटा वाई-१२ ई जहाज अनुदानमा दिएको थियो भने बाँकी खरिद गरेको थियो। एमए -६० जहाजले तराई बेल्टमा र वाई १२ ई विमानले पहाडी क्षेत्रमा उडान भरिरहेको छ।

नेपाल एयरलाइसले हाल आन्तरिक उडान, अन्तर्राष्ट्रिय उडान र ग्राउन्ड ह्यान्डलिङको काम गरिरहेको छ। नेपालमा विदेशी एयरलाइन्सको बजार ९० प्रतिशत रहँदा निगमको बजार १० प्रतिशतमा सीमित भएको छ। अहिलेको बजारमा हामीले तीनवटा विमानमार्फत् अन्तर्राष्ट्रियतर्फका ८ गन्तव्यमा उडान भर्दै आएका छौं। तिनमा हङकङ, बैंकक, दिल्ली, दुबई, क्वालालम्पुर, दोहा, बैङलोर र मुम्बई रहेका छन्। निगमले २८ वर्षदेखि कुनै विमान खरिद गर्न नसक्दा विदेशी विमान कम्पनीले निरन्तर कमाई मात्र रहे तर निगम भनेपछि परेको कंसकारको भनाइ छ। तर, पनि अन्य कम्पनीसँग प्रतिस्पर्धा गरेर निगमले नाफा आर्जन गरिरहेका छ। निगमले तीव्र गतिमा व्यवस्थापकीय पक्ष सुधार गरी कम्प्युटर प्रणालीमा रूपान्तरण गर्दै अनलाइन बुकिङलाई प्रभावकारी बनाएका लागि परेको छ।

> पहिलो विकल्प विगतमा जुन कम्पनीबाट खरिद गरेर ल्याएको विमान हो उसैलाई फिर्ता दिने र नयाँ ल्याउने अर्को भनेको पुराना टुवीअटरलाई लिलाम गरी नयाँ खरिद गर्ने छ। निगमका टुवीअटर विमान चार दशकभन्दा पुरानो भइसकेकाले नयाँ टुवीअटर खरिद गर्न प्रक्रिया अगाडि बढाएको हो।

आगामी जुलाईसम्ममा दुई वाइड वडी विमान आयात गर्ने निगमको योजना रहेको छ। यी विमान आएसँगै ३ वटा गन्तव्यमा उडान थप निगमले गर्ने छ। निगमले सिधा उडान साउदी अरेबियाको रियाद, जापानको ओसाका, दक्षिण कोरियाको सोलमा नयाँ गन्तव्य थप गर्ने छ। यसको लागि प्रमोसनको कम्ति नै ठाउँमा भइरहेको निगमले जनाएको छ।

# सात महिनामा ८८ अर्बको इन्धन आयात

काठमाडौं, (नेस)

चालू आर्थिक वर्षको साढे सात महिनामा ८८ अर्ब ६५ करोड रुपियाँको पेट्रोलियम पदार्थ आयात भएको छ। जुन गत वर्षको सोही अवधिको तुलनामा २१ दशमलव शून्य ४ प्रतिशतले बढी हो।

चालू आर्थिक वर्षको पछिल्लो महिनामा कुल १५ लाख ४८ हजार ६ सय ९ किलोलिटर पेट्रोलियम पदार्थ आयात भएको हो। जुन परिमाण हालसम्मकै उच्च रहेको नेपाल आयल निगमले जनाएको छ। प्रत्येक वर्ष पेट्रोलियम पदार्थको आयात बढ्दै गएको नेपाल आयल निगमले जनाएको छ।

गत वर्ष २२ लाख २९ हजार ७ सय ४० किलो लिटर आयात भएको थियो भने जसमार्फत् निगमले १ खर्ब ८ अर्ब ९५ करोड रुपियाँको इन्धन आयात भएको हो। हालसम्म पेट्रोल २ लाख ९० हजार, ७ सय ६१ किलोलिटर, डिजेल ८ लाख ९४ हजार १ सय ८९ किलोलिटर, मट्टितेल १३ हजार ३ सय ४९ हवाई इन्धन १२ लाख २२ हजार ६० किलोलिटर र एलपी ग्यास २२ लाख ८० हजार ५० मेट्रिक टन आयात भइसकेको नेपाल आयल निगमले जनाएको छ।

# नबिल बैंकको प्रादेशिक कार्यालय खुल्यो

काठमाडौं, (नेस)

नबिल बैंकले पोखरास्थित न्यूरोड शाखालाई ४ नम्बर प्रादेशिक कार्यालय तथा तालचोक, बगर र अमरसिंहचोकमा नयाँ शाखा स्थापना गरेको छ।

४ नम्बर प्रदेशको प्रादेशिक कार्यालयको उद्घाटन पोखरा लेखनाथ महानगरपालिकाका मेयर मानबहादुर जिसी तथा बैंकका सञ्चालक समितिका अध्यक्ष शम्भु प्रसाद पौड्यालले संयुक्त रूपमा गर्नु भएको थियो। साथै बैंकका अध्यक्ष पौड्यालले तालचोक, बगर र अमरसिंहचोकस्थित थप नयाँ शाखाको पनि सोही दिनमा उद्घाटन गर्नु भएको थियो।

उद्घाटन गर्दै मेयर जिसीले भन्नुभयो-'नबिल बैंकको प्रादेशिक कार्यालय र थप ३ नयाँ शाखासहित पोखरामा बैंकले ५ वटा शाखाबाट सेवा प्रदान गर्ने भएकोमा हामीलाई अत्यन्त खुशी लागेको छ। बैंकले दिने सेवा सुविधाहरूबाट पोखराको विकासमा महत्वपूर्ण योगदान रहने विश्वास हामीले लिएका छौं।' त्यस्तै बैंकका अध्यक्ष पौड्यालले भन्नुभयो-'पोखरामा हामीले २०५३ सालदेखि नै निरन्तर सेवा दिँदै आएका छौं। पोखराबासीको मद्दतमा आज उद्घाटित ३ वटा शाखासहित ५ वटा शाखा पुऱ्याउन पाउनु खुशीको कुरा हो।'

उक्त अवसरमा बैंकका कार्यबाहक प्रमुख कार्यकारी अधिकृत अनिलकेशरी शाहले बैंकको थप नयाँ शाखाबाट ग्राहकले सम्पूर्ण बैंकिङ सुविधा प्राप्त गर्न सक्ने बताउनुभयो। नबिल बैंकले ६२ वटा शाखा तथा १०५ वटा एटीएम रहेको छ।

Office of District Coordination Committee
**District Technical Office**
Nawalparasi

**Amendment Notice**

Publication Date: 18th March 2018

This is notified to all concerned bidders that the Invitation For Bids of the District Technical Office, Nawalparasi published on Samachar Patra National Daily dated on 25th February 2018 for the procurement of works as mentioned in contract ID SNRTP-W-NCB-15-15-PM-074-075, the item descriptions mentioned in SL No. 13 & 14 of BoQ has been amended as follows :

**2.1 Road Construction work:**

| SL No. | Item Description | Unit | Quantity |
|---|---|---|---|
| 13 | Providing and laying random rubble masonry work in cement sand mortar of grade MM5 for retaining structures as per specification. | m3 | 39.15 |
| 14 | Providing and laying Dry stone soling work as per specification. | m3 | 3.43 |

**Chief District Engineer**

# चित्रे होमस्टेमा आन्तरिक पर्यटकका लागि 'प्याकेज'

पर्वत, (नेस)

सात वर्षदेखि होमस्टे सञ्चालन हुँदैआएको मोदी ७ चित्रेका स्थानीयले आन्तरिक पर्यटकलाई लक्षित गर्दै 'न्यानो अतिथि प्याकेज' सञ्चालनमा ल्याएका छन् । प्याकेजअन्तर्गत यहाँ आउने पर्यटकले गुरुङ समुदायका कला संस्कृति झल्किने नाचगान हेर्न-सुन्न र मौलिक परिकारको स्वाद लिन पाउने छन् ।

गुरुङ समुदायले होमस्टे सञ्चालन गरेको भए पनि अनेक जातजातिका पाहुना आउने भएकाले आफ्नो मौलिक संस्कार उनीलाई जानकारी गराउन यस्तो कार्यक्रम ल्याइएको होमस्टे सञ्चालक समिति अध्यक्ष सुशीलादेवी गुरुङले बताइन् ।'हाम्रो मौलिक संस्कृति र स्वाद नदिए प्रचार हुँदैन,' उहाँले भन्नुभयो-'एकपटक त्यो चाखेपछि पाहुनालाई यादगार हुन्छ ।' होमस्टे सञ्चालकहरूले यो प्याकेज अन्तर्गतको अभ्यास पनि गरेको उहाँले बताउनुभयो।

पञ्चासे क्षेत्र घुम्न आउने पर्यटकले चित्रेका होमस्टेमा एक रात बिताउने गरेका छन् । स्थानीयस्तरमा उत्पादित अन्नका परिकार साथै लोककला र संस्कृतिमा रमाउन पाइने भएपछि यो क्षेत्र पर्यटकको रोजाइमा पर्दै आएको छ ।



होमस्टे शुरू गरेपछि चित्रेमा बढेको आन्तरिक पर्यटकको आगमनले स्थानीय पनि खुसी छन् । फलेवासका अर्जुन शर्माले भन्नुभयो-'धेरै ठाउँका होमस्टे पुगें । चित्रेमा छुट्टै किसिमको सत्कार पाएँ ।' होमस्टेमा पर्यटक पुगेपछि स्थानीयले गुरुङ समुदायको समाजघरमा भेला भएर सामूहिक रूपमा मालाले स्वागत गर्छन् । त्यसपछि ठाडो भाका, घाटु र सालैजोलगायतका गीतले स्वागत गरिन्छ । त्यसलगत्तै साँझमा कोदो र फापरका परिकार, लोकल कुखुराको सुप र सिजन अनुसारका खानाका परिकार खुवाइन्छ ।

कास्की, स्याङ्जा र पर्वतको सिमानामा पर्ने प्रसिद्ध पर्यटकीय क्षेत्र पञ्चासेको फेदीमा रहेको चित्रेमा विदेशीको तुलनामा आन्तरिक पर्यटक नै बढी पुग्छन् ।

होमस्टे सञ्चालक विष्णुकुमारी गुरुङले भन्नुभयो-'नेपालीलाई नेपाली खानेकुरा सजिलो पनि भइरहेको छ । आउनेले मन पराएका छन् ।'

पूर्ण बालमैत्री घोषित गाउँ भएकाले यहाँ आउने पाहुनालाई सामाजिक सभ्यता र आचरणबारे समेत सिकाइ हुन्छ । स्थानीय शिक्षक मधुशोधन अधिकारी भन्नुहुन्छ-'होमस्टे मात्रैले अतिथि सत्कार नभएर यहाँका बाटाघाटाले पनि धेरै कुराको सिकाइ हुन्छ ।' यहाँको सामाजिक अध्ययन गर्न आउनेहरू पनि धेरै हुन थालेको उहाँले बताउनुभयो ।

पञ्चासे घुम्न आउने पर्यटकलाई खाना र बस्नमा हुने असुविधालाई ध्यानमा राख्दै २०६७ चैतदेखि यहाँ होमस्टे थालिएको हो । हाल चित्रेमा वार्षिक तीन हजार हाराहारीमा पर्यटक आउने गरेको चित्रे ग्रामीण पर्यटन होमस्टेको तथ्यांकमा उल्लेख छ ।

चित्रेमा हाल १० वटा घरमा यस्तो सुविधा छ । अहिले १० घरमा ६५ जना एकैपटक बस्नसक्ने व्यवस्था मिलाइएको छ । पर्यटकको मागअनुसार आगामी दिनमा अन्य घरमा समेत विस्तार गर्ने योजना रहेको अगुवा सुकबहादुर गुरुङले बताउनुभयो । पोखराबाट ४७ किलोमिटर पोखरा-बागलुङ राजमार्गको यात्रापछि पर्वतको डिमुवा पुगिन्छ । त्यहाबाट करिब आधा घण्टाकच्ची सडकको यात्रापछि चित्रे पुग्न सकिन्छ । पर्वत सदरमुकाम कुश्माबाट चित्रे ११ किमी दूरीमा पर्छ ।

# व्यापारघाटा न्यूनीकरणबारे छलफल

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघ र भारतीय उद्योग परिसंघबीच गठित संयुक्त आर्थिक परिषद्को बैठक काठमाडौंमा सम्पन्नभयो।

बैठकमा महासंघका तर्फबाट अध्यक्ष भवानी राणाले नेतृत्व गर्नुभएको थियो भने परिसंघका तर्फबाट अंकुल भट्नागरले नेतृत्व गर्नुभएको थियो। बैठकमा परिषद्मा मनोनित नयाँ सदस्यहरूको परिचय समेत गराइयो।

सो अवसरमा अघिल्लो बैठकको समीक्षाका साथै नेपाल-भारतबीचको आर्थिक तथा व्यापारिक सम्बन्ध विस्तारका विषयमा छलफल भयो। बैठकमा महासंघका तर्फबाट नेपालमा बन्दै गएको आर्थिक व्यावसायिक एवम् लगानीको वातावरण, आर्थिक विकासमा सरकार तथा राजनीतिक दलबाट प्राप्त प्रतिबद्धताका विषयमा जानकारी गराउँदै दुवै देशबाट संयुक्त लगानीमा नेपालमा उद्योगधन्दाको विकासका लागि आग्रह गरियो। साथै बैठकमा संयुक्त लगानीको प्रवर्द्धन, नेपालको भारतसँग रहेको व्यापारघाटा न्यूनीकरण, सहकार्यका सम्भाव्य थप नयाँ क्षेत्रहरू, पछिल्लो पटक आयात निर्यातमा देखापरेका समस्या लगायतका विषयमा समेत विस्तृत छलफल भयो

# बस व्यवसायी संघ प्रदेश सरकारलाई आफ्नो भवन दिन तयार

बुटवल, (नेस)

पश्चिम नेपाल बस व्यवसायी संघले प्रदेश सरकारलाई आवश्यक परे संघको सचिवालय रहेको भवन उपलब्ध गराउने निर्णय गरेको छ।

संघको शुक्रबार बसेको कार्यसमिति बैठकले सरकारलाई आवश्यक परे संघको भवन उपलब्ध गराउने निर्णय गरेको हो।

भौतिक संरचना अभावमा मन्त्रालयको काम प्रभावित भएको समाचार आइरहँदा संघको यस्तो निर्णय आएको हो।

संघको ११ कोठासहित बैठक हल समेत रहेको तीन तल्ले भवन निःशुल्क उपलब्ध गराउने निर्णय गरेको अध्यक्ष दधिराम खरेलले बताउनुभयो। प्रदेशको राजधानी बुटवल बनाउने सन्दर्भ मात्र होइन यो सरकारलाई सफल बनाउने र प्रदेशलाई समृद्धिको दिशामा लैजाने कार्यका लागी जस्तोसुकै सहयोग गर्न पनि आफुहरू तयार रहेको अध्यक्ष खरेलले बताउनुभयो।

अध्यक्ष खरेलले सरकारले अर्को स्थायी विकल्प तयार नगर्दासम्म डेढ कट्ठा क्षेत्रफलमा निर्माण भएको भवनसहितको संरचना उपलब्ध गराउने बताउँदै आफूहरूले कार्यालयको विकल्प तयार गर्न लागेको बताउनुभयो। संघीय संरचनामा देश गइसकेको अवस्थामा पर्याप्त भौतिक संरचना नहुँदा सेवाग्राही र सर्वसाधारणलाई नै त्यसको असुविधा पर्ने भएकाले सरकारलाई सघाउनु सबैको दायित्व भएको अध्यक्ष खरेलले बताउनुभयो ।

**हामा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड त्रिपुरेश्वर, काठमाडौंको**
**कर्जा चुक्ता गर्ने ३५ दिने सूचना**

तपसिलमा उल्लेखित कर्जावालाले यस संस्थाबाट लिनु भएको कर्जाको सावा, व्याज तथा हर्जाना समेतको रकम समयमा नबुझाई कर्जा लिंदा गरेको शर्त बमोजिम कर्जा चुक्ता गर्न पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नु भएकोले यो सूचना प्रकाशीत गरीएको छ। अत: यो सूचना प्रकाशीत भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र तिर्नु बुझाउनु पर्ने बांकी सर्म्पूण सांवा, व्याज र लाग्ने अन्य दै-दस्तुर समेत बुझाउन यस संस्थाको कार्यालयमा उपस्थित भई कर्जा चुक्ता गर्नुहोला र उक्त रकम तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला । अन्यथा लेखिदिएको धितो लिलाम विक्री गरी असुल उपर गरिनेछ । सो बाट पनि अपुग भएमा ऋणी, धनजमानी दिने व्यक्ति समेतको घर घरानाबाट असुल उपर गरिने व्यहोरा अवगत गरांउदै सहकारी ऐन,२०७४ को दफा ७९ तथा सहकारी नियमावली २०४९ को नियम २५ अनुसार यो सुचना प्रकाशित गरीएको छ ।

**तपशिल**

| क्र.सं. | कर्जावालाको नाम र तिनपुस्ते | ठेगाना | धितो विवरण | व्यक्तिगत धनजमानी दिनेको नाम, ठेगाना र तिनपुस्ते |
|---|---|---|---|---|
| १. | **ग्रिन कान्तिपुर पब्लिक स्कुल**<br>संचालक : राजेन्द्र प्रधान<br>बाजे : शंकर दाश प्रधान<br>बाबु : भैरव दाश प्रधान | का.जि.इचंगु नारायण गा.वि.स. वडा नं.६, इखाडोल | राजेन्द्र प्रधानको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेष्ता कायम रहेको का.जि.इचंगु नारायण गा.वि.स. वडा नं.६ स्थित कि.नं.६ को क्षे.फ. १३३ व.मी. को जग्गा र सो जग्गामा बनेको ४ तल्ले पक्की घर र लिगलगापात समेत | **दिनेश मैनाली**<br>**भ.पु.जि.बालकोट वडा नं.९**<br>बाजे : देवी दत्त मैनाली<br>बाबु: विष्णु प्रसाद पाध्या मैनाली |

**नोट :** यस हामा बहुउद्धेश्यीय सहकारी संस्था लि. बाट कर्जा लिई समयमा सांवा ब्याज किस्ता नियमित नबुझाउने अन्य ऋणीहरुले समेत संस्थामा तुरुन्त सम्पर्क राखि किस्ता बुझाउनु होला । अन्यथा क्रमश अन्य ऋणीहरुको समेत सूचना प्रकाशित गरी रकम असुल उपरको कारवाहि गरिने ब्यहोरा जानकारी गराइन्छ ।

**हामा बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड**
**त्रिपुरेश्वर, काठमाडौं**
**फोन नं.४२१९९३५, ४२२८८७५**

# नेपाल आठौं स्थानमा



काठमाडौं, (नेस)

जिम्बावेमा जारी आईसीसी विश्वकप छनोट प्रतियोगितामा नेपालले नेदरल्यान्ड्ससँग ४५ रनले हारेर आठौं स्थान ओगटेको छ। शनिबार भएको सातौं स्थानको प्लेअफमा डच टोलीले छोडेको १ सय ९० रनको लक्ष्य लिन नसकेपछि नेपाल ४५ रन अन्तरले पराजित हुनपुग्यो। नेपाली ब्याटिङ खासै जम्न नसकेपछि १ सय ४४ रनमा अलआउट भएको हो। नेपालले योसँगै जिम्बावेमा खेलिएका ६ खेलमध्ये २ मा मात्रै जित हात पारेको छ। यसका बाबजुद एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेर नेपालले जिम्बावे यात्रा खेर जान दिएन।

नेदरल्यान्ड्स समूह 'ए'मा सशक्त टोली भए पनि सुपरसिक्समा पुग्न नसकेको टोली हो। नेपालले पनि अफगानिस्तानसँग नेट रनरेटमा पछाडि परेर सुपर सिक्सको सम्भावना समाप्त गरेको थियो। नेपालले एकदिवसीय मान्यता प्राप्त गरिसकेको र नेदरल्यान्ड्सलाई पनि यो नतिजामा हार जितको मतलब नहुँदा यो खेल महत्त्वहीन बनेको थियो। नेदरल्यान्ड्सले पहिले ब्याटिङ गरेर १ सय ८९ रन बनाएको थियो। नेपाली बलरले खेलमा डच ब्याटसम्यानलाई नियन्त्रणमा राखेका थिए। तर मध्यक्रमका ब्याटसम्यान बास डे लिडले सर्वाधिक ३९ रन बनाइदिदाँ नेदरल्यान्ड्सले सम्मानजनक स्कोर बनायो।

नेपाली बलरमा सोमपाल कामी सबैभन्दा सफल बलर बने। उनले शुरूका तीन विकेट लिएर नेपाललाई राम्रो शुरुआत दिलाएका थिए। उनले पछि एक विकेट थपेर १० ओभरमा २४ रन खर्चेर ४ विकेट लिए। त्यस्तै सन्दीप लामिछाने र ललित राजवंशीले २/२ विकेट लिँदा शक्ति गौचनले अन्तिममा एक विकेट हासिल गरेका थिए। शक्तिले यसअघिका खेलमा खेल्न पाएका थिएनन्।

नेपाली ब्याटिङ दयनीय बनेको थियो। नेपालका लागि बलिङमा जमेका सोमपालले नै सर्वाधिक योगदान दिए। उनले ३६ रन बनाएर आउट भएका थिए। उनीपछि दीपेन्द्र सिंह ऐरीले २५ रन र कप्तान पारस खड्काले २२ रन बनाएका थिए। त्यस्तै सन्दीपले १४ रन र करण केसीले १३ रन जोड्दा अन्य ब्याटसम्यानका लागि दोहोरो अंक पनि भाग्य भएन। ज्ञानेन्द्र मल्ल सधैंझैं छिट्टै ४ रन बनाएर आउट भए भने अर्का ओपनर अनिल शाहले ८ रन मात्रै जोडे। त्यस्तै मध्यक्रमका आरिफ शेख ५ रनमा पवेलियन फर्कंदा रोहित पौडेल र शक्ति गौचन शून्यमै आउट भएका थिए।

# तिलोत्तमा गोल्ड कप थ्री स्टारलाई

यमलाल भुसाल, बुटवल



२०औं तिलोत्तमा गोल्ड कप फुटबल प्रतियोगिताको उपाधि थ्री स्टार फुटबल क्लबले चुमेको छ। शनिबार देवीनगरस्थित फिफा टेक्निकल सेन्टरको खेल मैदानमा विभागीय टोली पुलिससँगको फाइनल प्रतिस्पर्धा २-० गोल अन्तरले जितेर थ्री स्टारले उपाधि चुमेको हो।

प्रतियोगिताको ६६औं मिनेटमा पुलिसका कप्तान रवीन श्रेष्ठको आत्मघाती गोल र दुई पटकसम्मका राम्रा अवसरमा पुलिसका खेलाडी चुक्दा उपाधि विपक्षी थ्री स्टारको पोल्टामा गएको हो। श्रेष्ठको आत्मघाती गोलसँगै ७९औं मिनेटमा थ्री स्टारका कप्तान निराजन खड्काको प्रहारले जाली चुमाई जितका लागि फराकिलो अग्रता दिलाएका थिए। बाँकी समयमा पुलिसले कुनै पनि गोल गर्न नसकेपछि थ्री स्टारका लागि २-० को अग्रता नै उपाधि जित्न पर्याप्त भयो।

गोल्ड कपको उपाधिसँगै थ्री स्टारले ७ लाख ७७ हजार ७ सय ७७ रुपियाँ नगद पुरस्कारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्दा चार पटकको विजेता पुलिसले उपविजेता हुँदै ४ लाख ४४ हजार ४ सय ४४ रुपियाँ नगदमै चित्त बुझायो। गत वर्ष भएको १९औं संस्करणको उपाधि संकटा क्लब काठमाडौंले जितेको थियो।

प्रतियोगितामा थ्री स्टारका कप्तान निराजन उत्कृष्ट खेलाडी घोषित हुँदै होन्डा कम्पनीको स्कुटी तथा २१ हजार १ सय ११ रुपियाँ नगद पुरस्कार प्राप्त गरेका छन्। त्यस्तै प्रतियोगितामा उत्कृष्ट स्ट्राइकर पुलिसका रेजिन सुब्बा, उत्कृष्ट मिडफिल्डर नेपाल पुलिसकै भोला सिलवाल, उत्कृष्ट डिफेन्स आयोजक रूपन्देही ११ का पूर्णबहादुर श्रेष्ठ, उत्कृष्ट गोल रक्षक थ्री स्टारका गोलकिपर एलन न्यौपाने तथा उत्कृष्ट कोच थ्री स्टारका प्रशिक्षक मेघराज केसी भएका छन्। उनीहरूलाई जनही २१ हजार १ सय ११ रुपियाँ नगद पुरस्कार प्रदान गरिएको छ।

# भीएआर विश्वकपमा लागू हुने

जुरिच, (एजेन्सी)

भिडियो सहायक रेफ्री (भीएआर) प्रविधि यसै वर्ष रुसमा हुने फिफा विश्वकपमा लागू हुने फुटबलको उच्च निकाय फिफाले जानकारी दिएको छ।

भीएआर विश्वकपको इतिहासमा पहिलो पटक प्रयोग हुन लागेको हो। समयसँगै बाँच्नुपर्ने भएको भन्दै फिफाका अध्यक्ष गियानी इन्फान्टिनोले बताए- 'यो प्रविधि प्रयोगबाट रेफ्रीहरूलाई सही निर्णयहरू लिन सहयोग पुग्नेछ। विश्वकपमा सही निर्णय हुनुपर्छ।'

यो प्रविधि पहिलोपटक सन् २०१६ डिसेम्बरमा क्लब विश्वकपमा प्रयोग भएको थियो। यसपछि अर्को वर्ष आयोजित कन्फेडेरेसन्स कपमा भीएआरलाई स्थान दिइयो। भीएआर विश्वकपका लागि नौलो भए पनि यसै सिजनमा केही घरेलु इंग्लिस कपका खेलहरूमा यसको परीक्षण भइसकेको छ। त्यस्तै यो प्रविधि जर्मनी र इटालीमा पनि प्रयोग भएको छ।

अर्को सिजनबाट स्पेनिस ला लिगा र फ्रेन्च लिग वानमा पनि भीएआर प्रयोग हुने बताइएको छ। तर गएको फेब्रुअरीमा एफए कपमा टोटनहामले रोचडेलमाथि ६-१ ले जितेको खेलमा यो सिस्टमलाई ठट्टा र लाजजस्तै भएको बयान गरिएको थियो। त्यस्तै प्रिमियर लिग र युरोपेली फुटबलको सर्वोच्च निकाय यूएफाले पनि भीएआरलाई परिचित नगराउने निधो गरेका छन्।

# सनी र मञ्जु च्याम्पियन



काठमाडौं, (नेस)

नेपाल आर्मीका सनीसिंह सुनार र मञ्जु विक १५औं राष्ट्रिय पुरुष तौलसमूह तथा १४औं राष्ट्रिय महिला तौलसमूह फुल कन्ट्याक्ट कराते प्रतियोगिताको खुला तौलसमूहमा शनिबार च्याम्पियन बनेका छन्।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको पुरुष फाइनलमा सनीले प्रदेश नं. ४ का मदन क्षेत्रीलाई पराजित गरे। प्रदेश नं. ४ का गोविन्द रोका तेस्रो र दीपक महतो चौथो भए। नेपाल क्योकुसिन कराते डो संघ वज्रद्वारा आयोजित प्रतियोगिताको महिला खुलमा च्याम्पियन बनेकी मञ्जुले प्रतिद्वन्द्वी प्रदेश नं. ४ की ममता राईबाट वाक ओभर पाइन्। ममता 'मेडिकल्ली डिस्क्वालिफाई' भएपछि मञ्जुलाई स्वर्ण जित्न प्रतिस्पर्धा गर्नुपरेन। प्रदेश नं. ५ की लक्ष्मी मल्ल ठकुरी तेस्रो स्थानमा रहिन्।

आर्मीले प्रतियोगितामा सर्वाधिक ३ स्वर्ण जित्यो। बाँकी १ एक स्वर्ण पुरुष ६५ केजीमुनि मनोज थपलियाले जिते। पुरुष ५५ केजीमुनि फाइनलमा प्रदेश नं. ३ का महेश भुजेलले प्रदेश नं. ५ का सन्देश सुनारलाई पाखा लगाउँदै पहिलो भए। प्रदेश नं. ४ का अजय राई तेस्रो र प्रदेश नं. ३ का सुजन दनुवार चौथो भए। चारै स्पर्धामा शीर्ष चार स्थान हात पार्नेले क्रमशः १० हजार, ५ हजार, २ हजार ५ सय र १ हजार २ सय नगद पुरस्कार हात पारे।

एकल कातामा प्रदेश नं. ५ का सन्तोष साउद पहिलो, प्रदेश नं. ३ का महेश भुजेल दोस्रो र आर्मीका सुनील नगरकोटी तेस्रो भए। सन्तोषले ४२ दशमलव ५, महेशले ४२ तथा सुनीलले ४० दशमलव ५ अंक जोडे। शीर्ष स्थानमा रहनेले क्रमशः ५ हजार, २ हजार ५ सय र १ हजार २ सय नगद पुरस्कार पाए।

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.



HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np

## धरहरा

# बुझिनसक्नु छ 'ओलीवाद'



'हिँड्दै छ, पाइला मेट्दै छ' भन्ने नेपाली आहानको अर्थ अर्कै होला। सो उखानको अर्थ नेपाली राजनीतिमा हुबहु मेल खान्छ। त्यो पनि मुलुकको राजनीतिका मुख्य मियो बनेका कम्रेड ओलीसँग। गत मंसिरमा भएको निर्वाचनमा मुलुकका विभिन्न ठाउँ पुगेर उनले गन्या भाषण केवल झारो टार्नका लागि भएको पुष्टि भएपछि धरहराले यो उखान झलझली सम्झन थाल्या छ।

निर्वाचनको प्रचार-प्रसारका क्रममा ओलीले ताप्लेजुङबासीलाई भने- 'तपाईंले योगेशलाई जिताएर पठाउनुस्, मन्त्री बनाउने काम मेरो।' निर्वाचनमा कम्रेड योगेश राम्रो मतका साथ विजयी पनि भए, उनी ओली सरकारमा मन्त्री हुने पक्का पक्की नै भयो। सञ्चारमन्त्री बन्ने निधो भएका भनिएका योगेश अहिले रहस्यमय ढंगले 'रिङ आउट' भएका छन्।

ओलीको खोक्रो आश्वासनको शिकार हुने योगेश नै पहिलो भने होइनन्। पार्टीकै उपाध्यक्ष रहेकी कम्रेड अष्टलक्ष्मी मुख्यमन्त्रीको निर्वाचनमा आफूमाथि खुराफाती भएको खुलेआम बताउँछिन्। २०६४ र २०७० को संविधानसभा निर्वाचनताका झापाबाट विजयी बनेका दीपक कार्कीलाई पनि ओलीले 'योगेश फर्मुला' प्रयोग गरिसकेका छन्।

पहिलो संविधानसभा निर्वाचनमा ओलीले झापा-७ बाट लज्जास्पद हार बेहोर्दा कार्की झापा-६बाट विजयी भए। झापाको गौरादहमा २०७० को चुनावी प्रचारका क्रममा कार्कीलाई विजयी बनाउन ओलीले योगेश शैली दोहोऱ्याए। जनतासँग कुनै कनेक्सन नभएका कार्कीकै गाउँका सांसद खरेललाई पो मन्त्री बनाए। कार्कीले भने यसपटक उम्मेदवारको टिकट पनि पाएनन्। खरेलको चाहिँ अहिले हाईहाई छ।

# भागवतलाई आर्थिक सहयोग

काठमाडौं, (नेस)

कुङफु खेलाडी भागवत बुढाथोकीलाई नेपाल कुङफु संघले शनिबार उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराएको छ।

कुङफु संघका अध्यक्ष सीताराम हुमागाईंले सुष्मा कोइराला मेमोरियल अस्पताल, साँखुमा उपचारत भागवतलाई भेटी परिवारलाई ५० हजार नगद प्रदान गरे। दुर्घटनामा परेका भागवत हाल स्पाइनल कोर्डको उपचार गराइरहेका छन्। अध्यक्ष हुमागाईंले भागवतको आर्थिक अवस्था कमजोर भएकाले सानो सहयोग स्वरूप रकम प्रदान गरिएको बताउँदै अन्य इच्छुकलाई पनि सहयोगका लागि आग्रह गरे।




साधनाको नयाँ अकंका आकर्षणहरु

**जौको सेवन दीर्घ जीवन**

जौमा पाइने बिटा ग्लुक्यान घुलनशील फाइबरले रगतमा ग्लुकोज शोषण कम गर्दछ, जसले गर्दा रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मद्दत पुग्छ। साथै सेलेनियम तत्वले चाँडो बुढ्यौली हुनबाट बचाउँछ। त्यसैले जौ पूजाका लागि मात्र नभएर खानका लागि पनि उत्तिकै फाइदाजनक छ। पोषण विज्ञको महत्वपूर्ण लेख।

**विवाहअघि नै गर्भ बोक्दै फाल्दै**

एकपटक होइन, स्कुल/कलेज पढ्ने १४ वर्षदेखि १८ वर्षसम्म उमेरका छात्राहरूले पटक-पटक गर्भपतन गराउने औषधि किनेर सेवन गरी आफूखुशी गर्भपतन गराउने गरेको पाइन्छ। विकराल बन्दै गएको यो समस्या न्यूनीकरण गर्न अभिभावकले आफ्ना छोराछोरीको निगरानी बढाउनै पर्छ। उपयोगी रिपोर्टिङ।

**पिसाब चुहाउँदै कतिन्जेल गन्हाएर बस्ने ?**

नेपालका कतिपय महिला पिसाब चुहिरहने समस्याले ग्रस्त छन्। लुगा भिजेर गन्हाउने हुँदा उनीहरु समाजमा घृणित हुन पुग्छन्। चेतनाको कमीले कतिपयको त जीवन नै पिसाबमा डुबेर व्यतीत हुने गरेको छ। तर अब यस्तो नारकीय जीवन बिताउनुपर्दैन, उपचार गरेर स्वस्थ हुन सकिन्छ। जानकारीमूलक रिपोर्ट।

**कन्डम नै किन रोज्ने ?**

कन्डमको प्रयोगले एकातिर गर्भ नरहने र अर्कोतिर यौनरोग सर्नबाट बचाउने हुन्छ। अझ महत्वपूर्ण कुरा त बाँझोपन होला कि भन्ने त्रास हुँदैन र यो भरपर्दो पनि छ। सरकारले समेत निःशुल्करूपमा उच्च गुणस्तरका कन्डम उपलब्ध गराउँदै आएकाले कन्डम नै किन नरोज्ने त ? किशोरकिशोरी र नवजोडीले पढ्नै पर्ने रिपोर्टिङ।

**आन्द्राको अल्छीपना : पेट दुखाइ मात्र हैन, ज्यानकै खतरा**

विनापरीक्षण र चिकित्सकको सल्लाहविना नै आफुखुशी औषधि किनेर खाने गर्नुभएको छ भने होस गर्नुस्। आन्द्राको अल्छीपना भई पेट दुख्ने मात्र होइन, वायु नै रोकिई पेट फुल्न सक्छ। समयमा उपचार नभए ज्यनकै खतरा हुन्छ। जानकारीमूलक रिपोर्टिङ।

**शिक्षित र शहरियाहरु नै धामीझाँक्रीको शरणमा**

सरकारी अस्पतालमा उपचार पाउनै गाह्रो, निजी अस्पतालको खर्च बेहोर्नै नसकिने। त्यसैले विपन्न परिवारको लागि उपचारको विकल्प धामीझाँक्री हुन पुगेको छ। तर शहरिया र शिक्षित परिवार नै धामीझाँक्रीको विश्वास गरी झारफुक गर्न दौडन्छन् भने अब धामीझाँक्रीलाई विश्वास गर्ने कि नगर्ने ? उपयोगी रिपोर्टिङ।

**जीवन्त ब्लड बैंक : शरीरमै रगत भण्डारण**

अन्य ब्लड बैंकमा जस्तो जीवन्त ब्लड बैंकमा मानिसबाट रगत निकालेर लामो समय प्याकेटमा राखिरहने होइन, चाहिएको समयमा व्यक्ति नै आएर रगत दिने हुन्छ। त्यसैले यस किसिमको ब्लड बैंकबाट बढी फाइदा लिन सकन्छ। पूर्व प्रयोगशाला प्राविधिक अधिकृतको उपयोगी लेख।

- रोग र दुःख मुक्तिका लागि बुद्ध मेडिसिन
- हनिमुनको रमाइलोमा मूत्रथैलीको संक्रमण
- महात्माले दिएको भष्मले प्यारालाइसिस चट्टै
- मानसिक स्वास्थ्यमा योग
- महिना नै नपुगी सुत्केरी व्यथा
- स्किन मुलायम र ताजा राख्ने उपाय

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फयाक्टस, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरू।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फयाक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ